# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

सामान्य अर्थमा मूल्याङ्कन भनेको अवलोकन तथा अन्य माध्यमबाट प्राप्त सूचनाका आधारमा कुनै कार्यप्रति हेर्ने दृष्टिकोण हो । यसले ठोस निर्णयका लागि आधार प्रदान गर्दछ । विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीमा के कस्ता सिकाइ उपलब्धि वा उद्देश्य अनुसारको उपलब्धि प्राप्त भयो वा भएन भनि हेर्ने प्रक्रिया हो । Cone and Foster (1991) ले मूल्याङ्कनलाई प्रभावकारी सिकाइका लागि आधारभूत सर्तका रुपमा लिएका छन् । उद्धत पा.वि.के., २०६८, पे. १) अर्को शब्दमा भन्ने हो भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरुपका ज्ञान, सीप र व्यवहार विद्यार्थीहरुले हासिल गरे वा गरेनन् कति मात्रामा हासिल गरे भनेर लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । मुख्य रुपमा हाम्रा विद्यालयहरुमा दुई किसिमले विद्यार्थी मूल्याङ्कन गरिन्छ । विद्यार्थीका बारेमा निर्णय लिन गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ र पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उद्देश्य पूरा गराउन उपचारात्मक शिक्षण सिकाइ सँगै गरिने मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिन्छ । यसमा विद्यार्थीले के कति सिके भनेर मूल्याङ्कनका विभिन्न साधनहरु अपनाएर विद्यार्थीको क्रमिक रुपमा निरन्तर मूल्याङ्कन गरिन्छ । यसमा लिखित, मौखिक कार्य, कक्षा कार्य, गृहकार्य, वानी व्यवहार अवलोकन, शैक्षिक अभिलेख अध्ययन, उपस्थित, अतिरिक्त क्रियाकलाप र प्रयोगात्मक कार्य आदि शैक्षिक संस्थाबाट निरन्तर रुपमा संचालन गरिन्छ ।

नेपालको सन्दर्भमा विद्यार्थी मूल्याङ्कन वि.सं. २०१७ सालमा पञ्चायती व्यवस्थाको सुरुवात पछि गठन भएको सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदनले शिक्षा विधिजस्तै परीक्षा पनि प्राथमिक तहमा मौखिक र कार्यमय हुनुपर्छ । प्रत्येक महिना छात्रछात्राहरुको खेलकूद, चरित्र, विषयहरुको ज्ञान इत्यादीको लेखाजोखाका आधारमा माथिल्लो कक्षामा उत्तीर्ण गराउने वा नगराउने गर्नुपर्छ भनि अप्रत्यक्ष रुपमा निरन्तर मूल्याङ्कन प्रणालीका बारे उल्लेख गरेको पाइन्छ (शैक्षिक सूचना संगालो, २०६८, पृ. ४३) । नेपालको शैक्षिक इतिहासमा राष्ट्रिय शिक्षा पद्धति योजना २०२८-२०३२ ले शिक्षामा निरन्तर मूल्याङ्कन प्रणालीलाई जोड दिएको पाइन्छ भने विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणापत्र (२०५८) ले कक्षा १ देखि ५ समम निरन्तर मूल्याङ्कन प्रणाली अनुसार कक्षा बढाउने व्यवस्था गरिनेछ भनि उल्लेख गरेको छ । त्यसैगरी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो ( २०५६/०५७ देखि) का तीनओटा उद्देश्यमध्ये शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यका चारओटा क्षेत्रहरु छन् । ती चारओटा क्षेत्रमध्ये एउटा क्षेत्र निरन्तर मूल्याङ्कन भनि उल्लेख गरेको छ । तत्कालिन समयमा प्राथमिक शिक्षा कक्षा १ देखि ५ सम्म निरन्तर मूल्याङ्कन प्रणाली अनुसार कक्षा बढाउने व्यवस्था गरिनेछ भनी उल्लेख गरेको छ । नवौं योजना (२०५४-२०५९) ले प्राथमिक शिक्षामा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया लागू गर्दै लैजाने उल्लेख गरेको छ । यसै योजना अनुसार केही जिल्लामा परीक्षणका रुपमा लागू

गर्ने कार्यक्रम राखे अनुसार इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुर जिल्लामा परीक्षण कार्यक्रम सम्पन्न भएको थियो । त्यस्तै आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरणको कार्यक्रम कार्यान्वयन योजनाको मूल दस्तावेजमा पनि निरन्तर विद्यार्थी मूल्याङ्कनलाई पनि जोड दिइएको थियो । दसौं पञ्चवर्षिय योजनाले पनि आफ्नो कार्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई परीक्षण र अनुगमनका आधारमा कक्षा ५ सम्म लागू गर्ने उल्लेख गरेको थियो । तसर्थ यस मूल्याङ्कन प्रणालीले निरन्तरता पाएको छ । त्यस्तै ३ वर्षीय अन्तरिम योजनाले पनि कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन नीति लिने र क्रमशः लेटर ग्रेडिङ्ग पद्धतिको व्यवस्था गर्ने नीति लिएको छ । यस कार्यक्रमको मूलभूत उद्देश्य निम्न तीनओटा थिए : विद्यार्थी सिकाइमा गुणात्मक सुधार ल्याउने, विद्यार्थीको उपस्थितीदर बृद्धि गर्ने र बीचैमा विद्यालय छाड्ने दर कम गर्ने (शिक्षक शिक्षा, २०६७, पृ. ५) ।

यसरी नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको वास्तविक कार्यान्वयन परापूर्व कालदेखि नै हुँदै आएको देखिन्छ । पुरानो गुरुकूल शिक्षा प्रणालीमा आफ्ना चेलाहरुको सिकाइ मूल्याङ्कन गुरुबाट नै निरन्तर हुने गर्दथ्यो तथापि त्यस प्रकारको मूल्यांकनलाई निरन्तर मूल्याङ्कन भनेर नामाकरण गरिएको भने थिएन र अभिलेखिकरणका (Documentation) लागि व्यवस्थित प्रक्रियाको अभाव थियो होला । तर गुरुको निरन्तर मूल्यांकन र त्यसको आफ्नै अभिलेख भने रहने गर्दथ्यो । आधुनिक शिक्षा प्रणालीको सुरुवातसँगै मूल्याङ्कन आवधिक परीक्षामा सिमित हुन गएको देखिन्छ । अहिले पनि विद्यार्थीका कतिपय सिकाइ क्रियाकलापहरुको आधारमा शिक्षकहरुले नियमित अवलोकन गरेका आधारमा पनि मूल्यांकन गर्ने गरिन्छ । हामीकहाँ निरन्तर मूल्यांकन प्रणालीलाई महत्व दिने पहिलो नीतिगत दस्तावेज वि.सं. १९९६ को शिक्षा इतिहास हो । त्यसैगरी वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाले निरन्तर मूल्यांकन प्रणालीको बारेमा निम्न कुरा उल्लेख गरेको छ । प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक विद्यालयमा सिकाइने प्रत्यक पाठको अन्त्यमा विद्यार्थीहरुले बुझेका छन् वा छैनन् भनि मूल्यांकन गर्ने कुराहरु पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्देशन पुस्तिकाहरुमा दिइने छ । प्रत्येक ३/३ महिनामा विद्यार्थीको प्रगति मूल्यांकन गर्न परीक्षा गरिनेछ र यस निरन्तर मूल्यांकन प्रणालीको विकासलाई हेर्ने हो भने यसको प्रक्रियागत विकास विभिन्न आयोगका प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ । वि.सं. २०५४ सालमा गठन भएको उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले २०५५ सालको प्रतिवेदनमा निरन्तर मूल्यांकन प्रणाली अनुसार कक्षा चढाउने व्यवस्था गरिनेछ भनि उल्लेख गरेको पाइन्छ । यसरी वि.सं. २०५६ सालदेखि कार्यान्वयनमा आधारभूत तथा प्राथमिक शिक्षा कार्यान्वयनको दोस्रो चरणमा यसलाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने माध्यमको रुपमा लिइन्छ । यसरी निरन्तर मूल्यांकन पद्धतिलाई देशभरका विद्यालयमा लागू गर्नका लागि सुरुमा परिक्षणका रुपमा पाँचवटा जिल्ला इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुरमा कक्षा १ देखि ३ सम्म लागू गरियो । यस कार्याक्रमको मूलभूत उद्देश्य निम्न तीनओटा थिए : विद्यार्थीको सिकाइमा गुणात्मक सुधार ल्याउने, विद्यार्थीको उपस्थिती दर वृद्धि गर्ने र बीचैमा विद्यालय छाड्ने दर कम गर्ने (शिक्षक शिक्षा, २०६७, पृ. ७) ।

विद्यार्थीको मूल्याङ्कन गर्दा लिखित परीक्षालाई मात्र आधार नमानेर निरन्तर मूल्यांकनलाई आधार मानेर मूल्याङ्कन गर्नुपर्दछ जसले गर्दा विद्यार्थीको भावनात्मक र मनोक्रियात्मक पक्षको मात्र विकास नभई संज्ञानात्मक पक्षको पनि विकास हुन पुग्दछ । अतः विद्यार्थीको विश्लेषण गर्ने क्षमता, अन्तरक्रियात्मक सीप, समस्या समाधान गर्ने क्षमता, नेतृत्व गर्न सक्ने क्षमता, दैनिक उपस्थिति आदिलाई विद्यार्थीको मूल्याङ्कन गर्ने आधारहरु मान्दै निरन्तर मूल्यांकनको माध्यमबाट उदार कक्षोन्नती प्रणाली वि.सं. २०५६ सालदेखि लागू भएको हो । प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) अनुसार वि.सं. २०६२ सालमा प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा १ देखि ३ मा परिमार्जैन गरियो । यो परिमार्जित पाठ्यक्रम वि.सं. २०६३ सालदेखि क्रमशः अधिराज्यभर लागू गरियो । यस पाठ्यक्रमले विद्यार्थीको मूल्याङ्कनका लागि निरन्तर मूल्यांकन प्रणाली लागू गर्ने कुरा उल्लेख गरे अनुसार वि.सं. २०६३ सालदेखि नै नेपालभरि निरन्तर मूल्याङ्कनको प्रयोग सुरुवात गरि सबै सामुदायिक विद्यालयहरुको कक्षा ५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गरेको छ । त्यस्तै विद्यालय सुधार योजना (२०६२-२०७२) मा कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षामा निरन्तर मूल्यांकन प्रणाली लागू गरिने उल्लेख भए अनुसार शैक्षिक वर्ष २०६८ सालदेखि कक्षा ६ मा मूल्यांकनको यो पद्धति लागू गर्न अहिले पाठ्यक्रम विकास केन्द्रले आवश्यक तयारी गरिरहेको जनाएको छ (शै.ज.वि.के., २०६७, पृ. ७) ।

नेपालको सन्दर्भमा आधारभूत शिक्षामा निरन्तर मूल्यांकन प्रणालीको आवश्यकता रहेको छ । किनभने आधारभूत शिक्षामा गरेको लगानीलाई फलदायी बनाउनु परेको छ । आधारभूत शिक्षा वालमैत्री हुन नसकेको कारण पनि विभिन्न परिवेशबाट विद्यालय प्रवेश गरेका बालबालिकाको सिक्ने क्षमता, भाषाको कठिनाई आदिलाई ख्याल नगरी सिधै उत्तिर्ण र अनुत्तिर्ण गर्दा विद्यार्थीहरु निरुत्साही भएर कक्षा छाड्ने, दोहोऱ्याउने दरमा विद्यार्थी संख्या अधिक रहेको छ । यसै कुराहरुलाई मध्यनजर गरी सरकारले निरन्तर मूल्याङ्कन प्रक्रियालाई अपनाई कक्षामा हुने शिक्षण सिकाइलाई प्रभावकारी बनाइ कक्षोन्नती गरेको पाइन्छ । जसको परिणाम स्वरुप प्रत्येक विद्यार्थीहरुको सिकाइ उपलब्धिको निरन्तर रुपमा पाठ अनुसार नै मूल्यांकन गरी कमजोर पक्षलाई सहयोग शिक्षणका रुपमा वा उपचारात्मक शिक्षणको रुपमा अगाडी बढाउने र विद्यार्थीहरुमा भएको प्रतिभा प्रस्फुटन हुने अवसर सिर्जना गर्ने अपेक्षाका साथ अगाडी बढाउने गर्नुपर्दछ । जसले गर्दा विद्यार्थीको सर्वाङ्गीण पक्षको विकास भइ शैक्षिक क्षति पनि कम हुने गर्दछ (पा.वि.के., २०६७, पृ. २) ।

निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीका माध्यमबाट उदार कक्षोन्नती गरिनुका उद्देश्यहरु निरन्तर विद्यार्थी मूल्यांकन शिक्षक निर्देशिका (२०५६) निम्नानुसार उल्लेख गरेको छ ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले विद्यार्थी मूल्यांकन निरन्तर सञ्चालन गर्ने भनि उल्लेख गरेपनि कार्यान्वयन हुन सकेन । प्राथमिक शिक्षा पाठ्यक्रम २०६३ ले प्राथमिक तहमा निर्माणात्मक सुधारात्मक मूल्यांकन पद्धतिका आधारमा विद्यार्थीको सिकाइकार्यलाई सुनिश्चित गरिने र निर्माणात्मक मूल्यांकनको मुख्य उद्देश्य विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार गर्नु हो । जसका लागि

शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक-पटक सिकाइ अवसर प्रदान गर्नुपर्दछ । कक्षा १-३ का विद्यार्थीको कार्य सञ्चयिका राखिने र कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परिक्षा, विद्यार्थीमा आएको व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गरिने छ ।

विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरि कार्यसञ्जयीकामा त्यसको अभिलेख उल्लेख गर्नु पर्नेछ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरि कक्षाकार्यमै बढी जोड दिई निर्माणात्मक पद्धतिका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी उदार कक्षोन्नति नीति लागू गरिने छ तर प्रथमिक तहमा उदार कक्षोन्नति गरिने भएकोले उत्तीर्णाङ्क भने तोकिएको छैन । किनभने यस नीतिको मुख्य उद्देश्य भनेको नै शैक्षिक सत्रभरिको शिक्षण सिकाइ क्रियाकलापमा सरिक भइसकेका विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप उनीहरुको व्यवहार परिवर्तनलाई आधार मानी कक्षोन्नती गर्नु हो ।

यसरी विद्यालयमा अति कम उपस्थित भएका र न्यूनतम सिकाइ उपलब्धि हासिल नगरेका विद्यार्थीहरुका लागि पुनः सिक्ने अवसर दिने गरी सम्बन्धित शिक्षक अभिभावक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नती गर्न सकिने छ । कक्षा १-३ मा विद्यार्थीहरुले गरेका प्रगतिका आधारमा उनीहरुलाई क, ख, ग श्रेणीमा वर्गिकरण गरिने छ । विविध सिकाइ आवश्यकता भएका विद्यार्थीहरुका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्नेछ । यो पाठ्यक्रम लागू भइसकेपछि यसका तहगत उद्देश्यका आधारमा विद्यार्थीको उपलब्धि मूल्याङ्कन गरी शिक्षाको गुणस्तर लेखाजोखा हुनेछ । -प्राथमिक शिक्षा पाठ्यक्रम, २०६३)

शैक्षिक सूचना सङ्गालो (२०६६) का अनुसार निरन्तर मूल्यांकन प्रक्रियाको निम्नानुसारका फाइदा देखिन्छ ।

- सवै विद्यार्थीहरुमा गहिरो अध्ययन हुन्छ ।
- विद्यार्थीहरुमा जान्ने र नजान्ने (Superior/Inferior) भावनाको अन्त्य हुने ।
- शिक्षक र विद्यार्थीहरुका विचमा सौहार्दता हुने ।
- प्रत्येक क्रियाकलाप र पाठहरुको आधारमा मूल्याङ्कन हुने ।
- सिकाइ उपलब्धि पूरा नभएका विद्यार्थीहरुलाई पुनः सहयोगी शिक्षकको व्यवस्था हुने ।
- विद्यार्थीहरुको Dropout र Repetition कम हुने तथा शैक्षिक क्षति कम हुने ।
- विद्यार्थीहरुमा रहेको प्रस्फुटन हुने अवसर प्राप्त हुने ।
- विद्यार्थी केन्द्रित शिक्षण हुने हुँदा विद्यार्थीमा राम्रो सिकाइ हुने अथवा शिक्षण सिकाइ प्रभावकारी हुने ।

- विद्यालय र अभिभावकबीचको सम्बन्ध सुदृढ हुने ।
- Feedback लिन सजिलो हुने ।
- गरेर सिक्ने वातावरण हुने हुँदा शिक्षण सिकाइ प्रभावकारी हुने ।

यसरी निरन्तर मूल्यांकन प्रणालीलाई आत्मसात गर्दै लैजाने हो भने शैक्षिक गुणस्तर अभिवृद्धिका साथै शिक्षामा पहुँच बढाउन, विद्यार्थीको उपस्थिति दर बृद्धि गर्ने र विचैमा विद्यालय छाड्ने दर क मगर्न सकिन्छ । अतः यि सबै कुराहरुलाई हृदयंगम गरी विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था कस्तो छ, यसले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पारेको छ, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया कार्यान्वयन गर्ने क्रममा के कस्ता समस्याहरु रहेका छन् र यसको समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा सम्बन्धित क्षेत्रमा खोज तथा अनुसन्धान गरिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन निर्देशिका २०६८ ले निरन्तर विद्यार्थी मूल्यांकनको आवश्यकतालाई निम्न अनुसार उल्लेख गरेको छ ।

- विद्यार्थीको प्रभावकारी सिकाइ र कार्यव्यवहारमा सहयोग पुऱ्याउने ।
- सिकाइ स्तर कम भएका विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गर्ने ।
- विद्यार्थीको सही मूल्यांकन निरन्तर र सहजतापूर्वक गर्ने ।
- तह पुरा गर्ने दर र सिकाइ उपलब्धिस्तरमा बृद्धि गर्ने ।
- विद्यार्थीहरुलाई मूल्यांकनप्रति उत्साहित गर्ने ।
- कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कम गर्ने । (निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका, २०६८, पृ. २)

विश्वब्यापी रुपमा लागू भइसकेको निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता नेपालमा पनि दिनप्रतिदिन खड्किदै गइरहेको छ । आधारभूत शिक्षामा गरेको लगानीलाई फलदायी बनाउनु परेको छ। आधारभूत शिक्षाका सिकाइ वालमैत्री हुन नसकेकाले विशेषतः तल्ला कक्षामा कक्षा दोहोऱ्याउने र बीचैमा पढाइ छोड्ने विद्यार्थीहरुको संख्या अधिक रहने गरेको छ । परिणामस्वरुप तोकिएको समयभन्दा ढिलो र थोरै विद्यार्थीले मात्र तह पूरा गर्ने गरेका छन् । यसरी विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर उपचारात्मक शिक्षण सिकाइ प्रक्रिया मात्र यसप्रकारको क्षतिलाई नियन्त्रण गर्न सकिन्छ । यसै दृष्टिकोणबाट नेपाल सरकार, शिक्षा मन्त्रालयले हाल आधारभूत शिक्षाको कक्षा १-७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन लागू गरेको छ र आगामी शैक्षिक सत्रहरुदेखि आधारभूत तहको कक्षा सातसम्म लागू गर्दै जाने नीति लिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका (२०६७) ले निम्न उद्देश्य प्राप्तिका लागि निरन्तर मूल्यांकन प्रणाली लागू गरिएको पाइन्छ ।

- बीचैमा विद्यालय छाड्ने विद्यार्थी संख्या कम गर्ने ।
- कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या कम गर्ने ।
- विद्यार्थीलाई नियमित विद्यालय आउने वातावरण सिर्जना गर्ने ।
- विद्याथीमा परीक्षामा अनुत्तिर्ण हुने सन्त्रास घटाउने ।
- प्राथमिक शिक्षाको गुणात्मक विकासमा सहयोग पुऱ्याउने ।
- मूल्यांकनलाई विद्यार्थी केन्द्रित बनाइ प्रभावकारी शिक्षण सिकाइका लागि उपयोग गर्ने ।
- विद्यार्थीले नसिकेका कुराहरुबारे समयमै जानकारी प्राप्त गर्न र सुधारात्मक शिक्षणका माध्यमले थप मद्दत गर्ने ।
- विभिन्न साधन र माध्यमको प्रयोग गरी विद्यार्थीको सिकाइको लगातार र नियमित लेखाजोखा गर्ने परिपाटी बसाल्ने ।
- अधिकतम विद्यार्थीलाई तह पूरा गराई शैक्षिक क्षति कम गर्ने ।

यसरी निरन्तर विद्यार्थी मूल्यांकन गर्न विभिन्न माध्यम र साधनको प्रयोग गर्न सकिन्छ । पठनपाठन सँगसँगै विद्यार्थीको मूल्यांकन गर्न विद्यार्थीमूखी शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्नुपर्दछ जसले विद्यार्थीहरु आफू अभिव्यक्त गर्ने अवसर पाउछन् । खेल, प्रश्नोत्तर, छलफल, अभिनय तथा भूमिका निर्वाह, प्रदर्शन, समस्या समाधान, प्रयोगजस्ता शिक्षण विधिमा विद्यार्थीमुखी शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न सकिन्छ । यस मूल्यांकन प्रणालीमा लिखित परिक्षा, अवलोकन, अभिलेख अध्ययन, अभिभावक सम्पर्क, अतिरिक्त क्रियाकलापलाई मूल्यांकन साधनको रुपमा लिइन्छ ।

## १.२ समस्याको कथन

निरन्तर मूल्याङ्कन प्रर्णाली भनेको वर्षको दुई वा तीन पटक परिक्षा लिई विद्यार्थीहरुलाई उत्तिर्ण/अनुत्तीर्ण घोषणा गर्नुको सट्टामा प्रत्येक शैक्षिक सत्रको सुरुदेखि अन्त सम्म नै मुल्याङ्कनका विभिन्न विधिहरु प्रयोग गरि क्रमिक रुपमा विद्यार्थीहरुको मूल्याङ्कन गरिरहनुलाई नै निरन्तर मूल्याङ्कन भनिन्छ । (शै.ज.वि.के., २०६०, पृ. ८८ । ) माथिको भनाईले विद्यार्थीको निरन्तर प्रगतिको लागि निरन्तर मुल्याङ्कन अति नै आवश्यक भएता पनि यसको प्रभावकारिता खासै बढ्न सकेको छैन जसमा शिक्षाको गुणात्मक पक्ष निकै कमजोर छ किनभने सरकारी तवरवाट शिक्षा क्षेत्रमा जति नै लगानी गरेपनि सोचेअनुरुप प्रतिफल पाउन नसक्नुमा पनि विद्यालय तहमा हुने मुल्याङ्कन प्रणाली पनि हो । विद्यालय तहमा अध्यापन गर्ने शिक्षकहरुमा परम्परागत शैली, तालिम, शैक्षिक सामग्रीको अभाव, अनुगमन र निरीक्षण प्रणालीमा देखिएको फितलोपन पनि एउटा प्रमुख समस्या रहेको छ भने तालिम प्राप्त शिक्षकहरुले पनि आफुले सिकेका कुराहरुलाई पनि कडाईका साथ लागु नगर्नु पनि हो । नेपालमा निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणाली विगत तीन /चार वर्षदेखि प्राथमिक तहमा लागु गरिएतापनि यसको फलदायी परिमाण आउन

सकेको छैन । शिक्षकहरु स्वयं नै यस नीतिको वारेमा अनभिज्ञ र अन्योलता भएका कारणले गर्दा उनीहरुले यस नीतिलाई विद्यार्थीहरुलाई असफल नगराई कक्षोन्नती गर्ने नीतिको रुपमा बुझेका छन् ।

तसर्थ वर्तमान समयमा प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था जानकारी हुनु अत्यावश्यक छ । त्यसैले कुनै पनि नीति ल्याउनु मात्र ठूलो कुरा होइन त्यो नीतिलाई व्यवहारमा ग्रहण गराउनु ठूलो कुरा भएकोले नेपालमा लागू भएको निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि नीतिको वर्तमान अवस्था पत्ता लगाउनुका साथै त्यसबाट निस्केका समस्याहरु पत्ता लगाइ समस्या समाधानको उपायहरुको खोजी गर्नु आजको युगमा शिक्षण सन्दर्भमा महत्वपूर्ण छ । त्यसैले सरकारले ल्याएको नीति निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विद्यालय क्षेत्रमा प्रभावकारी रुपले कार्यान्वयन हुन नसक्नु नै एउटा प्रमुख समस्या हो  एक त विद्यालय तहमा अध्यापन गराइरहेका शिक्षकहरुमा तालिमको अभाव, देशको भौगोलिक विकटता, स्रोत साधनको कठिनाइ, परम्परागत सोच, विद्यालयतर्फ अभिभावकले राम्रोसँग ध्यान दिन नसक्ने स्थितिले गर्दा पनि प्राथमिक तहमा यस नीति सफल रुपमा कार्यान्वयन भएको देखिदैन तसर्थ यि सबै कुराहरुलाई मध्यनजर गर्दै प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीले कार्यान्वयनको अवस्था र लागू गर्दा भोग्नुपरेका समस्याहरु पत्ता लगाउने सवालमा यो अनुसन्धान खोज गरिएको छ । जसमा यस अनुसन्धान कार्यलाई सहज बनाउनका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु निर्माण गरिएको छ ।

- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया लागू गर्नको लागि विद्यालयको भौतिक व्यवस्थापन के-कस्तो छ ?
- कक्षा शिक्षणमा कुन-कुन शिक्षण विधिहरु प्रयोग गरिएका छन् ?
- कक्षा शिक्षण गर्दा के-कस्ता क्रियाकलाप सञ्चालन गरिएका छन् ?
- पाठ्यक्रमले कमजोर विद्यार्थीहरुको सिकाइ स्तर वृद्धि गर्न के कस्ता उपायहरु अपनाउन उल्लेख गरेको छ ?
- विद्यालयले कमजोर विद्यार्थीहरुको सिकाइस्तर वृद्धि गर्न के कस्ता प्रयासहरु गरेका छन् ?
- निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न के-कस्ता मूल्याङ्कन विधिहरु प्रयोग गरिएको छ ?
- निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न विद्यार्थीहरुको कार्यसञ्चयिका राखिएको छ कि छैन ?
- यो नीति लागू गर्दा के कस्ता समस्याहरु देखापरेका छन् ?
- यस्ता समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ?
- कुन कुन उपायहरु अपनाएर यसलाई अझ बढी प्रभावकारी रुपले कार्यान्वयन गर्न सकिन्छ ?

## १.३ अध्ययनको औचित्य

विद्यार्थीको सिकाइ प्रक्रिया सँगसँगै चलिरहने विद्यार्थीको मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । नेपालमा विगत पाँच दशकदेखि यता शिक्षाको योजनावद्ध विकासद्वारा शैक्षिक क्षेत्रको विस्तार र सुधार गर्ने कार्य हुँदै आएको पाइन्छ । शिक्षाको परिमाणात्मक रुपमा विकास र विस्तारका साथसाथै

त्यसको गुणात्मक विकासमा ध्यान पुऱ्याउनु पनि जरुरी छ । यसो गरिएमा मात्र लगानि अनुसार प्रतिफल प्राप्त हुन्छ र शैक्षिक क्षतिलाई न्यून गर्न सकिन्छ भन्ने अवधारणाका साथ यो नीति कार्यान्वयनमा आइरहेको छ ।

निरन्तर मूल्यांकनले विद्यार्थीहरुको शैक्षिक उपलब्धि स्तर बढाउन, विद्यार्थीको कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनका लागि ठूलो सहयोग गर्दछ । यो मूल्याङ्कन प्रणाली अपनाउने हो भने विद्यार्थी र शिक्षक विच अन्तरक्रिया बढ्छ, विद्यार्थीमा भएका कमजोर पक्षलाई शिक्षकले थाहा पाएर त्यसलाई सुधार गर्ने मौका पनि मिल्दछ । अतः विद्यार्थीको वौद्धिक पक्षको साथसाथै उनीहरुको क्रियात्मक, संवेगात्मक र शारीरिक विकासलाई पनि ध्यान दिँदै उनीहरुको मूल्याङ्कन गर्न निरन्तर मूल्याङ्कन आवश्यक छ । समग्रमा यस अध्ययनको औचित्यलाई निम्न बुँदाले अझ प्रष्ट गरेको छ ।

- निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था बारेमा जानकारी प्राप्त गर्न ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि सरोकारवालाहरुलाई थप ज्ञान दिन ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा देखापरेका समस्याहरुका बारेमा जानकारी प्राप्त गर्न ।
- विद्यार्थीहरुको सिकाइ उपलब्धि सम्बन्धी समयमै सूचनाहरु प्राप्त गरी त्यसका आधारमा विद्यार्थीहरुलाई पृष्ठपोषण दिन र सिकाइलाई प्रभावकारी बनाउनमा शिक्षकहरुलाई सहयोग गर्न ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि प्र.अ., शिक्षक र अभिभावकहरुलाई यसबारे थप ज्ञान दिन ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी खोज गर्न चाहनेलाई सहयोग गर्न ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य यसप्रकार रहेका छन् :

- प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था पहिचान गर्नु ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनमा देखापरेका समस्या र समाधानका उपायहरु पहिचान गर्नु ।

## १.५ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको उद्देश्य प्राप्तिका लागि त्यस विषयको व्यापक अध्ययन, स्रोत र साधनको परिचालनका साथै प्रशस्त समयको आवश्यकता पर्दछ । अध्ययन क्षेत्रको सिमाङ्कनले अध्ययन प्रक्रियालाई मार्ग निर्देशन गर्दछ । समय,स्रोत र साधनको सीमितताको कारणले गर्दा यो अध्ययनलाई निम्न सीमामा रहेर सञ्चालन गरिएको थियो ।

- यो अध्ययन बर्दिया जिल्ला अन्तरगत बगनाह गा.वि.स. का २ वटा सामुदायिक विद्यालयहरुमा सिमित रहेर गरिएकोछ ।

- यो अध्ययनले विद्यालयको प्राथमिक तहलाई मात्र सिमित गरिएकोछ ।
- यो अध्ययनले छनोटमा परेको विद्यार्थी, अभिभावक, प्र.अ., शिक्षक र स्रोतव्याक्तिमा मात्र सिमित गरिएकोछ ।

## १.६ शब्दावलीको परिभाषा

यस अध्ययनमा प्रयोग गरिएका मुख्य शब्दावलीलाई निम्नानुसार परिभाषित गरिएको छ :

| | | |
|---|---|---|
| मूल्याङ्कन | : | कुनै पनि विषय अन्तर्गत कुनै तहमा कक्षाको निर्धारित उद्देश्यहरु पूरा भए वा भएनन्, विद्यार्थीहरुको कुन हदसम्म त्यस्ता उद्देश्यहरु प्राप्त गर्न सके भनि गरिने लेखाजोखाको प्रक्रियालाई नै मूल्याङ्कन भनिन्छ । |
| निरन्तर मूल्याङ्कन | : | शिक्षण सिकाई क्रियाकलापसँगै र आवश्यकता अनुसार समय-समयमा गरिने मूल्याङ्कन जसले विद्यार्थीलाई पृष्ठपोषण र प्रोत्साहन दिन्छ । |
| उदार कक्षोन्नती नीति | : | बालबालिकाहरुले सामान्यतया तल्ला कक्षामा सिक्न नसकेका कुराहरु  माथिल्लो कक्षामा सिक्न सक्ने गरी कक्षा चढाउदै लैजाने नीति । |
| कार्यसंचयिका | : | विद्यार्थीका लिखित कार्य, सिर्जनात्मक कार्य र रचनात्मक कार्यको अभिलेख राख्ने फाइल । |
| सिकाई उपलब्धि | : | विद्यार्थीका अपेक्षित सिकाइ व्यवहारहरुलाई स्पष्ट एवम् मापन हुने गरी उल्लेख गरिएका कथनहरुलाई सिकाइ उपलब्धि भनिन्छ । |
| सरोकारवाला | : | निरन्तर विद्यार्थी मूल्याङ्कन नीति कार्यान्वयन गर्ने/गराउने सम्बन्धित व्यक्तिहरु (स्रोतव्यक्ति, प्र.अ., शिक्षक र अभिभावक) |
| शिक्षण कार्य | : | शिक्षकबाट शिक्षण प्रक्रिया संचालन भएको समयमा गरिने क्रियाकलाप हो । यो अधिकतम रुपमा विद्यार्थी केन्द्रित हुनुपर्छ । |
| सुधारात्मक शिक्षण | : | न्यूनस्तरका विद्यार्थीहरुलाई उपचारात्मक शिक्षण गरिन्छ । उच्चस्तरकालाई थप सिकाइको अवसर प्रदान गरिन्छ भने मध्यमस्तरकालाई सामान्य अवस्थाकै अनुसार शिक्षण गर्ने । |

## परिच्छेद दुई

## साहित्यको पुनरावलोकन

प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन गर्ने क्रममा यसलाई कसरी अझै व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा गहिरिएर अध्ययन गर्नको लागि विभिन्न समयमा गरिएका अध्ययन अनुसन्धानलाई आधार मानि अध्ययन गर्ने जमर्को गरिएको छ । यस अध्ययनमा साहित्यको पुनरावलोकन गर्ने क्रममा अध्ययनसँग सम्बन्धित उपलब्ध स्रोतहरुको अध्ययन गरिएको छ ।

### २.१ निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि अवधारणा

शिक्षण सिकाइ क्रियाकलापको क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिको लेखाजोखा गरी उनीहरुको स्तर पत्ता लगाइ सो अनुसार आवश्यक सुधारात्मक कदम चाल्नु नै निरन्तर मूल्याङ्कन हो । यो हरेक शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै आवश्यकता अनुसार गरिने हुनाले यसलाई निरन्तर मूल्याङ्कन प्रणाली भनिन्छ । यो पूर्ण रुपमा निर्माणात्मक मूल्याङ्कन प्रणालीमा आधारित छ । यस मूल्याङ्कन प्रणालीमा शिक्षकले कक्षाकार्यमा विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धि आवधिक रुपमा लिइएको लिखित परीक्षा, गृहकार्य र प्रयोगात्मक कार्य लगायत अन्य मूल्याङ्कन विधि प्रयोग गरी प्राप्त उपलब्धिको लेखाजोखा गरिन्छ । यसरी गरिएको लेखाजोखाको आधारमा कक्षोन्नती गरिन्छ । यसमा शैक्षिक उपलब्धिका अतिरिक्त बानी व्यहोरा, व्यवहार विशेष घटना वा कार्यको अभिलेख नियमितता, गृहकार्य, अतिरिक्त क्रियाकलापमा सक्रियता लगायत अन्य अनौपचारिक अधिकारलाई समेत लेखाजोखा गरी समग्र रुपमा विद्यार्थीको अभिलेख राखिन्छ । यस मूल्याङ्कन प्रणालीले विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनभन्दा पनि प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषणको रुपमा उपयोग गरिन्छ र यसबाट कमजोर विद्यार्थीलाई उपलब्धिस्तर बढाउन मद्दत पुग्दछ ।

यसै सम्बन्धमा Patel (1995) ले आफ्नो पुस्तक 'Educational evaluation' (1993) मा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यलाई आन्तरिक मूल्याङ्कनका रुपमा लिइनुपर्ने उल्लेख गर्दै उनले यसबारे अगाडि देहाय बमोजिम उल्लेख गरेका छन् ।

- निरन्तर मूल्याङ्कनलाई सम्पूर्ण शैक्षिक कार्यक्रम अन्तर्गत निर्माण गरिनुपर्दछ र यसले विद्यार्थीको उपलब्धिस्तरलाई प्रमाणित गर्नुभन्दा पनि विद्यार्थीको उपलब्धिस्तर सुधार गर्नेतर्फ विशेष प्रयोग गरिनु आवश्यक हुन्छ (पृ. २३९) ।
- निरन्तर मूल्याङ्कनलाई अन्तिम परीक्षा वा वार्षिक परीक्षाको पूरकको रुपमा प्रयोग गरिनुपर्दछ ।

- निरन्तर मूल्याङ्कनमा समावेश हुने प्रश्नहरुको स्तरीकृत प्रक्रियाबाट अङ्कन गरिनु आवश्यक हुँदैन ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीका परिवर्तित अभिवृत्तिहरुलाई समेट्ने हुनुपर्दछ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन सकेसम्म वस्तुगत हुनुपर्दछ (पृ. २३९) ।

यि सबै कुराहरुले निरन्तर मूल्याङ्कनलाई जोड दिएको पाइन्छ । साथै उनले निरन्तर मूल्याङ्कनद्वारा विद्यार्थीहरुको मूल्याङ्कन गर्दा एकाइ परीक्षाको २५% दुई माध्यम परीक्षाको २५% दक्षता परीक्षणको १०% र गृहकार्य र कक्षाकार्यको १०% ले अंकन गरिनुपर्ने कुरा उल्लेख गरेका छन् । साथै उनले अतिरिक्त पाठ्यक्रमीय क्रियाकलापहरुको मूल्याङ्कन गरिनुपर्ने कुरा उल्लेख गरेका छन् (पृ. २४०) ।

यि सबै कुराहरुले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई नै जोड दिएको पाइन्छ । त्यसैगरी निरन्तर विद्यार्थी मूल्याङ्कनले पनि यिनै सिद्धान्तहरुलाई जोड दिएको पाइन्छ । यसै शीर्षकमा रहेर अध्ययन गर्नको लागि मूल्याङ्कनका विभिन्न सिद्धान्तहरु मध्ये B.F. Skinner को पुर्नबलको सिद्धान्त अध्ययनको विषयवस्तुसँग मेल खाने हुनाले उपयुक्त देखिन्छ । पुनर्बलले कुनै पनि कार्यलाई क्रियाशील बनाउने काम गर्दछ । पुनर्बल सकारात्मक र नकारात्मक दुबै हुन सक्छ । सिकाइमा सकारात्मक पुर्नबलद्वारा नै कुनै पनि उत्तेजनाले प्राणीको क्रियात्मक व्यवहारमा परिवर्तन ल्याउछ र त्यस उत्तेजनाप्रति व्यक्तिका व्यवहारहरु क्रियाशील हुन थाल्छन् । Skinner ले प्रयोगद्वारा नै सिकारुको जीवनमा व्यवहारिक अपेक्षित परिवर्तन ल्याउन सकिने गरी व्यवहारिक उद्देश्यको निर्माण गर्न र शिक्षा आधुनिकीकरण गर्न सिकाइ सिद्धान्त अत्यन्त उपयोगी छ । Skinner ले विद्यार्थीलाई कक्षाकोठामा कुनै व्यवहार सिकाउनु परेमा उपयुक्त प्रकारको पुनर्बल प्रयोग गरेमा विद्यार्थीहरु उत्साहित हुन्छन् र त्यो कार्य सिक्न तत्पर हुन्छन् । जस्तै : कुनै कुनै काम गरे वापत प्रशंसा गर्ने, सम्मान गर्ने वा केही खानेकुरा, खेल्ने वस्तु आदि दिएर उसलाई पुनर्बलको व्यवस्था गर्न सकिन्छ । (शर्मा एण्ड शर्मा, २०६१)

माथिको सिद्धान्तलाई हेर्दा कुनै पनि कार्यको परिणामको आधारमा व्यवहारको निधो गर्न सकिन्छ । त्यसैले Skinner को पुर्नवलको सिद्धान्त अनुसार बालबालिकालाई सकारात्मक पुनर्वलको माध्यमद्वारा उनीहरुको व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भनेका छन् । त्यस्तै यो सिद्धान्तलाई यस अध्ययनसँग जोडेर हेर्दा शिक्षकले जहिले पनि राम्रो वातावरणबाट शिक्षण गर्नुपर्छ । शिक्षण क्रियाकलापलाई सफल पार्नको लागि पुनर्वलको सही रुपबाट प्रयोग गर्न सक्नुपर्छ तव मात्र सिकाई कार्य सफल हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन नीतिको वास्तविक रुपमा कार्यान्वयन गर्दा मूल्याङ्कन सिकाइका लागि र सिकाइ सँगसँगै गर्नुपर्ने हुनाले विद्यार्थीको व्यक्तिगत क्षमता पहिचान गर्न सकिन्छ । उसलाई तत्कालै पृष्ठपोषण प्रदान गर्नुपर्दछ । यसरी विद्यार्थीहरुले गरेका कार्यहरुका आधारमा उनीहरुलाई शिक्षकले धन्यवाद, प्रशंसा, हौसला, प्रेरणा तथा पुरस्कार प्रदान गरी उनीहरुलाई यस विषयवस्तुसँग सम्बन्धी विभिन्न कुराहरु सिकाउदा उनीहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ ।

## २.२ नीतिगत प्रावधानहरु

निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने क्रममा यससँग सम्बन्धित विभिन्न विषयवस्तुको अध्ययन गर्ने जमर्को गरिएको छ, जुन निम्नअनुसार प्रस्तुत गरिएको छ :

विद्यार्थी मूल्याङ्कन सम्बन्धी वर्तमानमा देखिएका प्रमुख समस्याहरुलाई 'राष्ट्रिय पाठ्यक्रम प्रारुप' २०६३ पुस्तिकाले निम्नानुसार उल्लेख गरेको छ ।

नेपालको सन्दर्भमा सिकाइ प्रक्रियामा विद्यमान मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको र शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा विकसित हुन नसकेको कुरा औंल्याइने गरेको पाइन्छ । धेरैजसो विद्यालयमा निर्माणात्मक (Formative) मूल्याङ्कन प्रणालीलाई अङ्गीकार गरेको पाइदैन । मूल्याङ्कन प्रणालीलाई परीक्षामुखी सिद्धान्तबाट अभ्यास गर्ने गरेको पाइन्छ । यसले धेरै विकृतीहरु पनि जन्माएको छ । विद्यार्थीलाई कक्षा चढाउन गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलाप जस्ता पक्षहरुलाई समावेश गरिएको छैन । नेपालको सन्दर्भमा विद्यार्थी मूल्याङ्कन पद्धतीलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रुपमा विकसित गर्न सकिएको छैन । मूल्याङ्कनलाई विद्यार्थीको बौद्धिक स्तर, रुची, गति एवम् आवश्यकतासँग आवद्ध गर्न सकिएको छैन । बालबालिकाले सिके नसिकेका आधारमा शिक्षक, विद्यालय र समग्र शिक्षा पद्धतिको मूल्याङ्कन गर्ने परिपाटी स्थापित हुन नसकेको अवस्था छ । अतः विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने त्यसको आधारमा कक्षा ५ सम्म उदार कक्षोन्नती नीति अपनाउने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण तथा कार्यान्वयन गर्ने र सिकारुलाई प्रतिस्पर्धात्मक समाजमा सहज रुपमा समायोजन गर्न सक्ने गरी व्यवस्थित गरिनुपर्ने यथार्थ छ जुन धेरै चुनौतिपूर्ण छ ।

### २.२.१ नेपालमा विद्यालय तहको शिक्षामा निरन्तर मूल्याङ्कन सम्वन्धि निम्न अनुसारको व्यवस्था गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) ले पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधारहरुमा विद्यार्थी मूल्याङ्कनलाई उच्च प्राथमिकता दिन र शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै विद्यार्थी मूल्याङ्कन पनि हुनुपर्ने उल्लेख गरेको छ । विद्यार्थी मूल्याङ्कन गर्दा दुई किसिमले निर्णयात्मक र निर्माणात्मक किसिमले गर्नुपर्ने उल्लेख गरेको छ । निर्माणात्मक अर्थात् निरन्तर मूल्याङ्कनले शैक्षिक उपलब्धिका अतिरिक्त विद्यार्थीका विशिष्ट व्यवहार, सीप, प्रवृत्ति जस्ता गुणात्मक पक्षहरुमा जोड दिने र निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा उदार कक्षोन्नतिलाई क्रमशः ७ सम्म लागु गरिनुपर्ने र उक्त नीति अनुसार निम्न अनुसारका नीति र कार्यक्रमहरुको व्यवस्था गरेको छ ।

- सबै तह तथा कक्षाहरुमा औपचारिक एवं अनौपचारिक मूल्याङ्कन विधि प्रयोग गरी आन्तरिक तथा बाह्य मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिनेछ ।

- विद्यार्थी मूल्याङ्कन गर्दा कक्षाकार्य, योजनाकार्य, सामुदायिक कार्य, एकाइ परिक्षा, उपलब्धि परिक्षा, त्रैमासिक परिक्षा, अवलोकन, रचनात्मक तथा प्रवर्द्धनात्मक कार्य जस्ता साधन प्रयोगमा ल्याइनेछ ।
- विद्यार्थीको उपलब्धिको प्रमाणिकरण गर्न वा कक्षा चढाउन निर्णयात्मक मूल्याङ्कन गरिनेछ ।
- उपचारात्मक प्रावधान राखी गुणस्तर निश्चित गरेर आधारभूत शिक्षामा (कक्षा १ देखि कक्षा ७ सम्म) उदार कक्षोन्नतिको व्यवस्था क्रमिक रुपमा लागू गरिने छ ।
- यसप्रकारको व्यवस्था भए तापनि कक्षा ५ को अन्त्यमा निश्चित शैक्षिक मापन गरी स्तर कायम गर्न स्रोत केन्द्र तहमा परीक्षा लिइने छ ।
- विद्यार्थीहरुले कक्षागत सिकाइ उपलब्धिहरु पुरा गरे नगरेको, उनीहरुको व्यवहार, प्रवृत्ति, क्षमता, सीपमा अपेक्षित परिवर्तन आए नआएको र शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तर पृष्ठपोषण प्राप्त गरे नगरेको निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिमा जोड दिइने छ ।
- विद्यार्थीको आन्तरिक मूल्याङ्कन विद्यालयमा आधारित हुनेछ ।
- विद्यालय, स्रोतकेन्द्र, जिल्लास्तर, क्षेत्रस्तर र राष्ट्रिय स्तरमा निर्णयात्मक मूल्याङ्कन संचालन गर्न सम्वद्ध विद्यालय, स्रोतकेन्द्र, जिल्ला, क्षेत्र र केन्द्रीय स्तरका निकायलाई जिम्मेवार बनाइने छ ।
- विभिन्न तहमा विभिन्न विषयमा विद्यालयीय शिक्षाको निश्चित तह र उपलब्धिको न्यूनतम स्तर निर्धारण गर्न स्तरीय परीक्षाहरु संचालन गर्ने नीति अवलम्बन गरिनेछ (निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका २०६८, पृ.१३) ।

**२.२.२ अन्तरिम योजना (२०६४-२०६७) ले निरन्तर मूल्याङ्कन सम्वन्धि निम्नानुसारको व्यवस्था गरिएको छ ।**

- चरणवद्ध रुपमा कक्षा ७ सम्म तोकिएका सिकाइ उपलब्धि सुनिश्चित गरी उदार कक्षोन्नती व्यवस्था लागू गर्ने र यसो गर्दा विद्यार्थीको उपलब्धिका आधारमा ग्रेडिङ्ग गर्ने । विद्यार्थीको तहगत न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन विद्यालयको शिक्षण सिकाइमा सुधार गर्ने परिपाटीको विकास गर्न विद्यालयलाई प्रदान गर्ने प्रावधान राख्ने ।
- त्रिवर्षिय योजनाको आधारपत्र (२०६७/२०६८-२०६९/२०७०) ले यस मर्मलाई आत्मसात गर्दै गुणस्तर परीक्षणका लागि मापदण्डको तयारी र प्रयोगमा जोड दिएको पाइन्छ (निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका २०६८, पृ.१२)।

**२.२.३ विद्यालय क्षेत्र सुधार योजना (२०६७-२०७२) को लागि तयार भएको विद्यालय सुधार योजनामा निरन्तर मूल्याङ्कन सम्वन्धि निम्नानुसारको व्यवस्था गरिएको छ ।**

- पाठ्यक्रम विकास केन्द्रले आधारभूत शिक्षामा निरन्तर मूल्याङ्कन पद्धतिको खाका तयार गर्नेछ र विद्यालयले निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न प्राविधिक र प्रशासनिक सहयोग प्राप्त गर्ने छन् ।
- विद्यालयका प्रत्येक कक्षामा निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिनेछ र विद्यार्थी मूल्याङ्कनको अभिलेख तोकिएको ढाँचामा राखिने छ ।
- प्रत्येक विषयको विद्यार्थीको उपलब्धिको लागि विषय शिक्षकलाई जवाफदेही बनाइनेछ ।
- विद्यार्थीको उपलब्धिको नियमित जानकारी अभिभावकहरुले पाइरहनेछन् । यसका लागि शिक्षकलाई जिम्मेवार बनाइनेछ ।
- प्रत्येक विषय शिक्षकले कमजोर विद्यार्थीको उपलब्धि अरु विद्यार्थी सरह बनाउनको लागि थप कक्षाहरु सञ्चालन गर्ने (निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका २०६८, पृ.१२) ।

### २.२.४ निरन्तर मूल्याङ्कनका सम्बन्धमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) ले मूल्याङ्कनका बारेमा निम्न कुरा उल्लेख गरेको छ ।

- प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा सिकाइने प्रत्येक पाठको अन्त्यमा विद्यार्थीहरुले बुझेका छन् वा छैनन् भनेर मूल्याङ्कन गर्ने कुराहरु पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्देशन पुस्तिका दिइनेछ ।
- प्रत्येक ३/३ महिनामा विद्यार्थीहरुको प्रगतिको मूल्याङ्कन गर्न परीक्षा लिइनेछ ।
- प्रत्येक विद्यार्थीका पढाइ तथा अरु कुरामा प्रगति भएका कुरा शिक्षकहरुबाट विवरण कार्ड राख्ने व्यवस्था गरिनेछ र विद्यार्थीलाई परीक्षाको नतिजा दिँदा विद्यार्थीको प्रगति विवरण दिइने व्यवस्था गरिनेछ ।

राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०४९ ले प्राथमिक तहमा बालबालिकाको मूल्याङ्कन र उदारकक्षोन्नती सम्बन्धमा कक्षा दोहोर्‍याउने र विद्यालय छोड्ने अवस्थाबाट सृजित शैक्षिक क्षतिलाई घटाउन र विद्यार्थीलाई पढाइमा थामिराख्ने १ देखि ३ कक्षासम्म विद्यार्थीहरुले स्वभाविक रुपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढ्न पाउने उदार कक्षोन्नति व्यवस्था गर्नुपर्ने र विद्यार्थीको उपलब्धिको लेखाजोखाको निम्ति वार्षिक परिक्षाका अतिरिक्त मासिक परिक्षा, लिखित तथा मौखिक परिक्षा, गृहकार्य उपस्थिति र अखिलेख समेतलाई आधार बनाइ निरन्तर मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन, २०५५ ले शिक्षाको राष्ट्रिय नीति अन्तर्गत अनिवार्य तथा निशुल्क प्राथमिक शिक्षा अन्तर्गत निम्न कुरा उल्लेख गरेको छ ।

आगामी १० वर्षभित्र देशभर अनिवार्य तथा निशुल्क प्राथमिक शिक्षा लागू गरिनेछ । त्यसका निमित्त हाल प्रयोगका रुपमा लागू गरिनेछ । त्यसका निमित्त हाल प्रयोगका रुपमा लागू भएको अनिवार्य शिक्षा कार्यक्रमलाई क्रमशःनगरपालिकार सक्षम गा.वि.स. मा विस्तार गर्दै लैजानुपर्नेछ । निशुल्क प्राथमिक शिक्षालाई सर्वसुलभ र सर्वव्यापी तुल्याउन विद्यार्थीको सर्वव्यापी पहुँच र भर्ना, पढाइ छाड्न

नदिने स्थिती र गुणस्तरमा वृद्धिको व्यवस्था गरिनेछ । सीप संज्ञानात्मक विकासका निम्ति अभ्यासमा जोड दिइ यसको तहको शिक्षालाइ वालकेन्द्रित र मवि विधि उन्मुख तुल्याइनेछ । तीन कक्षासम्म उदार कक्षोन्नतीको व्यवस्था गरिने र निरन्तर मूल्याङ्कन पद्धतिलाई सुदृढिकरण गरिनेछ । यसरी विभिन्न समयमा गठन भएका आयोजनाहरुको प्राथमिक तहको मूल्याङ्कन प्रणालीमा सुधार ल्याउन उदार कक्षोन्नतीको माध्यमबाट निरन्तर मूल्याङ्कन गरिनुपर्ने उल्लेख गरिएको छ ।

"प्राथमिक पाठ्यक्रम दिग्दर्शन", २०५०/२०५७ ले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नका उद्देश्यहरुका बारेमा देहाय बमोजिम उल्लेख गरेको छ ।

- "मूल्याङ्कनमा विभिन्न माध्यम र साधनको प्रयोग गरी विद्यार्थीको लगातार मूल्याङ्कन गर्ने,
- मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइका लागि उपयोग गर्ने,
- जेहेन्दार विद्यार्थीका लागि प्रोत्साहन र कमजोर विद्यार्थीका लागि विशेष पृष्ठपोषण दिने,
- विद्यार्थीहरुलाई नियमित विद्यालय आउन सहयोग पुऱ्याउने वातावरण तयार गर्ने,
- कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या न्यून गराउने,
- पठनपाठन र मूल्याङ्कनका कारण बीचैमा विद्यालय छाड्ने विद्यार्थी संख्या न्यून गराइ वालवालिकालाई प्राथमिक शिक्षा पूरा गराउने,
- विद्यार्थीहरुमा परीक्षाको सन्त्रास कम गर्ने,
- निरन्तर विद्यार्थी मूल्याङ्कनको माध्यमद्वारा उदार कक्षोन्नतिको नीति अपनाउने" (पृष्ठ ४०) ।

### २.२.५ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सञ्चालनका सम्बन्धमा "प्राथमिक पाठ्यक्रम दिग्दर्शन २०५०/०५७" ले निम्नानुसारको कार्यनीतिहरु उल्लेख गरेको छ ।

प्राथमिक पाठ्यक्रम दिग्दर्शन, २०५०/०५७ ले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सञ्चालनका कार्यनीतिहरु सम्बन्धमा देहाय बमोजिम उल्लेख गरेको छ ।

- विद्यार्थीको नमूना कार्य संकलन गरेर विद्यार्थीको शैक्षिक अभिलेख (कार्य सञ्चयिका पोर्ट फोलियो) सञ्चालन गर्ने,
- विद्यार्थीले कुनै कक्षामा आर्जन गर्न नसकेका सिकाई उपलब्धिहरु त्यो भन्दा माथिल्लो कक्षामा आर्ज गराउने गरी उदार कक्षोन्नतिको परिपाटीको लागू गर्ने,
- कक्षा र शिक्षक संख्या बराबर भएका विद्यालयका पहिला तीन कक्षाहरुमा कक्षा शिक्षण लागू गर्ने,
- निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्था शिशु विकास र पुनर्ताजगी शिक्षक तालिम कार्यक्रमसँग समन्वय गराएर तीनवटै कार्यक्रमको विस्तार गर्ने,

- हालमा यो मूल्याङ्कन व्यवस्था परीक्षणका रुपमा केही जिल्लामा मात्र लागू गर्ने र आगामी ५ वर्षमा अधिराज्यभर विस्तार गर्ने,
- हालमा यो मूल्याङ्कन व्यवस्था कक्षा १ बाट सुरु गरेर कक्षा ३ सम्म मात्र लागू गर्ने,
- निरन्तर विद्यार्थी मूल्याङ्कन व्यवस्था लागू भएका क्षेत्रका प्रत्येक कक्षामा एक जना शिक्षकले रेखदेख गर्न सक्ने संख्या मात्र विद्यार्थी रहने व्यवस्था गर्दै जाने,
- शैक्षिक सत्रको पहिलो चौमासिक मै सम्बन्धित कक्षामा विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई सोही अवधिभित्र माथिल्लो कक्षामा चढाउने (प्राथमिक पाठ्यक्रम दिग्दर्शन, २०५०/०५७ , प. ४१) ।

माथि प्रस्तुत गरिएका साहित्यहरुको अध्ययन गर्दा निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनद्वारा विद्यार्थीहरुको उपलब्धिस्तर सुधार हुने देखिन्छ तर यो नीति लागू भएको ३/४ वर्ष वितिसक्दा पनि सबै विद्यालयले यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन नसकेको कुराहरु माथिको लेखहरुबाट प्रष्ट हुन्छ । तसर्थ निरन्तर मूल्याङ्कनलाई राम्रो कार्यान्वयनमा ल्याउन पाठ्यवस्तुहरु ( शिक्षण सामग्रीहरु) यस प्रकारले तयार गरिनु पर्दछ । की निर्धारित पाठ्यांश पूरा गर्ने विद्यार्थीहरुको अपेक्षित सीप र दक्षता स्वतः हासिल हुन सकोस । यो नै वर्तमान निरन्तर मूल्याङ्कन प्रणालीको उद्देश्य हो ।

## २.३ सम्बन्धित अध्ययनहरुको समिक्षा

सेरिड (१९९८) ले प्राथमिक तहको मूल्याङ्कन प्रणाली शीर्षकमा गरेको खोजमा प्राथमिक तहमा कसरी मूल्याङ्कन गरिन्छ र प्राथमिक तहको मूल्याङ्कन प्रक्रियामा सुधार गर्ने उपायहरु के-के हुन सक्छन् भन्ने उद्देश्य राखि गरिएको अनुसन्धान प्रतिवेदनमा ग्रामिण र शहरी क्षेत्र, सरकारी र निजी विद्यालयका शीक्षकहरुको प्राथमिक तहको मूल्याङ्कन प्रक्रियामा फरक-फरक मत रहेको पाइयो । उदार कक्षोन्नती मूल्याङ्कन प्रणाली कस्तो हो भन्ने विषयमा शहरी क्षेत्रका शिक्षकहरु यो मूल्याङ्कन प्रणाली प्रभावकारी छ यसबाट विद्यार्थीको समय र पैसाको बचत हुन्छ भन्ने मत राखेका छन् भने ग्रामिण क्षेत्रका शिक्षकहरु यो मूल्याङ्कन प्रणाली लागू गर्न नहुने तर्क गर्दै यसबाट विद्यार्थीहरु पढाइबाट टाढिने विचार राख्दछन् । त्यसैगरी यो अध्ययनले यो निष्कर्ष निकालेको छ कि शहरी क्षेत्रका नीजि विद्यालयले मात्र विद्यार्थीलाई उनीहरुको प्रगति विवरण दिएर अभिभावकलाई देखाउन लगाउदछन् तर सरकारी विद्यालयमा विद्यार्थीलाई प्रगति विवरण त्रैमासिक रुपमा नदिएर शैक्षिक वर्षको अन्त्यमा उनीहरुको मार्कसिट मात्र प्रदान गरिन्छ । यो अध्ययनले प्राथमिक तहको कक्षा १ देखि ३ सम्म उदार कक्षोन्नति लागू गर्न सिफारिस गर्दै शिक्षकहरुलाई सम्बन्धित विषयमा तालिम दिने र नियमित अनुगमनको व्यवस्था हुनुपर्ने उल्लेख गरेको छ ।

सेरिड (१९९८) मा नेपालको प्रारम्भिक विद्यालयको मूल्याङ्कन प्रणालिका बारेमा गरिएको अध्ययनले सरकारी विद्यालयमा प्रभावकारी मूल्याङ्कनको व्यवस्था हुन नसकेको, निरन्तर विद्यार्थी मूल्याङ्कनका बारेमा जिल्ला शिक्षा कार्यालयहरु समेत स्पष्ट हुन नसकेको, विद्यार्थीको उपलब्धिका बारेमा अभिभावकलाई नियमित जानकारी गराउने बारेमा शिक्षकहरुमा स्पष्ट धारणा नभएको, कक्षा ५ को अन्तिम परीक्षा औपचारिकतामा मात्र भएको उल्लेख गरी विद्यार्थी मूल्याङ्कन योजनालाई एकरुपता कायम गर्ने र विद्यार्थीको स्तर कायम गराउन जिल्ला शिक्षा कार्यालयलाई दक्ष जनशक्ति तथा भौतिक साधनयुक्त बनाउनुपर्ने शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन उपयुक्त शैक्षिक सामग्री, प्रभावकारी कक्षाकोठाको व्यवस्थापनमा ध्यान दिई निर्माणात्मक मूल्याङ्कन पद्दति अपनाई सबै शीर्षकमा अङ्कभारको व्यवस्था मिलाउनु पर्ने, कमजोर विद्यार्थीलाई विशेष शिक्षण गर्ने र उत्कृष्ट विद्यार्थीलाई उत्साही बनाउने, प्रश्न निर्माण मूल्याङ्क, विद्यार्थी अभिलेख निर्माण, परीक्षाको नतिजाबाट शिक्षणमा सुधार गर्ने, अभिभावकलाई समय-समयमा विद्यार्थीको गतिविधिबारे जानकारी गराई उनीहरुबाट पृष्ठपोषण दिने विषयमा शिक्षकलाई तालिम दिनुपर्ने सुझाव दिएको पाइन्छ (सेरिड, १९९८) ।

भट्टराई (२०६४) को निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति शीर्षकको लेखमा उदार कक्षोन्नती नीति कार्यान्वयन गरेपछि परीक्षा नै लिनुहुँदैन भन्ने होइन विद्यार्थीलाई कक्षा चढाउने निश्चित आधारहरु तोकिनु पर्दछ । त्यसका लागि आन्तरिक रुपमा विद्यार्थीको औपचारिक र अनौपचारिक तरिकाबाट निरन्तर मूल्याङ्कन गरिनुपर्दछ । विद्यार्थीको व्यवहारको प्रत्यक्ष अवलोकन र स्वतन्त्र निर्णयका आधारमा श्रेणीकरण गरी माथिल्लो कक्षामा चढाइने नीति उदार कक्षोन्नती हो भनेर स्पष्ट पारेका छन् ( शिक्षा विभाग, २०६४, पृ. ९९) ।

भट्ट (२०६५) "प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नती व्यवस्था कार्यान्वयनको अवस्था" शीर्षकमा उदार कक्षोन्नतिको बारेमा अभिभावकहरु अनभिज्ञ रहेको शिक्षकहरु पनि यसबारेमा पूर्ण रुपमा जानकार नभएको कुरा उल्लेख गर्नुभएको छ भने निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा विद्यार्थीहरु नियमित रुपमा उपस्थित नहुने कक्षामा विद्यार्थी संख्या अधिक हुने र शिक्षकहरु तालिम अप्राप्त हुनु जस्ता कारणहरु प्रमुख समस्याको रुपमा रहेको उल्लेख गर्नुभएको थियो भने यस्ता समस्याहरु समाधान गर्न सरकारी स्तरबाट कुनै पहल नभएकोले प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको उल्लेख गर्नुभएको थियो । यसरी उदार कक्षोन्नती सफल रुपमा कार्यान्वयन गर्नका लागि अभिभावकहरुमा चेतना जगाउनुपर्ने, विद्यार्थीहरुका कमिकमजोरीहरु औल्याई सुधार गर्नको लागि पुरस्कार र दण्ड सहितको मनोवैज्ञानिक ढङ्गले उपचार गर्नुपर्ने, विद्यार्थीका सम्पूर्ण शैक्षिक क्रियाकलापहरुको समुचित तरिकाबाट रेकर्ड राख्ने र निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सम्बन्धित निकायबाट सहयोग हुनुपर्ने सुझाव दिनुभएको छ ।

वि.क. (२०६६) "प्राथमिक तहमा उदार कक्षोन्नति नीति कार्यान्वयनको अवस्था तथा शैक्षिक उपलब्धि" शीर्षकमा केन्द्रित रही गरिएको अध्ययन अनुसार विद्यार्थी चाप बढी भएको शिक्षकलाई

तालिमको अभाव, शिक्षक नै नीतिको बारेमा स्पष्ट नभएको, यस नीतिलाई प्रभावकारी रुपमा लागू हुन नसक्नुमा विद्यार्थी चाप बढी, स्रोत र साधनको अभाव, विद्यालयको भौतिक तथा व्यवस्थापकीय पक्ष कमजोर, शिक्षकहरु तालिम प्राप्त नहुनु जस्ता कारणहरु रहेको पाइयो ।


खतिवडा (२०६६) "उदार कक्षोन्नती कार्यान्वयनको अवस्था" का अनुसार प्राथमिक तहमा गरिने निरन्तर मूल्याङ्कन गर्न नसकेको साथै शिक्षकहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कनको बारेमा अस्पष्ट भएको निरन्तर मूल्याङ्कन गर्न शिक्षकहरुले झण्झटिलो मूल्याङ्कन तथा अनुगमनको व्यवस्था नभएको, सबै शिक्षकलाई तालिम प्राप्त नभएको सिकेको तालिमलाई पनि व्यवहारमा लागू नगरेको विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी नपुगेको कुरा उल्लेख छ ।

शैक्षिक सूचना संगालो (२०६७) ले प्राथमिक तहमा बालबालिकाहरुको वर्षमा एकपटक लिइने परिक्षाले विद्यार्थीहरुले कक्षा छोड्ने, दोहोर्‍याउने र अनुत्तिर्ण हुने जस्ता शैक्षिक क्षतिलाई बढावा दिइरहेको छ । यसरी विद्यार्थी एउटा कक्षामा १ वर्षभन्दा बढी समय रहिरहने व्यवस्था अन्त्यका लागि उदार कक्षोन्नति नीति लागू गरिनेछ भनि स्पष्ट पारेको छ (शै.ज.वि.के., २०६७, पृ. २) ।

यसरी विषयगत साहित्यको अध्ययन गर्दा प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन नीति लागू गर्दा प्रभावकारी देखिएता पनि यस नीति लागू भएको ४/५ वर्ष वितिसक्दा पनि प्रभावकारी रुपमा लागू हुन सकेको छैन । केही शिक्षकहरु त यस नीतिको बारेमा अस्पष्ट छन् भने जानेका र तालिम प्राप्त शिक्षकहरु पनि आफूले जानेका कुरा तालिममा सिकेका कुरा, पाठ्यक्रमले तोकेको कुराको आधार शिक्षण नगरी विद्यार्थी नियमितताको आधारमा पास भइहाल्छ भनि कक्षोन्नति गरेको पाइयो । यस विषयगत साहित्यको अध्ययन गर्दा जसको परिमाणस्वरुप विद्यार्थीहरु कमजोर हुने, फेल हुने उनीहरु निराश भइ कक्षा छाड्ने, अभिभावकहरुमा आफ्नो बालबालिकाको पढाइप्रति चासो कम हुने गरेको देखिन्छ तसर्थ यसलाई प्रभावकारी रुपले कार्यान्वयन गर्नका लागि प्र.अ., शिक्षक, अभिभावक र सम्बन्धित निकायको सवल र सक्रिय नेतृत्वको आवश्यकता पर्दछ ।

## २.४ अध्ययनको अवधारणात्मक ढाँचा

कुनै पनि अध्ययनलाई प्रभावकारी ढंगले अगाडि बढाउन त्यस अध्ययनसँग सम्बन्धित विषयवस्तुलाई समेटेर चित्रात्मक रुपमा प्रस्तुत गरेमा त्यसको खाका बन्न जान्छ र यसबाट अध्ययनको अवधारणा प्रष्ट हुन जान्छ । तसर्थ यो अध्ययन प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यन्वयनको अवस्थाको शीर्षकमा अध्ययन गर्दा निम्नानुसारको अवधारणात्मक ढाँचा निर्माण गरिएको थियो ।



# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यका लागि तयार पारिने बृहत योजना तथा रणनीतिलाई अनुसन्धान ढाँचा भनिन्छ । यो अध्ययन गुणात्मक अनुसन्धान अन्तर्गत सर्भे ढाँचामा आधारित छ । यो अध्ययन बर्दिया जिल्लाको बगनाह गा.वि.स. अन्तर्गत २ वटा सामुदायिक प्राथमिक विद्यालयमा गरिएको छ । यसमा सोधकर्ता आफै विद्यालयमा गएर अध्ययनको उद्देश्य वताई विद्यालयबाट आवश्यक पर्ने सहयोग, विद्यार्थीहरुलाई अध्ययनमा सहभागित गराउन, आवश्यक अनुमति लिन विद्यालयका प्रधानाध्यापकहरुसँग सम्पर्क कायम गरिएको छ । समय र स्रोत साधनको सिमितताले गर्दा बढिमा दुईवटा विद्यालयमा अध्ययन गरिएको छ । अध्ययनका लागि दुईवटै विद्यालयका प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरु, अभिभावक, शिक्षक, स्रोतव्यक्ति, प्र.अ. छनोट गरिने प्रस्ताव गरिएको छ ।

प्रधानाध्यापकले अध्ययनका लागि स्वीकृति प्रदान गरिसकेपछि स्रोतव्यक्ति, प्र.अ. र शिक्षकका लागि असंरचित अन्तर्वार्ता, विद्यार्थी र अभिभावकका लागि लक्षित समूह छलफल, शिक्षकको शिक्षण क्रियाकलाप हेर्नको लागि कक्षा अभिलेख अध्ययन गरिएको छ र उक्त अनुसन्धानबाट आउने सूचनाहरुलाई वैद्यता कायम गर्नको लागि शोध निर्देशकको सल्लाह, सहपाठी साथीहरुको सल्लाह सुझाव अनुसार साधनलाई अन्तिम रुप दिइएको छ ।

## ३.२ जनसंख्या तथा नमूना छनौट

यस अनुसन्धान कार्यमा अनुसन्धानकर्ताले समय, स्रोत र साधनलाई मध्यनजर गरि बर्दिया जिल्लालाई छनोट गरिएको छ । छनोटमा परेका बगनाह गा.वि.स.का विद्यालयहरुमा अनुसन्धानकर्तालाई पायक पर्ने स्थान र त्यहीको बासिन्दा भएकोले उक्त विद्यालयहरुमा गहिराइमा पुगेर अध्ययन गर्न सहज हुने तथा बृहत सूचना प्राप्त गर्न सकिने वा सजिलो हुने भएकाले उक्त जिल्लाको वगनाह गा.वि.स.लाई छनोट गरिएको छ । बगनाह गा.वि.स.मा जम्मा ११ प्राथमिक विद्यालय मध्येको एउटा उच्च मा.वि. र एउटा प्राथमिक विद्यालयलाई छनौट गरिएको छ । यस जिल्लाका विद्यालय, प्र.अ., शिक्षक र विद्यार्थीलाई जनसंख्याको रुपमा लिइएको छ । नमूना छनौट गर्दा सम्भावना रहित नमूना छनौट विधि र उद्देश्यमूलक नमूना छनौट विधि प्रयोग गरी उक्त जिल्लाका दुईओटा प्राथमिक विद्यालय र सम्बन्धित विद्यालयका प्र.अ., प्राथमिक तहमा अध्यापन गराउने शिक्षक तथा विद्यार्थीहरु छनौट गरिएको छ । छनोटमा परेका विद्यार्थी, शिक्षक, प्र.अ.लाई प्रतिनिधिमूलक जनसंख्याका रुपमा लिइएको छ ।

### ३.२.१ विद्यालय छनौट

यस अध्ययनमा छनोट गरिएको गा.वि.स. भित्र पर्ने १० प्राथमिक विद्यालय मध्ये सम्भावना रहित नमुना छनोट बिधि बाट प्राथमिक तहको दुईवटा सामुदायिक विद्यालयलाई छनौट गरिएको छ । किनभने उक्त गा.वि.स.भित्र रहेका विद्यालय सम्पूर्ण पक्षबाट समान नहुन सक्छन् । यस नमूना छनौट विधिबाट ति सम्पूर्ण विद्यालयहरु छनौटमा पर्ने वरावर सम्भावना रहन्छ । त्यसैले यस विधिबाट उपयुक्त विद्यालय छनौटमा पर्न सक्ने सम्भावना वरावर भएकाले यस विधिबाट विद्यालय छनौट गरिएको छ ।

### ३.२.२ स्रोतव्यक्ति, प्रधानाध्यापक र शिक्षकको छनौट

**(क) स्रोतव्यक्तिको छनौट**

यस अध्ययनका लागि छनौटमा परेका दुईवटा विद्यालय हेर्ने एकजना स्रोतव्यक्तिलाई उत्तरदाताको रुपमा छनौट गरिएको छ । जसलाई अनुसूची ८ मा राखिएको छ ।

**(ख) प्र.अ.को छनौट**

यस अध्ययनका लागि छनौटमा परेका दुईवटा प्राथमिक विद्यालयहरुका दुईजना प्र.अ.हरुलाई उत्तरदाताका रुपमा छनौट गरिएको छ । जसलाई अनुसूची ८ मा राखिएको छ ।

**(ग) शिक्षकको छनौट**

यस अध्ययनका लागि नमूना छनौटमा परेका दुईवटै विद्यालयको प्राथमिक तहमा शिक्षण गर्ने ४/४ जना शिक्षकशिक्षिकाहरुलाई उत्तरदाताको रुपमा छनौट गरिएको छ । किनभने प्राथमिक तहमा शिक्षकको संख्या कम हुने र सबै शिक्षकबाट अन्तरवार्ता लिन कठिन भएकोले यि छनोटमा परेका शिक्षकहरुबाट आवश्यक सूचना प्राप्त हुने हुँदा दुईवटा विद्यालयका ४/४ जना शिक्षक पर्ने गरी जम्मा ८ जना शिक्षक छनोट गरिएको छ । जसलाई अनुसूची ८ मा राखिएको छ ।

### ३.२.३ अभिभावकहरुको छनौट

यस अध्ययनका लागि दुईवटै विद्यालयका प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुका अभिभावक मध्ये छजना शिक्षित अभिभावकहरुलाई उद्देश्य उन्मुख नमूना छनौट विधिबाट छनौट गरिएको छ । किनभने अधिकांश अभिभावकहरु कृषि कार्यमा व्यस्त रहने र सबै अभिभावकलाई समय पनि धेरै लाग्ने भएकाले प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीका अभिभावक मध्ये छजना अभिभावकहरुबाट आफूलाई आवश्यक पर्ने सूचना प्राप्त गर्न सकिने भएकोले २ वटा विद्यालयका ३/३ जना अभिभावक पर्ने गरी जम्मा ६ जना अभिभावकलाई छनौट गरिएको छ ।

### ३.२.४ विद्यार्थीहरुको छनौट

विद्यार्थीको छनौट गर्दा प्राथमिक तहका सम्पूर्ण विद्यार्थीलाई अध्ययनमा समावेश गर्न साधन र स्रोतको कमीले गर्दा सम्पूर्ण विद्यार्थीको प्रतिनिधित्व गर्न सम्भावनायुक्त नमूना छनौट विधिबाट दुवै विद्यालयका ५/५ जना गरी जम्मा १० जना विद्यार्थीको छनौट गरिएको थियो । यस विधि प्रयोग गर्नुको मुख्य कारण कक्षाकोठाको सम्पूर्ण विद्यार्थीको समान किसिमको क्षमता, वौद्धिकता, सिकाइ स्तर हुँदैन तर यस विधिबाट सम्पूर्ण सिकाइ स्तर वा क्षमताका विद्यार्थीहरु छनौटमा पर्ने सम्भावना वरावर जत्तिकै रहन्छ । त्यसैले छनौट प्रक्रिया निष्पक्षता भइ अध्ययन कार्यमा विद्यार्थीहरुको उत्साहजनक सहभागिता रहेकोछ । त्यसैले यस विधिको प्रयोग गरि विद्यार्थीहरु छनौट गरिएको छ ।

### ३.३ अध्ययनका साधनहरुको निर्माण

यस अध्ययनबाट उद्देश्य पूरा गर्न परेका विद्यार्थी,शिक्षक, स्रोत व्यक्ति, प्रधानाध्यापक, अभिभावकबाट सूचना संकलनका लागि निम्न साधन प्रयोग गरिएको छ ।

### ३.३.१ प्र.अ.का लागि अन्तरवार्ता प्रश्नावली

यस अध्ययनमा छनौटमा परेका विद्यालयका प्र.अ.सँग निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखापरेका समस्या र समाधानका उपायहरुका बारेमा सूचना लिन असंरचित अन्तरवार्ता प्रयोग गरी बगनाह गा.वि.स. भित्र पर्ने विद्यालयहरु मध्ये दुई विद्यालयका दुईवटै प्र.अ.सँग अन्तरवार्ता लिइ आवश्यक सूचनाहरु संकलन गरिएको छ ।

### ३.३.२ शिक्षकका लागि अन्तरवार्ता

यस अध्ययनमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि नीति, नियम, प्रगति अभिलेख राख्ने तरिका, कार्यान्वयन प्रक्रिया, कार्यान्वयनमा देखापरेका समस्या र समाधानका बारेमा जानकारी लिनको लागि यसैसँग सम्बन्धित असंरचित प्रश्नहरु समावेश गरी असंरचित अन्तरवार्ता प्रश्नावली निर्माण गरी छनौट गरिएका विद्यालयको प्राथमिक तहमा अध्यापन गराउने चार/चारवटा शिक्षकहरुबाट अन्तरवार्ता लिई आवश्यक सूचना संकलन गरिएको छ ।

### ३.३.३ कक्षा अवलोकन

यस अध्ययनमा कक्षा कोठामा हुने निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन प्रक्रिया, शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीको भूमिका, शिक्षण विधि, विद्यार्थीले देखाउने रुची, आत्मविश्वास, सक्रियता, सरसफाई, कक्षाकोठामा गरिने कक्षाकार्य र गृहकार्य, विद्यार्थी मूल्याङ्कन प्रक्रिया र पृष्ठपोषण बारेमा बुझ्न शोधकर्ता आफै दुवै विद्यालयमा कक्षा चारमा अध्यापन गराउने कक्षा शिक्षकको कक्षा अवलोकन गरिएको छ । जसमा कक्षा अवलोकन गर्दा कक्षा चारमा पढाइ भइरहेको फरक-फरक तिन

एकाइको एक-एक पटक गरी तीन पटक कक्षा अवलोकन ५/५ दिनको फरकमा कक्षा अवलोकन फारमको निर्माण गरी प्रत्यक्ष अवलोकन विधिबाट आवश्यक सूचना संकलन गरिएको छ।

### ३.३.४ अभिभावकका लागि लक्षित समूह छलफल

यस अध्ययनमा विद्यार्थीमा आएको व्यवहारिक परिवर्तन, छरछिमेकसँगको सम्बन्ध, सरसफाई, अनुशासन, आज्ञाकारिता, सामाजिक कार्यमा सहभागिता र पाठ्यपुस्तकमा भएका अभ्यासहरु गर्ने वा नगर्ने भन्ने बारेमा पहिचान गर्नको लागि शोधकर्ता आफैले प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरुको अभिभावकलाई लक्षित समूह छलफल गरिएको छ र उक्त विद्यालयमा अध्ययन गर्ने बालबालिकाका अभिभावकलाई प्रत्येक विद्यालयमा ६-८ जनाको समूह बनाएर अध्ययनको उद्देश्य बताउँदै आवश्यक सूचना तथा जानकारी संकलन गरिएको छ।

### ३.३.५ विद्यार्थीका लागि लक्षित समूह छलफल

यस अध्ययनमा निरन्तर विद्यार्थी मूल्याङ्कन वास्तविक रुपमा कार्यन्वयन भएको छ कि छैन भनि बुझ्नको लागि, शिक्षकहरुको नियमितता, शिक्षण विधि, सृजनात्मक कार्य, अतिरिक्त क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया, दण्ड पृष्णपोषणको बारेमा पहिचान गर्नको लागि शोधकर्ता आफैले दुबै विद्यालयका कक्षा ४ मा अध्ययन गर्ने १० जना विद्यार्थीहरुलाई सम्भावना रहित नमुना छनोट बिधि बाट नमुना छनोट गरिएको छ। अनुसन्धानकर्ता र छनोट गरिएका विद्यार्थीहरुबीच आवश्यक छलफल गरी यसैका आधारमा सूचना संकलन गरिएको छ। जसलाई अनुसूची ९ मा राखिएको छ।

### ३.३.६ दस्तावेज अध्ययन

यस अध्ययनमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको वास्तविक कार्यान्वयनको अवस्था के छ र विद्यालयमा निरन्तर मूल्याङ्कन प्रक्रियाको अवस्था के छ भनि पहिचान गर्नको लागि निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यन्वयन पुस्तिका र विद्यार्थी मूल्याङ्कन कार्य सञ्चयिका, अभिलेख फारम, प्रगति विवरण, विद्यार्थीहरुको दैनिक रुपमा मूल्याङ्कन गर्ने प्रक्रिया आदिको अध्ययन गरि आवश्यक सूचना संकलन गरिएको छ।

## ३.४ सूचना संकलन प्रक्रिया

यस अध्ययनमा सूचना संकलन गर्नका लागि दुई स्रोतहरु प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोतहरु

प्राथमिक स्रोतबाट सूचना प्राप्त गर्नका लागि शोधकर्ता आफैले छनौटमा परेका विद्यालयमा गएर अध्ययनसँग सम्बन्धित शिक्षक, स्रोत व्यक्ति र प्र.अ.सँग असंरचित अन्तरवार्ता, कक्षा अवलोकन,

विद्यार्थी र अभिभावकसँग लक्षित समूह छलफलको माध्यमबाट सूचना संकलन गरिएको छ । यी माध्यमबाट सूचना संकलन गर्न अध्ययनकर्ता स्वयं विद्यालयमा गएर प्रधानाध्यापकसँग अनुमति लिई आवश्यक पर्ने सूचनाहरु प्राप्त गर्ने भएकोले यी साधनहरुलाई प्राथमिक स्रोतको रुपमा लिइएको छ । यसप्रकार यी साधनहरुलाई प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ ।

### ३.४.२ सहायक स्रोतहरु

द्वितीय स्रोतबाट सूचना प्राप्त गर्नको लागि शोधकर्ता आफैले छनौटमा परेका विद्यालयमा गई विद्यालयमा रहेका अभिलेखहरु कार्यसञ्चयिका फारम, हाजिरी, सन्दर्भग्रन्थमा रहेका विभिन्न पुस्तकहरुलाई सहायक स्रोतको रुपमा लिई आवश्यक रुपमा सूचना संकलन गरिएको छ ।

### ३.५ साधनको वैद्यता

यस अध्ययनका सूचना संकलनको लागि साधनहरुको निर्माण गर्न र प्रयोगमा ल्याउनु अगाडी सहपाठी साथीहरुका छलफल गरी आवश्यक सुधार गरिएको थियो र तयार गरिएको साधनलाई शोध निर्देशकज्यूको सल्लाह अनुसार आवश्यक सुधार गरी परिमार्जन गरी अन्तिम रुप दिइएको थियो ।

### ३.६ नीतिगत पक्ष

कुनै पनि अध्ययन अनुसन्धान गर्दा नैतिकताको सवाल बुलन्द रुपले उठ्ने गर्दछ । शोधकर्ता नैतिक रुपले सवल र सजक हुनु जरुरी छ । सामुदायिक प्राथमिक विद्यालयको निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन अवस्थाको बारेमा अध्ययन गर्नका लागि छनौटमा परेका विद्यालयका सरोकारवाला व्यक्तिहरुबीच लक्षित विद्यार्थी समूह छलफल, अवलोकन फारम, अन्तर्वार्ताबाट प्राप्त वास्तविक सूचनाहरुलाई सम्प्रेषण गर्ने व्यक्तिहरुको नाम, थर, ठेगाना अन्य व्यक्तिहरुमा आँच आउने कुराहरुलाई मध्यनजर गर्दै नैतिक मापदण्डको आधारमा खुलस्त हुने सूचनालाई गोपनीयता कायम गरिएको छ ।

### ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

विद्यालय अध्ययनबाट प्राप्त निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यन्वयनको अवस्था, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रक्रिया, कार्यान्वयनमा देखापरेका समस्या र समाधानका उपायहरु पत्ता लगाउन विद्यार्थी, अभिभावक, शिक्षक/शिक्षिका, प्र.अ.सँग विभिन्न अध्ययनका साधनहरुबाट लिएका गुणात्मक र परिमाणात्मक सूचनालाई वर्णनात्मक रुपमा व्याख्या र विश्लेषण गरी सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# सूचनाको विश्लेषण र व्याख्या

अनुसन्धान प्रक्रियामा छरिएर रहेका सूचनाहरुलाई संगठित गर्ने निश्चित क्रममा मिलाउने, सम्पादन गर्ने र व्यवस्थित गर्ने कार्यलाई नै सूचनाको विश्लेषण र व्याख्या भनिन्छ । प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था शीर्षक अध्ययन बर्दिया जिल्ला अन्तर्गत बगनाह गा.वि.स.का दुईवटा सामुदायिक विद्यालयहरु श्री सरस्वती प्राथमिक विद्यालय बनविर र चूरे उ.मा.वि. बगनाहलाई सम्भावना रहित नमुना छनोट विधि अन्तर्गतको सुविधाजनक विधिबाट नमूना छनौट गरिएको थियो । अध्ययनको क्रममा दुबै विद्यालयलाई हेर्ने एकजना स्रोत व्यक्तिसँग अन्तरवार्ता प्रश्नावली, दुईजना प्र.अ.लाई अन्तरवार्ता प्रश्नावली, ८ जना शिक्षकहरुसँग प्रश्नावली, अभिभावकलाई लक्षित समूह छलफल, विद्यार्थीसँग लक्षित समूह छलफल, कक्षा अवलोकन, दस्तावेज अध्ययन जस्ता साधनहरु निर्माण गरी सूचना संकलन गरिएको थियो । अध्ययनबाट प्राप्त भएका सूचनालाई उद्देश्यका आधारमा रही विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था

यस अध्ययनका लागि छनौटमा परेका विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था, शिक्षण सिकाई क्रियाकलाप, कमजोर विद्यार्थीहरुको सिकाई स्तर बृद्धि गर्न विद्यालयले अपनाएका सुधारका उपायहरु, मूल्याङ्कन कार्यान्वियन गराउन विद्यालयले अपनाएको प्रक्रिया सम्बन्धमा प्र.अ.सँग अन्तरवार्ता, शिक्षकहरुसँग प्रश्नावली, अभिभावकसँग अन्तरवार्ता र दस्तावेज अध्ययन गरिएको थियो । यी साधनहरुबाट प्राप्त सूचनालाई निम्न शीर्षकमा राखेर विश्लेषण गरिएको छ ।

### ४.१.१ निरन्तर विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा सरोकारवालाहरुको धारणा

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका २०६५ का अनुसार सिकाई प्रक्रिया सँगसँगै चलिरहने विद्यार्थीको मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ भनि प्रष्ट गरेको छ । त्यसको अवधारणाका सन्दर्भमा अध्ययन क्षेत्रमा छनौटमा परेका सरोकारवालाहरुको निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धिको प्रतिक्रियाहरुलाई प्राथमिकताको क्रममा राखि विश्लेषण गरिएको छ ।

## तालिका ४.१

## निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धमा सरोकारवालाहरुको अवधारणा

| प्र.अ. | शिक्षक | स्रोतव्यक्ति | अभिभावक |
|---|---|---|---|
| निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको कक्षाकोठादेखि वार्षिक परीक्षासम्म हर क्षण गरिने मूल्याङ्कन नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । यसमा विद्यार्थीहरुको सिकाई स्तर पत्ता लगाई कम सिकेका ( कमजोर) विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गर्ने र विद्यार्थीहरुलाई दैनिक पठनपाठन सँगसँगै निरन्तर रुपमा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नु हो । | निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको दैनिक पठनपाठन सँगसँगै गरिने मूल्याङ्कन हो । जसमा विद्यार्थीहरुको कक्षाकार्य, गृहकार्य, उपस्थिति, व्यवहार परिवर्तन, सृजनात्मक कार्य, सरसफाई, अनुशासन जस्ता कुराहरुको आधारमा नियमित मूल्याङ्कन गरि विद्यार्थीहरुलाई कक्षा चढाउने गरिन्छ । | हरेक शिक्षण सिकाई क्रियाकलापसँगै र आवश्यकता अनुसार समय समयमा गरिने मूल्याङ्कन निरन्तर विद्यार्थी मूल्याङ्कन हो । यस मूल्याङ्कन प्रक्रियामा कुनै पनि समयमा मूल्याङ्कनका विभिन्न माध्यम लिखित, मौखिक, प्रश्नोत्तर, अवलोकन विगतमा गरेका कामबाट विद्यार्थी मूल्याङ्कन गर्ने गरिन्छ । | निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीको सधै मूल्याङ्कन गरिने नीति हो । यसमा विद्यार्थी फेल हुँदैनन् उनीहरुलाई नाच्न, गाउन, कथा भन्न लगाइन्छ र वार्षिक परीक्षाको अन्त्यमा कक्षा चढाइन्छ । |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिकालाई हेर्दा दुबै विद्यालयका प्र.अ.ले वार्षिक वा लिखित परीक्षाको अतिरिक्त दैनिक रुपमा कक्षाकोठा देखि वार्षिक परीक्षासम्म हर क्षण गरिने मूल्याङ्कनलाई नै निरन्तर मूल्याङ्कनको रुपमा लिइएको पाइयो । यसमा विद्यार्थीहरुको सिकाईस्तर पत्ता लगाएर कम सिकेका विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गर्ने र नियमित रुपमा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गरी माथिल्लो कक्षामा चढाउन सकिने नीतिको रुपमा यसलाई बुझेको पाइयो ।

प्राथमिक तहमा अध्यापन गराउने अधिकांश शिक्षकहरुले विद्यार्थीको पढाई सँगसँगै उनीहरुको गृहकार्य, हाजिरी, कक्षाकार्य, परियोजनाकार्य, व्यवहार परिवर्तन, सृजनात्मक कार्य, सरसफाई आदिको आधारमा निरन्तर मूल्याङ्कन गरी कक्षा चढाउने प्रक्रियाको रुपमा लिइएको पाइयो । जसमा ६० प्रतिशत शिक्षकहरुले यो नीतिलाई प्रभावकारी र उपयुक्त मानेको पाइयो भने ४० प्रतिशत शिक्षकहरुले नियमित रुपमा विद्यार्थी मूल्याङ्कन विवरण कार्यसंचयिकामा राख्नुपर्ने भएकोले झण्झटिलो, समय बढी लाग्ने र उपयुक्त नभएको धारणा व्यक्त गरेको पाइयो । दुवै विद्यालय हेर्ने एकजना स्रोतव्यक्तिले हरेक शिक्षण सिकाई क्रियाकलाप सँगसँगै आवश्यकता अनुसार समयसमयमा गरिने मूल्याङ्कन निरन्तर मूल्याङ्कन हो भनेको पाइयो । जसमा मूल्याङ्कनका विभिन्न माध्यमहरु लिखित, मौखिक, प्रश्नोत्तर, अवलोकन आदिका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने गरिन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । स्रोत व्यक्तिको विचारमा यो नीतिले विद्यार्थीलाई विद्यालय आउन प्रोत्साहन गरेको छ । जसमा खेलेर सिक्न पाउने हुँदा उनीहरुको

शारीरिक विकास पनि राम्रो हुन्छ भन्ने अवधारणा पाइयो । त्यसैगरी विद्यार्थीका अभिभावकहरुमा भने निरन्तर मूल्याङ्कन सम्बन्धमा त्यति प्रष्ट जानकारी नरहेको पाइयो । उनीहरुको विचारमा निरन्तर मूल्याङ्कन भनेको सधैं मूल्याङ्कन गरिने नीति हो । जहाँ विद्यार्थीहरुलाई खेल्न लगाएर, कथा भन्न लगाएर, नाच्न लगाएर वार्षिक परीक्षाको अन्त्यमा कक्षा चढाइन्छ । खेल्न पाइने हुँदा नानीहरु विद्यालय जान मन त गर्छन् तर असफल हुने डर नभएको कारण पढ्न मन नगरेको गुनासो पाइयो ।

यस अनुसन्धानमा प्रयोग गरिएको प्रगतिवादको सिद्धन्तले पनि प्रजातान्त्रिक वातावरणमा सिकाइ गर्दा उनीहरुको समग्र पक्षको विकास हुने कुरा उल्लेख गरेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई पनि नीतिगत रुपमा हेर्दा विद्यार्थीको पढाइसँगै उसको उपस्थिति, गृहकार्य, अतिरिक्त क्रियाकलापमा सहभागिता, सृजनात्मक क्रियाकलाप, व्यवहारिक परिवर्तनलाई नियमित रुपमा अवलोकन गरी कमजोर पक्षमा तत्कालै सुझाव दिएर सुधार गर्ने मूल्याङ्कन प्रणाली हो । जहाँ विद्यार्थीहरुको निरन्तर रुपमा गरिने मूल्याङ्कनबाट विद्यार्थीहरुको सिकाइ उपलब्धि पत्ता लगाइ सिक्न नसकेका विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गराउने गरिन्छ र निरन्तर मूल्याङ्कनको नीतिगत पक्ष र प्रगतिवादको सिद्धान्त धेरै हदसम्म मिल्दो देखिन्छ । त्यसैगरी शिक्षक प्र.अ. र स्रोतव्यक्तिको बुझाई र निरन्तर मूल्याङ्कनको नीतिगत अवधारणा पनि मिल्दो देखिएको छ ।

यसरी माथी उल्लेख भएअनुसार के भन्न सकिन्छ भने प्र.अ. र स्रोतव्यक्तिमा निरन्तर मूल्याङ्कनको नीतिगत अवधारणा प्रष्ट छ । शिक्षकहरु सबैमा यसको प्रष्ट अवधारणा पाइएन । अभिभावकहरुमा भने सधैं मूल्याङ्कन गरेर विद्यार्थी फेल नबनाउने नीति भनेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने यस नीति सम्बन्धमा सबै सरोकारवालाहरुको स्पष्ट बुझाई छैन । बुझेका व्यक्तिहरुले कार्यान्वयन राम्रो गराउन नसकेको पाइयो । मुख्यतः यस अवधारणा बारे शिक्षकहरु नै पूर्ण रुपमा जानकार हुनुपर्नेमा स्वयं उनीहरु नै अनभिज्ञ छन् । यसलाई एउटा सरकारी नीतिको रुपमा मात्र लिएको पाइयो । अतः यो नीतिलाई कार्यान्वयन गराउनुभन्दा अगाडी सम्पूर्ण शिक्षकहरुलाई निरन्तर मूल्याङ्कन सम्बन्धि तालिम, जानकारी दिनु अपरिहार्य देखिन्छ ।

### ४.१.२ निरन्तर विद्यार्थी मूल्याङ्कन र भौतिक व्यवस्थापन पक्ष

निरन्तर विद्यार्थी मूल्याङ्कन नीति विकासशील देशहरुको प्राथमिक तहमा ल्याइएको एउटा नयाँ अवधारणा हो । नयाँ भएकै कारण यसलाई कार्यान्वयनमा ल्याउन विविध समस्याहरु पनि आइरहेका छन् । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई नीतिगत रुपमा कार्यान्वयन गर्न विद्यालयको शैक्षणिक अवस्था पनि सुदृढ हुनु जरुरी हुन्छ । किनभने विद्यालयको शैक्षणिक अवस्था सुदृढ भएन भने विद्यार्थीहरुको मनोविज्ञानलाई असर पर्दछ । विद्यालयको शैक्षणिक अवस्था भन्नाले शैक्षिक सेवाहरुदेखि लिएर कक्षा व्यवस्थापन, भौतिक व्यवस्थापन, शैक्षिक सामग्रीको व्यवस्थापन जस्ता धेरै कुराहरुको अवस्थालाई बुझाउँछ ।

कक्षा व्यवस्थापनमा शिक्षण सिकाइलाई सु-व्यवस्थित तरिकाले संचालन गर्नको लागि बनाइने कार्य हो । जवसम्म कक्षाकोठालाई विद्यार्थीका लागि उपयुक्त बनाउन सकिदैन तवसम्म अर्थपूर्ण सिकाई हुन सक्दैन । त्यसैले सिक्नका लागि वातावरणको आवश्यकता पर्दछ । कक्षाकोठाभित्र सिक्नका लागि उपयुक्त वातावरण सिर्जना गर्ने कार्य नै सही अर्थमा कक्षा व्यवस्थापन हो । पाठ्यक्रमले कक्षाकोठा व्यवस्थापनलाई भौतिक र मनोवैज्ञानिक वातावरण व्यवस्थापन गरी दुई भागमा विभाजन गरेको छ । जसको तल क्रमश: व्याख्या गरिएको छ ।

**भौतिक व्यवस्थापन पक्ष**

कक्षाकोठा व्यवस्थापनका आधारहरु अन्तर्गत विद्यालयमा भएको भौतिक व्यवस्थापन पक्षको बारेमा शिक्षकहरुबाट लिइएको सूचना र अवलोकनबाट प्राप्त सूचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**भौतिक व्यवस्थापन पक्षका आधार र अवस्थाबीच तुलना**

| क्र.सं. | भौतिक व्यवस्थापनका आधार | प्राप्त अवस्था | विद्यालयहरु | |
|---|---|---|---|---|
| | | | श्री सरस्वती प्रा.वि. | श्री चूरे उ.मा.वि. |
| १ | कक्षाकोठाको आकार | ) विद्यार्थी खचाखच भरिएको | × | ✓ |
| | | ) अनुपयुक्त | × | ✓ |
| २ | सरसफाई | ) केही मात्रामा सफा | × | ✓ |
| | | ) सफासुग्घर | × | ✓ |
| ३ | बसाई व्यवस्थापन | ) होचा विद्यार्थी अगाडि र अग्ला विद्यार्थी पछाडी | ✓ | × |
| | | ) छात्र र छात्रा एउटै बेन्चमा | × | ✓ |
| | | ) जुन विद्यार्थी अगाडि आउँछ त्यही विद्यार्थी अगाडि बस्ने नियम | × | ✓ |
| ४ | फर्निचरको व्यवस्था | ) छात्राहरु एउटै बेन्चमा | ✓ | × |
| | | ) विद्यार्थीको स्तर अनुसार भएको | × | ✓ |
| | | ) विद्यार्थीको स्तर अनुसार नभएको | × | × |
| | | ) प्रयाप्त नभएको | × | × |
| ५ | प्रकाशको व्यवस्था | ) उपयुक्त मात्रामा | ✓ | ✓ |
| | | ) केही मात्रामा | × | × |
| ६ | कक्षाकोठाको सजावट | ) भित्तामा सफा रङ्ग लगाएको | × | × |
| | | ) महत्वपूर्ण व्यक्तिका तस्वीर र चार्ट | ✓ | ✓ |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

कक्षाकोठा व्यवस्थापन अन्तर्गत कक्षाकोठाको आकार, सरसफाई, बसाई व्यवस्थापन, फर्निचरको व्यवस्था, प्रकाशको व्यवस्था र कक्षाकोठाको सजावट जस्ता पक्षहरुमा अध्ययन गरिएको थियो । कक्षाकोठा सामान्यतया ९ फिट उचाइ भएका घाम पानीबाट बचाउ हुने किसिमको हुनुपर्ने र कक्षागत क्षेत्रफल पूर्व प्राथमिक र प्राथमिक तहको हकमा ०.७५ वर्गमिटर हुनुपर्ने शिक्षा नियमावली २०५९ ले सोही भनेको पाइयो । विद्यार्थी संख्या धेरै (४५, ५०) भएकाले कक्षाकोठा खचाखच भरिएको थियो । कक्षाकोठामा समूह कार्य गर्ने स्थान नभएकोले विद्यार्थीलाई गृहकार्य गराउन असजिलो भएको शिक्षकहरुको गुनासो पाइयो । कक्षाकोठाको सरसफाई हेर्दा एउटा विद्यालयमा कागजका टुक्राहरु फालेको देखियो भने अर्को सफासुग्घर देखियो । विद्यालयको बसाई व्यवस्थापन हेर्दा एउटा विद्यालयमा होचा विद्यार्थी अगाडि र अग्ला विद्यार्थी पछाडी बस्ने गरेको देखियो । भने अर्को विद्यालयमा जुन विद्यार्थी अगाडि आउँछ त्यही विद्यार्थी नै अगाडि बस्ने गरेको शिक्षकले बताए । एउटा विद्यालयमा छात्र र छात्रा एउटै बेन्चमा बसेको पाइयो भने अर्को विद्यालयमा छात्राहरु मात्र अर्को बेन्चमा बसेको पाइयो । विद्यालयमा भएको फर्निचरको व्यवस्था हेर्दा विद्यार्थी संख्याको अनुपात र स्तरभन्दा कम थियो विद्यार्थीहरु एउटै कक्षामा कोचाकोच गरेर बसेको पाइयो । कक्षाकोठामा आवश्यक प्रकाशको व्यवस्थाका लागि एउटा कक्षामा २ वटा झ्याल रहेको पाइयो । कक्षाकोठामा सजावटका लागि दुबै वटा स्कुलको भित्तामा सफा रङ्ग लगाएको थिएन भने महत्वपूर्ण व्यक्तिका तस्विर र भनाइहरु राखिएको थियो ।

समग्रमा भन्नुपर्दा भौतिक पक्षहरुको व्यवस्थापन नै कमजोर रहेको पाइयो । जसमा विद्यार्थी संख्याको आधारमा कक्षाकोठा सानो हुनु, बसाईको व्यवस्था नमिल्नु, विद्यार्थी संख्याको आधारमा फर्निचर नपुग्नु जस्ता समस्याहरु रहेको पाइयो भने यि विभिन्न पक्षहरुमा सुधार गरेमा निरन्तर मूल्याङ्कन नीति कार्यान्वयन गर्न सहज हुने देखिन्छ ।

**मनोवैज्ञानिक वातावरण व्यवस्थापन पक्ष**

कक्षाकोठा व्यवस्थापनमा भौतिक पक्षका साथसाथै मनोवैज्ञानिक पक्षलाई पनि उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ । विद्यार्थीहरुलाई डर, त्रास विना निर्भिकताका साथ शिक्षण सिकाई कार्यमा लाग्ने वातावरणको सिर्जना गर्नु नै मनोवैज्ञानिक वातावरणको व्यवस्थापन गर्नु हो । विद्यालयमा मनोवैज्ञानिक वातावरणको व्यवस्थापन गर्न के कस्ता प्रयास गरिएको छ भन्ने सम्बन्धमा शिक्षकहरुबाट प्राप्त सूचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३**

**मनोवैज्ञानिक वातावरण व्यवस्थापन पक्षका आधार र अवस्थाबीच तुलना**

| क्र. सं. | मनोबैज्ञानिक वातावरण व्यवस्थापनका आधार | प्राप्त अवस्था | देखिएको (✓)/नदेखिएको (×) | |
|---|---|---|---|---|
| | | | श्री सरस्वती प्रा.वि. | श्री चूरे उ.मा.वि. |
| १ | बाह्य वाधाहरु | असर नगरेको | ✓ | ✓ |
| २ | संवेगात्मक वाधा | ध्यान नदिएको | ✓ | ✓ |
| ३ | आन्तरिक उत्सुकता | विद्यार्थीहरुका स्तर अनुसारका अतिरिक्त क्रियाकलापको माध्यमबाट विषयवस्तुको प्रस्तुति | ✓ | ✓ |
| ४ | थकावट | ध्यान नदिएको | ✓ | ✓ |
| ५ | विद्यार्थीको स्वास्थ्य | ध्यान नदिएको | ✓ | ✓ |
| ६ | विद्यार्थी सक्रियता | | ✓ | ✓ |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकाको आधारमा हेर्दा विद्यालयमा बाह्य बाधाहरु जस्तै : कक्षाकोठाको तापक्रम, कोलाहल, डरलाग्दा आवाजहरुले कुनै असर गरेको पाइएन । पठनपाठन गर्दा विद्यार्थीहरुको संवेगात्मक वाधा जस्तै : (चिन्ता, डर, तनाव) लाई बुझेर अध्ययन नगराएको भन्ने शिक्षकहरुको भनाई रहेको थियो । विद्यार्थीहरुको थकावट र स्वास्थ्यलाई पनि दुबै विद्यालयले ध्यान दिएर शिक्षण गरेको पाइएन । सिकाईमा विद्यार्थीको सक्रियातको लागि विचविचमा प्रश्न गर्ने, छलफल गर्ने, समूह कार्य गराउने र सिकाईमा विद्यार्थीले देखाएका क्रियाकलापप्रति प्रोत्साहन दिने, पृष्ठपोषण दिने र स्यावासी दिने गरेको शिक्षकहरुको भनाई पाइयो । दुबै विद्यालयले मनोवैज्ञानिक वातावरणलाई उचित रुपमा व्यवस्थापन गर्न सकेको पाइएन ।

यस अध्ययनमा प्रयोग गरिएको पुनर्वलको सिद्धान्तले विद्यालयको आकर्षक भौतिक र मनोबैज्ञानिक वातावरणीय व्यवस्थापनले विद्यार्थीलाई सिकाईप्रति प्रेरित गर्ने उल्लेख गरेको छ । तर अध्ययन क्षेत्रको विद्यालयको भौतिक व्यवस्थापन पक्षले विद्यार्थीलाई प्रेरित गर्न सकेको पाइएन । तर मनोवैज्ञानिक वातावरणको व्यवस्थापनले भने केही प्रेरित गरेको पाइयो । जस्तै : बाह्य बाधाहरुले असर नगर्नु, विद्यार्थीहरुका स्तर अनुसार अतिरिक्त क्रियाकलापको माध्यमबाट शिक्षण गर्नु, सिकाईमा विद्यार्थीले देखाएका क्रियाकलापप्रति प्रोत्साहन दिने, पृष्ठपोषण दिने र स्याबासी दिने गरेको पाइयो । जुन केही हदसम्म भए पनि पूर्नवलको सिद्धान्तसँग मेल खाएको देखिन्छ ।

### ४.१.३ निरन्तर विद्यार्थी मूल्याङ्कन र शिक्षण सिकाई क्रियाकलाप

निरन्तर मूल्याङ्कन प्रणाली विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनभन्दा पनि प्रभावकारी शिक्षण सिकाईका लागि पृष्ठपोषण उपलब्ध गराइरहने प्रक्रियाका रुपमा प्रयोग हुने मूल्याङ्कन हो । यसबाट कमजोर विद्यार्थीलाई उपलब्धिस्तर बढाउन मद्दत पुग्दछ । त्यसैले पाठ्यक्रमले तोकेका विषयवस्तुलाई कक्षाकोठामा शिक्षकले प्रस्तुत गर्ने प्रक्रियालाई नै शिक्षण सिकाई क्रियाकलाप भनिन्छ । विद्यार्थीहरुमा चाहेको व्यवहार परिवर्तनका लागि कक्षाकोठामा गरिने क्रियाकलाप हो । शिक्षण सिकाई क्रियाकलाप जति राम्रो हुन सक्यो त्यति नै राम्रा ज्ञान, सीप हासिल हुन सक्छ । यसमा अध्ययन क्षेत्रका विद्यालयहरुको शिक्षण सिकाई क्रियाकलापको अवस्था सम्बन्धी सूचना संकलन गर्नको लागि दुवै विद्यालयको एउटा/एउटा गणित विषयको कक्षा अवलोकन र शिक्षकहरुसँग अन्तरवार्ता गरिएको थियो जसमा पाठ्यक्रमले निर्धारण गरे अनुसार शिक्षण सिकाई क्रियाकलापको विवरण र अध्ययन क्षेत्रका विद्यालयका शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी सूचना प्राप्त प्रतिक्रियाको आधारमा निम्न अनुसार प्रस्तुत गरिएको छ । जसलाई अनुसूची १० मा उल्लेख गरिएको छ ।

तालिकालाई अध्ययन गर्दा कुनै पनि शिक्षकहरुले विद्यार्थीहरुको पूर्वज्ञानबारे जानकारी लिएको पाइएन । शिक्षण सिकाई क्रियाकलाप संचालन गर्दा पाठयोजना विना नै शिक्षण गरेको पाइयो । कक्षा प्रारम्भ गर्दा सबै शिक्षकहरुले पूर्वपाठको स्मरण गराउदै विषयवस्तुमा प्रवेश गर्ने गरेको पाइयो । पाठ्यक्रमले उल्लेख गरे अनुसार शिक्षण विधि विद्यार्थी केन्द्रित हुनुपर्ने जसमा समूहकार्य, परियोजनाकार्य र छलफल जस्ता विधि प्रयोग गरिनुपर्ने भएता पनि शिक्षकहरुले प्रश्नोत्तर र समस्या समाधान विधि प्रयोग गरेको देखियो । शैक्षिक सामग्री विद्यालयले उपलब्ध गराएको बाहेक विषयवस्तुसँग सम्बन्धित सामग्री प्रयोग गरेको पाइएन । विद्यार्थीहरुलाई सिकाईमा सक्रिय बनाउनका लागि उनीहरुका स्तर अनुसार अतिरिक्त क्रियाकलाप कथा, खेल, प्रदर्शन, समस्या समाधान, गृहकार्य, प्रश्नोत्तर विधिबाट शिक्षण गर्ने गरेको पाइयो । विद्यार्थीहरुको मूल्याङ्कन गर्दा पाठ्यक्रमले निरन्तर मूल्याङ्कनका साधनहरु अपनाउने सिफारिस गरेको भएता पनि शिक्षकहरुले प्रश्नोत्तर, कक्षाकार्य र गृहकार्यबाट मूल्याङ्कन गर्ने गरेको पाइयो । पाठको समाप्ति दुबै विद्यालयका शिक्षकहरुले सारांश बताएर गर्ने गरेको पाइयो भने दुबै विद्यालयका शिक्षकहरुले गृहकार्य पाठ्यपुस्तकका अभ्यास र क्रियाकलापमा दिने गरेको पाइयो । समग्रमा भन्नुपर्दा दुबै विद्यालयका शिक्षण सिकाई क्रियाकलाप र पाठ्यक्रमले उल्लेख गरे अनुसारका शिक्षण सिकाई क्रियाकलापमा केही भिन्नता रहेको पाइयो । विद्यालयमा गरिने शिक्षण सिकाई क्रियाकलाप पाठ्यक्रमले उल्लेख गरे अनुसार बनाउन सके शिक्षण सिकाइ क्रियाकलाप अर्थपूर्ण र प्रभावकारी हुने देखिन्छ । जसले गर्दा विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिको आधारमा निरन्तर मूल्याङ्कन गर्न सजिलो हुन्छ ।

यस अध्ययनमा प्रयोग गरिएको पूर्नवलको सिद्धान्तले शिक्षकहरुले शिक्षण नयाँ तरिकाबाट शिक्षण सुरु गर्ने र सिकाइमा आवश्यकता अनुसार पूर्नबलको प्रयोग गर्दा सिकाइ प्रभावकारी हुने उल्लेख गरेको पाइयो । शिक्षण सिकाइको क्रममा शिक्षक कक्षाको चारैतिर घुमेर, प्रश्नोत्तर, समस्या समाधान,

कक्षाकार्य जस्ता विधिहरुद्वारा शिक्षण गरेको पाइयो । शिक्षणकै क्रममा शिषकले खेलको माध्यमबाट आकर्षक तरिकाले विषयवस्तु प्रस्तुत गरेको र विद्यार्थी सही क्रियाकलापप्रति राम्रो, धेरै राम्रो, स्यावास जस्ता मौखिक सकारात्मक पूनर्बलको प्रयोग गरेर सिकाइप्रति प्रेरित गरेको पाइयो । यसरी मेरो विचारमा विद्यालयका शिक्षकहरुले तालिम नै नपाए पनि पाठ्यक्रमले तोकेका प्रक्रियासँग केही हदसम्म मिलेको पाइयो । त्यसैले आवश्यक स्रोत साधन र तालिम दिन सके अवश्य पनि यो नीति नीतिगत रुपमा कार्यान्वयन हुन सक्ने देखिन्छ ।

### ४.१.४ विद्यार्थीहरुको सिकाइस्तर बृद्धि गर्न विद्यालयले अपनाएका उपायहरु

निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य प्रभावकारी शिक्षण सिकाईका माध्यमबाट विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु हो जसमा विद्यार्थी मूल्याङ्कनका लागि कक्षाभित्र वा बाहिर गरिने शिक्षण सिकाई सम्बन्धी क्रियाकलाप नै मूल आधार हो । समग्रमा भन्नुपर्दा शिक्षण सिकाइको क्रममा कुनै पनि बेला सरल एवम् उपयोगी प्रक्रियालाई तत्कालै आवश्यक सुझाव दिने र सुधार गर्ने र आवश्यकताअनुसार थप सहयोग गरिन्छ र आवश्यकताअनुसार उपचारात्मक शिक्षण सिकाइ पद्धतिसमेत अपनाउने गरिन्छ जसले विद्यार्थीको व्यवहारमा सुधार हुँदै जाने तथा अपेक्षित व्यवहार निर्माण हुँदै जाने गर्छ । समग्रमा यसको आवश्यकतालाई निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यन्वयन निर्देशिका, २०६५ मा यसको कार्यान्वयनको क्रममा निम्न प्रक्रियाहरु अवलम्बन गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

- पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धिलाई नै आधार मानी शिक्षण सिकाई क्रियाकलाप तथा मूल्याङ्कन गर्ने
- सिकाइको क्रममा विद्यार्थीको आवश्यकता अनुरुप शिक्षण सिकाई क्रियाकलापमा विविधता ल्याई उनीहरुको क्षमता अनुसार शिक्षण गर्ने
- कमजोर विद्यार्थीलाई सुधारात्मक पृष्ठपोषण दिने र जान्नेलाई प्रशंसा गर्ने ।
- शिक्षण सिकाइसँगै निरन्तर रुपमा विद्यार्थीको मूल्याङ्कन गरी अभिलेख राख्ने
- शिक्षण सिकाई क्रियाकलाप तयार गर्दा नै मूल्याङ्कनको माध्यम सुनिश्चित गर्ने
- विद्यार्थीको कार्यसंचयिका निर्माण गर्ने र यसलाई अद्यावधिक गरिरहने
- प्रत्येक महिनामा विद्यार्थीका अभिभावकहरुलाई बोलाएर विद्यार्थीको प्रगतिको प्रतिवेदन देखाउने ।
- प्रत्येक शिक्षकले प्रत्येक कक्षा र विद्यार्थीका लागि छुट्टाछुट्टै मूल्याङ्कनका फारमहरु प्रयोग गर्ने ।
- मूल्याङ्कनका नतिजाहरुको विश्लेषण गरी कुन कक्षाको कुन विषयको औषत सिकाई उपलब्धि कम भयो, कुन राम्रो छ भनी शिक्षकहरु, विद्यालय व्यवस्थापनका सदस्यहरुबीच छलफल गर्नुपर्ने
- विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नुपर्ने ।

अध्ययन क्षेत्रमा शिक्षकहरुले विद्यार्थीहरुको सिकाईस्तर बृद्धि गर्न निम्न प्रक्रियाहरु अवलम्बन गरेको पाइयो ।

- कमजोर विद्यार्थीका लागि समयसमयमा कोचिङ्ग कक्षाको व्यवस्था गरेको
- कक्षाकोठामा कमजोर विद्यार्थीलाई बढी ध्यान दिने गरेको
- राम्रो काम गर्नेलाई तत्कालै स्याबास, धन्यवाद दिने गरिएको ।
- विद्यार्थीको परीक्षाफल वितरण गर्दा अभिभावकहरुलाई बोलाएर सुझाव दिने गरेको
- विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउन थालिएको ।
- बालमैत्री शिक्षण गरी पृष्ठपोषण दिने गरिएको
- अतिरिक्त क्रियाकलाप मार्फत शैक्षिक स्तर बृद्धि गर्न प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप अन्तर्गत हाजिरीजवाफ, वादविवाद, वक्तृत्वकला गराउने गरेको
- खेलकूद मार्फत विद्यार्थीको शारीरिक विकास गर्न प्रत्येक दिन टिफिनमा र शुक्रबारको टिफिन पछाडी खेलकूद कार्यक्रमहरु संचालन गर्ने गरेको ।

पाठ्यक्रमले तोकेको प्रक्रिया र विद्यालयले अपनाएको प्रक्रियामा पूर्ण रुपले मेल नखाए पनि केही मिल्ने देखिन्छन् । विद्यालयका शिक्षकले आफूलाई भएको जानकारी अनुसार यसलाई कार्यान्वयन गरेको पाइयो । मुख्यतया तालिम नै नपाएर शिक्षकहरुले पाठ्यक्रमले तोकेका सबै प्रक्रियाहरुलाई कार्यान्वयन गर्न पनि गाह्रो देखिन्छ । व्यवहारिक सीपको अभावमा यि कार्य गर्न असहज नै देखिन्छ । शिक्षकहरुले विद्यार्थीको सिकाइस्तरमा बृद्धि गर्न उनीहरुलाई प्रोत्साहन गर्न पृष्ठपोषण दिने गरेको बताएका थिए । जसको लागि खेलकूदमा राम्रो गर्नेलाई वार्षिक रुपमा पुरस्कार दिने, सधैं विद्यालय आउनेलाई पनि हाजिरी हेरेर पुरस्कार दिने गरेको बताएका थिए ।

समग्रमा हेर्दा पाठ्यक्रमले तोकेका सबै मापदण्ड र प्रक्रियालाई विद्यालयले अपनाउन नसकेको पाइयो । केही मापदण्ड र प्रक्रियालाई भने समेट्ने प्रयास गरेको पाइयो । निष्कर्षमा यो भन्न सकिन्छ कि तालिम अप्राप्त शिक्षकहरुलाई निरन्तर मूल्याङ्कन सम्बन्धी पाठ्यक्रमले तोकेको सबै मापदण्ड र प्रक्रिया अवलम्बन गर्न कठिन छ किनभने शिक्षकहरुनै निरन्तर मूल्याङ्कनका प्रक्रियाका बारेमा अनभिज्ञ छन् । शिक्षकहरु परम्परागत सोचले चलेकै त छनि भन्ने भावनाले ओतप्रोत छन् भने विद्यार्थीहरु नपढेपनि पास भइहालिन्छ भन्ने भावना छ भने अभिभावकहरु निरक्षर भएका कारण आफ्ना बच्चाको सिकाइप्रति ख्याल राख्न सक्दैनन् कोही अभिभावकले मेरो बच्चाले केही नजानेरै कक्षाबृद्धि भइरहेको छ । उसलाई विद्यालय पढ्न पठाउनु भन्दा हाम्रो काममा सहयोग सिकाउनुपर्छ भनि विद्यालय नपाउने गर्दछन् । यसरी हाम्रा ग्रामिण भेगमा रहेका सामुदायिक विद्यालयमा अनुगमन र निरीक्षण प्रणालीको फितलोपना शिक्षकहरु परम्परागत शैलीमा नै अध्यापन गराउने र विद्यालयमा अनुपस्थिति दरमा बृद्धि भैरहेको पाइयो भने केही पुराना शिक्षकहरु आफूहरुले नपढाए पनि सरकारी तवरबाट तलव पाइराख्ने भनि परम्परागत शैलीमा नै

पढेर बस बाहिर ननिस्क भनी मनोबैज्ञानिक तवरले दवाव दिइरहेको पाइयो भने केही अस्थायी दरबन्दीका शिक्षकहरुले जोश, जाँगर र उत्साहका साथ विद्यार्थीहरुको सिकाइस्तर बृद्धि गर्न हरतरहले मेहनत गरेको पाइयो । यसैले के भन्न सकिन्छ भने प्राथमिक तहमा अध्यापनरत सबै शिक्षकहरुलाई पूर्णतया तालिम दिई उनीहरुलाई व्यवहारमा कार्यान्वयन गर्न लगाउनुपर्दछ तसर्थ यो नीति नीतिगत रुपमा कार्यान्वयन हुन सक्ने देखिन्छ ।

### ४.१.५ निरन्तर विद्यार्थी मूल्याङ्कन र मूल्याङ्कन विधि

मूल्याङ्कन शिक्षण सिकाइको अभिन्न अंग हो । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरुप ज्ञान, सीप र व्यवहार विद्यार्थीहरुले हासिल गरे वा गरेनन् कति मात्रामा हासिल गरे भनेर लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । मुख्य रुपमा हाम्रा विद्यालयहरुमा दुई किसिमले विद्यार्थी मूल्याङ्कन गरिन्छ । विद्यार्थीका बारेमा निर्णय लिन गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ र पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उद्देश्य पूरा गर्न गराउन उपचारात्मक शिक्षण सिकाइसँग गरिने मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिन्छ । यसमा विद्यार्थीले के कति सिके भनेर मूल्याङ्कनका विभिन्न साधनहरु अपनाएर विद्यार्थीको क्रमिक रुपमा निरन्तर मूल्याङ्कन गरिन्छ । यसमा लिखित, मौखिक कार्य, कक्षागत कार्य, गृहकार्य, वानी व्यवहार, अवलोकन, शैक्षिक अभिलेख अध्ययन, उपस्थिति, अतिरिक्त क्रियाकलाप र प्रयोगात्मक कार्य आदि शैक्षिक संस्थाबाट निरन्तर रुपमा संचालन हुने मूल्याङ्कन प्रक्रिया हो । त्यसैले विद्यार्थीको मूल्याङ्कन गर्दा लिखित परीक्षालाई मात्रै आधार नमानेर निरन्तर मूल्याङ्कनलाई आधार मानेर मूल्याङ्कन गर्नुपर्दछ जसलाई निरन्तर मूल्याङ्कन कार्यन्वयन पुस्तिका २०६८ ले निम्नलिखित विधिहरु/साधनहरु अपनाउन उल्लेख गरेको छ । जुन अनुसूची ११ मा उल्लेख गरिएको छ ।

तालिकामा निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न निर्देशिकामा उल्लेख भएका विधि र पक्ष र विद्यालयले प्रयोग गरेको विधि र पक्ष उल्लेख गरिएको छ । निर्देशिकामा विद्यार्थीको आचरण, ज्ञान, सीप, धारणा, रुची, आत्मविश्वास, नेतृत्व सहयोग जस्ता पक्षको अवलोकन गर्न उल्लेख गरेको भए तापनि विद्यालयले अवलोकन गर्दा विद्यार्थीको सक्रियाता, कक्षामा गरिने क्रियाकलापमा विद्यार्थीले देखाउने रुचि, अनुशासन, सरसफाई, इमान्दारिता जस्ता पक्षहरुको अवलोकन गर्ने गरेको शिक्षकको भनाई पाइयो । कक्षाकार्य र गृहकार्य पाठ्यक्रमले तोके बमोजिम नगरेर पाठ्यपुस्तकमा दिइएका अभ्यास तथा क्रियाकलापमा मात्रै गराउने गरेको पाइयो । कार्यान्वयन पुस्तिकाले विद्यार्थीहरुको ज्ञान, सीप विकास गर्नका लागि सन्दर्भ मिल्ने गरि दिने कार्य भनि उल्लेख गरेको भएता पनि यस सम्बन्धमा केही शिक्षकहरु अनभिज्ञ रहेको पाइयो भने केही शिक्षकहरुलाई थाहा भएपनि व्यवहारमा लागू नगरेको र यस सम्बन्धमा कुनै पनि कार्य नगराएको पाइयो । विद्यार्थीहरुले सिकाएका कुराहरु के-कति रुपमा व्यवहारमा परिवर्तन गरे भनी शिक्षकहरुले हप्तामा २ पटक प्रत्येक विद्यार्थीहरुको सरसफाई जाँच गर्ने गरेको पाइयो भने उनीहरुले आफ्नो सामान (किताव, कापि, कलम) हिफाजत गरे नगरेको र विद्यालयमा अनुशासित भएर बसेको पनि हेर्ने गरेको पाइयो । पाठ्यक्रमले प्रत्येक विद्यार्थीहरुको कुनै न कुनै विशेष क्षमता हुन्छ । त्यो क्षमतालाई

उपयोग गर्ने अवसर प्रदान गर्नुपर्छ । जस्तै : गायत, वादन, नृत्य, चित्र बनाउने आदि भनी उल्लेख गरेको भएता पनि विद्यालयले उक्त सृजनात्मक कार्य हप्ताको शुक्रबार फरक-फरक गरी (गायन, नृत्य, कथा, खेल खेलाउने, चित्र बनाउन) लगाउने गरेको पाइयो । विद्यार्थीहरुको हाजिरी दैनिक उपस्थितिको आधारमा रजिष्टारमा टिपोट गरेर अभिलेख राख्ने गरेको पाइयो ।निर्देशिकाले आत्ममूल्याङ्कन भनेको विद्यार्थी स्वयम्ले आफूले सिकेका र सिक्न नसकेका कुराका बारेमा आफैबाट लेखाजोखा गर्नु हो तर विद्यालयले उनीहरुले आफ्ना बारेमा गरेको मूल्याङ्कन प्रस्तुत गर्न प्रोत्साहन नगरेको पाइयो । विद्यार्थीहरुलाई सहपाठी मूल्याङ्कन कसरी गर्ने भन्ने सम्बन्धमा जानकारी नभए तापनि तीक्ष्ण विद्यार्थीले कमजोर विद्यार्थीलाई सहयोग गर्ने गरेको पाइयो । कार्यान्वयन पुस्तिकाले अभिभावक सम्पर्कबाट सामाजिक सम्बन्ध, सक्रियता र आज्ञाकारिताको बारेमा जानकारी लिने व्यवस्था गरेको भए तापनि शिक्षकले अभिभावकसँग सम्पर्क भएको बेलामा विद्यार्थीको पठनपाठनको बारेमा जानकारी लिने गरेको पाइयो । समग्रमा दुबै विद्यालयका शिक्षकहरुले निर्देशिकाले उल्लेख गरेबमोजिम मूल्याङ्कनका विभिन्न विधिहरु अपनाएका त छन् तर सबैजसो मूल्याङ्कनका मापदण्डहरु प्रयोग गरेका छैनन् । यसबारे सम्पूर्ण शिक्षकहरुलाई सोध्दा पाठ्यक्रमले तोकेका सबै मापदण्डहरु समेट्नको लागि विद्यालयमा पर्याप्त मात्रामा भौतिक स्रोत साधन छैन । प्रत्येक विद्यार्थीको नियमित रुपमा मूल्याङ्कनको लागि उसको दिनहुँ उपस्थिति हुँदैन । शिक्षक विद्यार्थी अनुपात मिल्दो छैन, विद्यार्थी र शिक्षकहरुबीच भाषाको कठिनाई भएता पनि आफूहरुले जानकारी भएसम्मका विधिहरु प्रयोग गरेको बताए ।

यसरी मेरो विचारमा तोकेको सबै मापदण्डलाई समेटेर मूल्याङ्कन गर्न प्राथमिक तहका सबै शिक्षकहरुलाई मूल्याङ्कनका सबै मापदण्डहरु थाहा छैन । कतिपय शिक्षकलाई त विद्यार्थीको दैनिक अभिलेख पनि राख्न आउदैन । उनीहरु वार्षिक परीक्षाको बेला कार्यसंचयीका फारम भर्ने गरेको पाइयो भने केही शिक्षकहरुले कक्षाकोठाभित्रका शिक्षण व्यवहारहरुलाई रेजा पद्धतिबाट पनि मूल्याङ्कन गरेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने शिक्षकहरुले नियमित मूल्याङ्कन गर्ने प्रक्रियालाई झण्झटिलो र अव्यवहारिक रुपमा लिनु नै हो ।

### ४.१.६ निरन्तर विद्यार्थी मूल्याङ्कनमा कार्यसंचयिकाको निर्माण र प्रयोग

मूल्याङ्कन निरन्तर चल्ने प्रक्रिया भएकाले यसैबाट विद्यार्थीलाई मार्ग निर्देशन गर्न, पृष्ठपोषण प्रदान गर्न, सुधारात्मक शिक्षण गर्न, समग्र शैक्षिक प्रक्रियाको लेखाजोखा गर्न सहयोग पुग्छ । तसर्थ विद्यार्थीले सिकाइको क्रममा गरेका कार्यहरुको व्यवस्थित र सिलसिलेवार संकलन नै कार्यसंचयीका (Protfolio) हो । यसमा विद्यार्थीको प्रगति अभिलेख राख्न हरेक कक्षाको विषयगत फइल राखिनुका साथै छुट्टाछुट्टै व्यक्तिगत फाइल राखि कार्यसंचयिका व्यवस्था गर्नुपर्ने हुन्छ । कार्यसंचयिका तयार गर्दा विद्यार्थीको व्यक्तिगत विवरण, पारिवारिक विवरण राखी कार्यसंचयिका तयार गर्नुपर्दछ । जसमा कुनै परिस्थितिमा/वातावरणमा/घटनाक्रममा उनीहरुले देखाएको व्यवहार परिवर्तन राखी अभिलेख तयार गर्नुपर्छ । यसमा विद्यार्थीहरुले आफ्ना सवल र कमजोर पक्षहरु उनीहरु आफैलाई पहिचान गर्न लगाई

आफैप्रति जिम्मेवार बनाउन मद्दत गर्दछ । पाठ्यक्रमले कार्यसंचयिकामा समेट्न निर्धारण गरेका पक्षहरु र विद्यालयले समेटेको पक्षलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.५**

**कार्यसंचयिकामा समेटिएका पक्षहरु**

| क्र.सं. | पाठ्यक्रमले निर्धारण गरेको पक्ष | विद्यालयले समेटेको पक्ष छ । |
|---|---|---|
| १ | विषयगत उपलब्धि स्तर | विषयगत उपलब्धि स्तर उल्लेख गरिएको छ । |
| २ | हाजिरी | हाजिरी रेकर्ड राख्ने गरिएको छ । |
| ३ | विद्यार्थीको सामाजिक, आर्थिक, पारिवारिक विवरण | विद्यार्थीको आर्थिक विवरण राख्ने गरेको पाइयो । |
| ४ | अभिभावकका सुझाव | अभिभावकको सुझाव रेकर्ड राख्ने गरेको पाइयो । |
| ५ | कक्षाकार्य, गृहकार्य | कक्षाकार्य, गृहकार्य रेकर्ड राख्ने गरेको पाइयो । |
| ६ | व्यवहार परिवर्तन | सिर्जनात्मक कार्य रेकर्ड राख्ने गरेको पाइयो । |
| ७ | अतिरिक्त क्रियाकलाप | अतिरिक्त क्रियाकलाप रेकर्ड राख्ने गरेको पाइयो । |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

अध्ययन क्षेत्रका १४ जना शिक्षकहरुमध्ये ६ जना शिक्षकले मात्र कार्यसंचयिका निर्माण र प्रयोग गरेको पाइयो । कार्यसंचयिका निर्माण गरेका शिक्षकहरुले पनि पाठ्यक्रमले उल्लेख गरेका ढाँचामा निर्माण गर्ने गरेको पाइएन । कार्यसंचयिका निर्माण गरेका शिक्षकहरुले पनि विद्यार्थीको प्रगति अभिलेख राख्न कक्षागत उपलब्धि सुचकको आधारमा पाठ्यक्रमले निर्दिष्ट अनुसूचि १० अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन फारम निर्माण गर्ने कार्य दैनिक वा पाठको अन्त्यमा गरिनुपर्दथ्यो तर अभिलेख फारम निर्माण गर्दा प्रथम वा दोस्रो त्रैमासिक परीक्षा समाप्ति पछि र वार्षिक परीक्षाको समाप्ति पछि मात्र रेकर्डका लागि निर्माण गरिएको पाइयो भने यस सम्बन्धमा कार्यसंचयिका निर्माण नगर्ने शिक्षकहरुलाई प्रश्न गर्दा कार्यसंचयिका निर्माण गर्दा व्यवहारिक ज्ञान, सीप आवश्यक पर्ने र विद्यार्थी संख्या धेरै, समयको अभाव र नियमित फारम भर्न झण्झटिलो हुने बताए । श्री चूरे उ.मा.वि. मा विद्यार्थी संख्या अधिक भएकाले रेडकर्डहरु राख्न नसकिएको र श्री सरस्वती प्रा.वि.मा शिक्षकहरुको लापरवाहि र Monitoring को आधारमा र दण्ड, सजाय, पुरस्कारको व्यवस्था नभएकोले कार्यसंचयिका निर्माण र प्रयोग नभएको जानकारी प्राप्त भयो । स्रोत व्यक्तिसँग यसबारेमा प्रश्न गर्दा आगामी वर्षदेखि कडाइका साथ लागू गर्ने जानकारी दिनुभयो ।

यसरी पाठ्यक्रमले निर्धारण गरेको सम्पूर्ण पक्षहरुलाई समेट्न शिक्षकको एक्लो प्रयासबाट मात्र सम्भव नहुने भएकोले यसमा प्र.अ., विद्यालय व्यवस्थापन समिती, शिक्षक, प्रशासन र अभिभावकको सहयोग आवश्यक देखिन्छ ।

### ४.१.७ निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको उपस्थितिमा पारेको प्रभाव

निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य भनेको विद्यार्थीलाई नियमित विद्यालय आउने वातावरणको सृजना गरी उपस्थिति दरमा बृद्धि ल्याउनु पनि हो । त्यसैले यस मूल्याङ्कन प्रणालीले विद्यार्थीको उपस्थितिमा कस्तो प्रभाव पारेको छ भनी हेर्ने सन्दर्भमा दुबै विद्यालयका कक्षा ३ र ४ का विद्यार्थीहरुको उपस्थिति रेकर्ड अध्ययन गरियो । जसमा विद्यालयको उपस्थिति रेकर्डमा निम्नानुसारको सूचना प्राप्त भयो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.६**

**विद्यार्थी औषत उपस्थिति (जम्मा दिन)**

| कक्षा | श्री चूरे उ.मा.वि. | सरस्वति प्रा.वि. | जम्मा |
|---|---|---|---|
| ३ | १८० (२१०) | १८२ (२१०) | १८२ |
| ४ | १८९ (२१०) | १८८ (२१०) | १८९ |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकालाई हेर्दा दुबै विद्यालयमा पढाई हुने जम्मा दिन २१० भएपनि दुबै विद्यालयमा कक्षा ३ का विद्यार्थीहरुको औषत उपस्थित दिन क्रमशः १८० र १८२ छ र कक्षा ४ का विद्यार्थीहरुको जम्मा औषत उपस्थिति दिन १८९ छ । निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीहरुको उपस्थितिमा बृद्धि ल्याएको पाइन्छ र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा पनि विद्यार्थीहरुको त्यति नै सहभागिता पाइन्छ । यसर्थ यहाँ निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको उपस्थितिमा बृद्धि ल्याएको देखिन्छ ।

### ४.१.८ निरन्तर विद्यार्थी मूल्याङ्कनले शिक्षकको नियमितता पारेको प्रभाव

निरन्तर विद्यार्थी मूल्याङ्कन लागू भए पश्चात् हरेक विद्यार्थीको व्यक्तिगत अभिलेख राखेर उनीहरुको कार्य प्रगति अभिलेखीकरण गर्ने जिम्मेवार व्यक्ति शिक्षक हो तसर्थ शिक्षक नियमित हुनुपर्छ । निरन्तर मूल्याङ्कन पूर्व र पश्चात् विद्यालयमा भएको शिक्षकको उपस्थिति तलको तालिकामा उल्लेख भएको छ ।

**तालिका नं. ४.७**

**शिक्षकहरुको औषत उपस्थित दिन**

| क.सं. | विद्यालय | शिक्षकको औषत उपस्थिति दिन २०६७ | शिक्षकको औषत उपस्थिति दिन २०६८ |
|---|---|---|---|
| १ | श्री चूरे उ.मा.वि. | १८० | १८९ |
| २ | श्री सरस्वती प्रा.वि. | १७० | १८५ |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

माथिको तालिकाको आधारमा श्री चूरे उ.मा.वि.मा निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन हुँदा शैक्षिक सत्र २०६७, २०६८ मा क्रमशः १८० र १८९ दिन रहेको छ भने श्री सरस्वती प्रा.वि.मा १७० र १८५ रहेको छ । यसमा के भन्न सकिन्छ भने शिक्षकहरुको वार्षिक औषत उपस्थिति दिन बृद्धि भएको देखिन्छ तर शिक्षा नियमावली अनुसार शिक्षकको औषत उपस्थिति २२० दिन हुनुपर्नेमा त्यसको नजिक नै पुग्न नसकेकाले शिक्षकको औसत उपस्थिति बृद्धि त्यति उत्साहजनक देखिदैन । त्यसमा पनि सरकारी स्तरका वा दरवन्दिका शिक्षकहरुको अनियमितता बढी रहेको छ भने निजी स्रोतमा पढाइरहेको शिक्षकहरु नियमित रुपमा विद्यालयमा उपस्थित भई अध्यापन गराउने र विद्यार्थीहरुको व्यक्तिगत अभिलेख राखेको पाइयो ।

यसबाट के प्रष्ट हुन्छ भने विद्यालयमा पढाइरहेका शिक्षकहरुको सही मूल्याङ्कन हुन सकेको छैन । अनुगमन प्रणाली फितलो छ यसलाई कडाइका साथ लागू गर्न सकिरहेका छैनन् । सरकारी स्तरका शिक्षकहरु तालिम प्राप्त छन् तर व्यवहारमा लागू गर्दैनन् भने निजी स्रोतका शिक्षकहरुलाई तालिम दिइएको छैन उनीहरुका लागि विद्यालयले कुनै अभिमुखिकरण कार्यक्रम संचालन गर्दैन त्यसैले गर्दा पनि यो मूल्याङ्कन प्रणाली सिद्धान्तमा जति राम्रो छ त्यति व्यवहारिकतामा लागू गरेको पाइदैन ।

### ४.१.९ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गराउन विद्यालयले अपनाएको प्रक्रिया

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको मुख्य लक्ष्य विद्यार्थीको सिकाई उपलब्धिका आधारमा आवश्यकता अनुसार निरन्तर सिकाइ अवसर प्रदान गरी विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार गर्नु हो । यसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको क्रममा निम्न प्रक्रिया अवलम्बन गर्न उल्लेख गरेको छ ।

- पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धिलाई नै आधार मानी शिक्षण सिकाई क्रियाकलाप तथा मूल्याङ्कन गर्ने । पाठ्यक्रमको मर्मअनुसार शिक्षण योजना निर्माण तहदेखि नै निरन्तर विद्यार्थी मूल्याङ्कन कसरी गर्ने भन्ने बारेमा ठोस कार्ययोजना तयार गरी सोअनुसार शिक्षण सिकाई प्रक्रिया अपनाउने ।

- यस मूल्याङ्कन प्रक्रियामा पठनपाठनको सुरुमा, सँगसँगै तथा अन्त्यमा मूल्याङ्कन गरी विद्यार्थीहरुको सिकाई स्तर पत्ता लगाई तोकिएको सिकाई उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीहरुका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रुपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नुपर्दछ ।
- शिक्षण सिकाईका क्रममा विद्यार्थीको आवश्यकता अनुसार शिक्षण सिकाई क्रियाकलापमा विविधता ल्याई उनीहरुको क्षमता अनुसार सिकाई अभिवृद्धि गराउने ।
- शिक्षण सिकाई क्रियाकलाप तयार गर्दा नै मूल्याङ्कनको माध्यम के हुने, कुनकुन पक्षहरुको मूल्याङ्कन गर्ने र कसरी गर्ने भनेर निश्चित गर्ने ।
- विद्यार्थीको सिकाई उपलब्धिको नियमित मूल्याङ्कन गरी अभिलेख राख्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनको क्रममा विद्यार्थीको कार्यसञ्चयिका निर्माण गर्ने र यसलाई अधावधिक गरिदिने । प्रत्येक महिना विद्यार्थीको प्रगतिको प्रतिवेदन अभिभावकलाई बोलाएर जानकारी गराउने र पृष्ठपोषण पनि दिने ।
- विद्यार्थीले हासिल गरेको उपलब्धिको आधारमा विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक लगायत सम्वद्ध सबै पक्षले पृष्ठपोषण आदानप्रदान गर्ने ।
- विद्यार्थीले गरेको प्रगतिको आधारमा उनीहरुलाई 'क', 'ख' र 'ग' श्रेणीमा वर्गीकरण गर्ने ।
- प्रत्येक शिक्षकले प्रत्येक कक्षा र प्रत्येक विषयका लागि छुट्टाछुट्टै मूल्याङ्कन फारमहरु प्रयोग गर्ने ।
- मूल्याङ्कन नतिजाको विश्लेषण गरी कुनकुन विषयको औषत उपलब्धिस्तर कम भयो र कुन-कुन राम्रो भयो भनि विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, प्र.अ. र शिक्षकहरुबीच आवश्यक छलफल गराउने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिमुखीकरण सम्भव भएसम्म सबै सरोकारवालाहरु (अभिभावक, वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारीहरु) लाई गराउनु पर्दछ ।

अध्ययन क्षेत्रका विद्यालयहरुले निरन्तर विद्यार्थी मूल्याङ्कन नीति कार्यान्वयन गर्दा निम्न प्रक्रियाहरु अवलम्वन गर्ने गरेको पाइयो :

- कमजोर विद्यार्थीहरुको सिकाई स्तर अभिवृद्धि गर्न तल्लो कक्षामा केही दिन राखेर उसको कमजोर सिकाई स्तर पुरा गराई पुनः उसको कक्षामा राखिएको र उसको विशेष निगरानी सहित सिक्नलाई प्रेरित गरेको पाइयो ।
- तीक्ष्ण विद्यार्थीहरुलाई प्रशंसा पुरस्कार दिएर सिकाउने र कमजोर विद्यार्थीहरुलाई मेहनत गर्न सुझाव दिने गरेको पाइयो ।
- सिकाईमा विद्यार्थीहरुलाई उत्प्रेरित गर्न अतिरिक्त क्रियाकलापको माध्यमबाट विषयवस्तुलाई प्रस्तुत गर्ने गरेको पाइयो ।

- शिक्षणमा विद्यार्थी केन्द्रित विधिहरु अपनाउने गरेको पाइयो जसमा छलफल, प्रश्नोत्तर, समूहकार्य, नाचगान अभिनय आदि गरेको पाइयो ।
- विद्यार्थीहरुको कक्षाकोठा भित्रका शिक्षण व्यवहारहरुलाई रेजापद्धतिबाट मूल्याङ्कन गरेको पाइयो र उनीहरुले सिकेको कुरा व्यवहारमा उतारेको छ कि छैन, नियमितता, अनुशासन छ कि छैन भनि यसको आधारमा पनि मूल्याङ्कन गरेको पाइयो ।
- शिक्षकहरुले प्रत्येक विद्यार्थीको छुट्टाछुट्टै कार्य संचयिका निर्माण गरी राखेको तर नियमित रुपमा विद्यार्थीको मूल्याङ्कन गरी उक्त कार्यसंचयिका नभरी वार्षिक परीक्षाफल वितरण गर्दा उक्त कार्यसंचयिका भर्ने गरेको पाइयो ।

**तालिका नं.४.८**

**पाठ्यक्रमले निर्धारण गरेको प्रक्रिया र विद्यालयले कार्यान्वयन गरेका प्रक्रियाहरुको बीचमा देखिएका भिन्नता**

| क.सं. | पाठ्यक्रमले निर्धारण गरेका प्रक्रिया | विद्यालयले कार्यान्वयन गरेका प्रक्रिया |
|---|---|---|
| १ | सिकाई उपलब्धिलाई आधार मानी शिक्षण योजना र मूल्याङ्कन गर्ने । | सिकाई उपलब्धिका आधारमा शिक्षण योजना नबनाएको पाइयो । |
| २ | कमजोर विद्यार्थीलाई सुधारात्मक शिक्षण र विशेष ध्यान दिई प्रोत्साहन दिने | कमजोर विद्यार्थीलार्य कक्षा समयमा बढी ध्यान दिने गरेको पाइयो । |
| ३ | शिक्षण सिकाइ क्रियाकलाप गर्दा मूल्याङ्कनको माध्यम निश्चित गर्ने । | शिक्षण सिकाई क्रियाकलाप गर्दा मूल्याङ्कनको माध्यम निश्चित नगरेको पाइयो । |
| ४ | प्रत्येक महिनामा विद्यार्थीहरुको प्रगति विवरण अभिभावकहरुलाई जानकारी दिने । | विद्यार्थीको वार्षिक परीक्षा परिणाम वितरण गर्दा अभिभावकहरुलाई बोलाएर सुझाव दिने गरेको पाइयो । |
| ५ | प्रत्येक कक्षा र विषयको मूल्याङ्कन फारम प्रयोग गर्ने | मूल्याङ्कनको फारम वार्षिक परीक्षाको बेला मात्र प्रयोग गर्ने गरेको पाइयो । |
| ६ | विद्यार्थीको नतिजाको विश्लेषण गरी | विद्यालयको आर्थिक भौतिक व्यवस्थापनका बारेमा छलफल चलाउने गरेको पाइयो । |

स्रोत : स्थलगत अध्ययन, २०६९ ।

यस सम्बन्धमा शिक्षकहरुलाई प्रश्न गर्दा आफूहरुलाई जानकारी भएसम्म यसलाई कार्यान्वयन गराउन प्रयास गरेको पाइयो । यसलाई कार्यान्वयन गराउन यस सम्बन्धी नै तालिम गोष्ठीको आयोजना गरिनुपर्ने भनाई रहेको पाइयो । समग्रमा व्यवहारिक रुपमा निरन्तर मूल्याङ्कन प्रणालीको नीति प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको देखिएन । यसका लागि पहिले विद्यालयलाई स्रोत साधन सम्पन्न

बनाउनुपर्ने, शिक्षकको दक्षता विकासको लागि तालिम, गोष्ठीको आयोजना गरिनुपर्ने, अभिभावकहरुमा चेतनाको विकास गर्ने र यो नीति कार्यन्वयन गराउने सम्बन्धमा भएका नीति नियमहरु कार्यान्वयन गराउन सम्बन्धित निकायले आवश्यक सहयोग गरिदिएमा प्रभावकारी रुपमा कार्यन्वयन गर्न सहज हुने देखिन्छ ।

## ४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन नीति कार्यन्वयनमा देखापरेका समस्याहरु

निरन्तर मूल्याङ्कन प्रणालीलाई शैक्षिक प्रक्रियाको अभिन्न अंगको रुपमा लिइएको छ । यो प्रणाली मूल्याङ्कन प्रणालीभन्दा पनि शैक्षिक क्रियाकलापसँग बढी सम्बन्धित छ । यसले विद्यार्थीहरुको व्यक्तिगत विभिन्नतालाई समेत ध्यान दिएको हुन्छ । त्यसैले यसले आवधिक मूल्याङ्कनबाट विद्यार्थीका उपलब्धिसम्बन्धी सूचना दिने मात्र नभई पाठ्यक्रमका अपेक्षाअनुरुप विद्यार्थीमा सिकाइ उपलब्धि हासिल भएको सुनिश्चित गर्न मद्दत गर्दछ । यस मूल्याङ्कनले शिक्षकलाई विद्यार्थी उपलब्धिसम्बन्धी सूचनाहरु संकलन गर्न, प्रस्तुती गर्न, संश्लेषण र विश्लेषण गर्न मद्दत गर्दछ । यो मूल्याङ्कन प्रणाली विद्यार्थीको निरन्तर प्राप्तिका लागि अति आवश्यक रहेको भएता पनि यस पद्धतिलाई सबै सरोकारवालाहरुले राम्रो कार्यक्रमका रुपमा लिएको भएतापनि यसको सफल रुपमा कार्यान्वयन हुन नसकेको अध्ययन प्रतिवेदनले देखाएको छ । किनभने नीतिगत रुपमा शैक्षिक सत्र २०६८ सालदेखि कक्षा पाँचसम्म कार्यान्वयनमा आइसकेको भए तापनि व्यवहारमा कार्यान्वयन अवस्था सन्तोषजनक देखिँदैन । यसका कारक तत्वहरु धेरै हुन सक्छन् । जसमा अध्ययनले देखाए अनुसार नीतिलाई कार्यान्वयन गर्दा के कस्ता समस्याहरु देखिएका छन् भन्ने सम्बन्धमा शिक्षा विभाग (२०६७) ले उल्लेख गरेका समस्या र यसलाई कार्यान्वयन गराउने वि.नि., प्र.अ., शिक्षक र अभिभावक (सरोकारवालाहरु) ले भोगेका समस्याहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ । जुन अनुसूची १२ मा उल्लेख गरिएको छ । उक्त तालिका अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्राविधिक समस्या लगाएत व्यवस्थापकिय समस्या पनि देखिएको छ । साथै कार्यन्वयनमा प्रभावकारि अनुगमन हुन नसकेको देखिन्छ । जसमा परिक्षा लाई मात्र मूल्याङ्कनको रुपमा लिनु निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको कमजोरी हो भन सकीन्छ । जसको कारण सरोकारवालाहरुको कार्यन्वयनमा प्रतिबद्धता नभएको देखिन्छ । प्रतिबद्धता नभएको कारण नै कार्यक्रमहरु कम सञ्चाल भएको देखिन्छ ।

अनूसुची १२ मा उल्लेखित दुबै समस्याहरुमा समानता देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनका प्रमुख समस्याहरुमा निरन्तर मूल्याङ्कन प्रक्रियाका साधनहरु समयमै उपलब्ध नहुनु, उपलब्ध साधनहरु प्रयाप्त नहुनु, विद्यार्थी उपस्थितिमा कमी हुनु, सबै शिक्षकलाई तालिम दिइ नसकेकोले नीति कार्यान्वयनकर्ता शिक्षक नै नीतिको बारेमा अस्पष्ट हुनु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु, एक शैक्षिक सत्रमा पटक-पटक रुटिन परिवर्तन हुनु, नपढे पनि कक्षा चढ्न पाइन्छ भनेर उच्च मनोवल बढ्ने हुनाले किन पढ्ने र किन पढाउने भन्ने सोंचको विकास हुने, सिकाइ उपलब्धि पूरा नगरेको विद्यार्थी पनि कक्षोन्नती हुन खोज्ने, प्रत्येक विषयको प्रत्येक पाठको अभिलेख राख्नुपर्ने हुँदा धेरै झन्झटिलो भएको,

कार्यान्वयनको प्रभावकारी अनुगमन नभएको, प्राविधिक सीपमा कमी भएको तथा सिकाइ उपलब्धि पूरा नभएका विद्यार्थीलाई पनि कक्षोन्नति गरेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको नीतिले नेपालको शैक्षिक समस्या तल्लो तहमा अत्याधिक फेल हुने, कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने समस्यालाई केही हदसम्म समाधान गरेको भएता पनि नीतिको बारेमा नै स्पष्ट नहुनु, कार्यसञ्चयिकाको व्यवस्थापन गर्न आर्थिक कठिनाइ पर्नु, निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको लागि प्रयोग गरिने फोल्डर शिक्षक स्रोत सामग्री, शिक्षक निर्देशिकाहरु जिल्ला शिक्षा कार्यालयहरुमा केही मात्रामा आउने भएता पनि विद्यालयहरुलाई प्राप्त नभएको देखियो । यसरी पाठ्यक्रम विकास केन्द्रद्वारा प्राप्त फोल्डर, शिक्षक स्रोत सामग्री, शिक्षक निर्देशिका प्रयाप्त मात्रामा जिल्ला शिक्षा कार्यालयमा उपलब्ध गराएर विद्यालयमा वितरण गर्नुपर्ने, आर्थिक रुपमा कमजोर विद्यालयलाई आर्थिक रुपमा सबल बनाउनुपर्ने, तथा सबै शिक्षकहरुलाई यथेष्ट तालिम दिई दक्ष बनाउनुपर्ने, विद्यार्थी अनुपस्थितिका कारण पहिचान गरी विद्यार्थी उपस्थितिमा बृद्धि गर्नुपर्ने देखिन्छ ।

### ४.३ निरन्तर विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या समाधानका उपायहरु

निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीहरुको निरन्तर प्रगतिका लागि अति नै आवश्यक प्रक्रिया हो । यस पद्धतिको सही प्रयोग भएको खण्डमा सरोकारवालाहरुले गुणस्तरीय शिक्षाको चाहना सहज रुपमा पुरा हुने वातावरण बन्दछ भने सामान्यतया मूल्याङ्कन भनेको सिकाईको मूल्याङ्कन भन्ने बुझिन्छ तर मूल्याङ्कन भनेको सिकाइको मूल्याङ्कन नभएर सिकाइका लागि मूल्याङ्कन भन्ने बुझिन्छ । त्यसैले शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीमा CAS बारे स्पष्ट जानकारी गराउने खालका तालिम/अभिमुखिकरणले पनि समस्या समाधान गर्न मद्दत गर्छ । त्यसैले निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गराउदा विविध समस्याहरु आएको कुरा स्रोत व्यक्ति, प्र.अ., र शिक्षकहरुबाट पाइयो । यी समस्याहरु समाधानका उपायहरुलाई तलको तालिकामा देखाइएको छ । जुनलाई अनुसूची १३ मा उल्लेख गरिएको छ ।

अनूसुची १३ मा उल्लेखित दुबै अवस्थामा समस्या समाधानका अधिकांश उपायहरुमा समानता देखिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्दा देखापरेका समस्याहरु समाधान गर्नको लागि शिक्षक तालिमको व्यवस्था गर्नुपर्ने, विद्यालयलाई स्रोत साधन सम्पन्न बनाउनुपर्ने, शिक्षक दरबन्दी थप गर्नुपर्ने, प्राथमिक तहका शिक्षकहरुलाई निरन्तर मूल्याङ्कन प्रक्रियाको बारेमा तालिम दिई दक्ष बनाइनुपर्ने तथा प्राप्त तालिमलाई व्यवहारमा लागू गराउनुपर्ने, विद्यार्थी उपस्थिति नहुनुको कारण पहिचान गरी विद्यार्थी उपस्थितिमा बृद्धि गर्न जोड दिइनुपर्ने, सबै विद्यालयहरुलाई निरन्तर मूल्याङ्कन प्रणालीका लागि समयमै स्रोत साधन सम्पन्न बनाइनुपर्ने, निरीक्षण तथा अनुगमन व्यवस्थालाई प्रभावकारी बनाइनुपर्ने, वास्तविक सिकाइ उपलब्धी नभएकालाई थप समय दिएर वास्तविक सिकाइ उपलब्धि गराइनुपर्नेछ ।

त्यसै गरी प्रत्येक विद्यार्थीको नमूना कामको मूल्याङ्कन गरी कार्यसंचयिका अधावधिक गरी अभिभावकलाई जानकारी दिने गर्नुपर्दछ । अभिभावक निरक्षर भए वालवालिकाको प्रगतिको बारेमा मौखिक जानकारी दिने गर्नुपर्दछ । कक्षा शिक्षकले उदार कक्षोन्नतीका माध्यमबाट माथिल्लो कक्षामा आएका सबै बालबालिकाको कार्यसञ्चयिकाको अध्ययन गरी कमजोर विद्यार्थीका लागि आवश्यक शिक्षण सिकाई क्रियाकलाप संचालन गर्नुपर्दछ । आफ्नो विद्यालयका शिक्षकहरुलाई निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी तालिममा अनिवार्य रुपमा सहभागी हुन पठाएको पाइयो र तल्लो कक्षाबाट कक्षोन्नती भएका कमजोर विद्यार्थीहरुलार्य थप शिक्षण सिकाई क्रियाकलाप गर्ने व्यवस्था मिलाउने र कमजोर विद्यार्थीका लागि सुधारात्मक शिक्षण गर्न शिक्षकलाई अभिप्रेरित गरेको पनि पाइयो भने अभिभावकले नियमित विद्यालय गएर आफ्ना बालबालिकाको उपलब्धिका बारेमा जानकारी लिएको र आफ्नो बालबालिका विद्यालयमा नियमितता छ वा छैन भनी जानकारी लिएको पाइएन । स्रोत व्यक्तिले उपलब्ध सामग्रीको उपयोग, विद्यालय कार्यसञ्चयिकाको व्यवस्थापनको अनुगमन गर्ने र कमजोरी भएमा त्यसलाई सुधार गर्न सम्बन्धित पक्षलाई सचेत नगरेको पाइयो र विद्यालयमा कार्यरत शिक्षकहरुलाई निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धमा आवश्यक पर्ने प्राविधिक सहयोग उपलब्ध नगराएको पाइयो ।

त्यसैले निरन्तर मूल्याङ्कन सम्बन्धि पाइएका र पाउन सकिने समस्याहरुको पहिचान गरी ती समस्या समाधानका उपायहरु सम्बद्ध सरोकारवालाहरुको सक्रिय सहभागितामा पहिचान र सफल कार्यान्वयन गरेर यस मूल्याङ्कन प्रणालीलाई आधारभूत शिक्षामा दिगो रुपमा स्थापित गर्न सकियो भने मात्र निरन्तर मूल्याङ्कन प्रणालीको वास्तविक उद्देश्य पूरा हुन्छ । अतः यी सबै कुराहरुलाई हृदयङ्गम गरी शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिको सबल र सक्रिय नेतृत्वको आवश्यकता पर्दछ । यसैगरी संचार व्यवस्था र अनुगमन प्रणालीलाई बढी क्रियाशिल बनाई यसले अपेक्षा गरेको लक्ष्य हासिल गराउन सबै पक्षको आ-आफ्नो स्थानबाट सहयोग हुनुपर्ने देखिन्छ ।

# परिच्छेद पाँच

# प्राप्ती, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ती

शैक्षिक कार्यक्रमको एउटा महत्वपूर्ण पक्ष वा लगानी विद्यार्थी हो । कुनै विद्यार्थीले उसको उमेर र स्तर अनुसारको ज्ञान, सीप हासिल गर्न सक्यो या सकेन भनि लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ । विद्यार्थीले के सिके ? के सिक्न सकेनन् ? सिक्न नसक्नुका कारणहरु बुझेर शिक्षकहरुले सुधारात्मक शिक्षण गर्ने, पृष्ठपोषण दिने, जान्नेलाई प्रोत्साहन गर्न, नजान्नेलाई सुधारात्मक शिक्षण गर्न विद्यार्थीहरुको सम्पूर्ण पक्षको मूल्याङ्कन गरी कक्षोन्नती गर्न आवश्यक छ । सरकारले प्राथमिक तहको शिक्षामा ठूलो लगानी गरेको छ तर सोचे अनुसारको प्रतिफल पाउन नसकेको विभिन्न अध्ययनहरुले देखाएका छन् । यसरी लगानी अनुसारको प्रतिफल पाउन नसक्नुमा एक प्रमुख कारण भनेको मूल्याङ्कन प्रणाली पनि हो । अझै पनि प्राथमिक तहका शिक्षक र विद्यार्थीहरुमा नै मूल्याङ्कन भनेको वार्षिक रुपमा लिइने लिखित परीक्षा नै हो भन्ने अवधारणा छ । अभिभावकहरु पनि लिखित परीक्षाबाट नै मूल्याङ्कन भएको उचित मान्दछन् । वार्षिक रुपमा लिइने लिखित परीक्षाबाट मात्र प्राथमिक तहका बालबालिकाको उचित मूल्याङ्कन हुन सक्दैन । उनीहरुको ज्ञानात्मक पक्षको साथै भावनात्मक र मनोक्रियात्मक पक्षको पनि विकास भए/नभएको लेखाजोखा मूल्याङ्कनबाट गरिनुपर्दछ । अतः लिखित परीक्षाबाट मात्र प्राथमिक तहका विद्यार्थीको मूल्याङ्कन नगरी निरन्तर मूल्याङ्कनको माध्यमबाट कक्षोन्नती गर्ने नीति वि.सं. २०६३ बाट नै अधिराज्यभर लागू गरिएको छ । अध्ययनको क्षेत्रमा "निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था" शीर्षकमा आधारित रहेर खोज गर्दा पाइएका प्राप्तीलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यन्वयनको अवस्था सम्बन्धि**

- दुबै विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली विगत ३-४ वर्षदेखि लागू गरिएको पाइयो ।
- शिक्षकहरुले तालिमको अपेक्षा गरेको पाइयो धेरै जसो शिक्षक यसप्रतिको ज्ञानमा अनभिज्ञ भएको कुरा प्राप्त भयो ।
- निरन्तर मूल्याङ्कन प्रणालीमा हाजिरीलाई प्रथम प्राथमिकतामा राखेर विद्यार्थी मूल्याङ्कन गरेको पाइयो ।
- अध्ययन क्षेत्रमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था सिद्धान्तमा मात्रै देखि व्यवहारिक रुपमा लागू गरिएको पाइएन ।
- पोर्टफोलियोको व्यवस्थापन पूर्ण रुपमा गरिएको पाइएन ।
- लिखित र आवधिक परीक्षासँगै निरन्तर मूल्याङ्कन पनि गर्न सकियो भने त्यो प्रभावकारी हुने धारणा अधिकांश शिक्षकहरुबाट प्राप्त भयो ।

- शिक्षण विधिको प्रयोग पाठ्यक्रमले उल्लेख गरे अनुसारको पाइएन ।
- प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप बालगित, कविता प्रतियोगिता, खेलकूद, सरसफाइ, हाजिरी जवाफ आदिका माध्यमबाट शिक्षण गरेर विद्यार्थीको सक्रियता बढाउने गरेको पाइयो ।
- विद्यार्थीको मूल्यांकन गर्दा कक्षाकार्य, गृहकार्य र हाजिरीको प्रयोग गर्ने गरेको पाइयो ।
- अध्ययन क्षेत्रका १४ जना शिक्षकहरुमध्ये ६ जनाले मात्र कार्य संचयिकाको निर्माण गरेको पाइयो तर पाठ्यक्रमले उल्लेख गरेको ढाँचामा निर्माण गरेको पाइएन ।
- दुबै विद्यालयका प्र.अ.हरुले यो नीतिलाई कक्षाकोठादेखि वार्षिक परीक्षासम्म हरक्षण गरिने मूल्याङ्कन मात्र नभई यस नीति Summative evaluation लाई विस्थापन गर्न, कक्षा छाड्ने र दोहोऱ्याउने दर कम गर्न, मूल्याङ्कनलाई समय सापेक्ष बनाउने नीतिको रुपमा लिइएको पाइयो ।
- चूरे उ.मा.वि.का ४० प्रतिशत शिक्षकहरुले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विद्यार्थीको लिखित परीक्षासँगै उनीहरुको हाजिरी, अतिरिक्त क्रियाकलापमा सहभागिता, गृहकार्य, व्यवहार परिवर्तन आदिको लेखाजोखा गरी प्राथमिक तहका विद्यार्थीलाई एक शैक्षिक सत्र भरिमा चढाउने नीतिको रुपमा बुझेको पाइयो ।
- अध्ययनका क्षेत्रमा परेका शिक्षकहरुले निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गराउँदा पाठ्यक्रमले तोकेका सबै आधारहरु अपनाइएको पाइएन । दुबै विद्यालयका शिक्षकहरुले गृहकार्य, हाजिरी, व्यवहार परिवर्तन सृजनात्मक कार्यलाई निरन्तर मूल्याङ्कनको आधार बनाइएको पाइयो तर परियोजना कार्यबारे अनभिज्ञ तथा कम महत्व दिएको पाइयो ।
- दुबै विद्यालयमा शैक्षिक सामग्रीको अवस्था सन्तोषजनक रहेको पाइएन ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन भएपछि शिक्षकहरुले पढाउने तरिकामा भने परिवर्तन गरेको प्र.अ.ले बताएका थिए ।
- शिक्षण सिकाइ क्रियाकलाप शिक्षण सामग्री विना नै शिक्षण गरेको पाइयो ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गराउने सम्बन्धमा रहेका शिक्षक, प्र.अ. र स्रोतव्यक्तिले विभिन्न समस्याहरु रहेको बताए । जस्तै : तालिम अप्राप्त शिक्षक, विद्यार्थी संख्या बढी, स्रोत साधन उपलब्ध हुन नसक्नु, समयको अभाव, अनुगमन तथा निरीक्षण प्रभावकारी नहुनु, अभिभावकमा चेतनाको कमी आदि ।
- निरन्तर विद्यार्थी मूल्यांकन कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरुबारे सरोकारवालाहरुसँग गरिएको प्रश्नमा सम्बन्धित शिक्षकहरुबीच समन्वय आवश्यक, पूनर्ताजगीय तालिम र उत्प्रेरणा आवश्यक, अनुगमनको आधारमा दण्ड, सजाय र पुरस्कारको व्यवस्था, आवश्यक स्रोत साधनको व्यवस्था भएमा प्रभावकारी रुपमा कार्यान्वयन हुने बताए ।
- त्रैमासिक, अर्धवार्षिक, वार्षिक (लिखित परीक्षा) लाई नै प्राथमिकताको रुपमा राखेको पाइयो ।

**प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यन्वयनमा देखा परेका समस्या र समाधानका उपायहरु सम्बन्धि**

- निरन्तर मूल्याङ्कन प्रणालीमा मूल्याङ्कन गर्न अपनाइने केही पक्षहरुलाई गौण मूल्याङ्कन अन्तर्गत राखेको पाइयो ।
- विद्यालयले विद्यार्थीहरुको स्तर बृद्धि गर्न विभिन्न उपायहरु जस्तै : नजान्ने विद्यार्थीहरुलाई छुट्टै राखेर पढाउने व्यवस्था, ट्युसनको व्यवस्था, कक्षा समयमै कमजोर विद्यार्थीलाई बढी अवसर, शिक्षण विधि परिवर्तन गरेर शिक्षण गरेको पाइयो ।
- प्राथमिक तहका अधिकांश शिक्षक तालिम अप्राप्त रहेको पाइयो ।
- त्यसैगरी अध्ययनमा छनौटमा परेका कोही अभिभावकहरुले यो नीति राम्रो नभएको बताएका थिए । नानीहरु फेल नहुने डरले पढ्न छोडेको, सरहरुले मूल्याङ्कन प्रणालीलाई मात्रै जोड दिएको तर पढाउने नगरेको भन्ने गुनासो गरेको पाइयो ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन विद्यालयको भौतिक अवस्था सबल हुनुपर्ने भए तापनि चूरे उ.मा.वि.को भन्दा सरस्वती प्रा.वि.को भौतिक अवस्था कमजोर रहेको पाइयो ।

यसरी छनैटमा परेका २ वटै विद्यालयहरुको प्राप्तिको आधारमा के भन्न सकिन्छ भने निरन्तर विद्यार्थी मूल्याङ्कनको वास्तविक कार्यान्वयन पक्षलाई सुधारेर मात्र नभएर शिक्षण पद्धतिमै सुधार गर्नुपर्ने देखिन्छ ।

## ५.२ निष्कर्ष

वि.सं. २०६३ सालदेखि नेपालभरी निरन्तर मूल्याङ्कनको प्रयोग शुरुवात गरि सबै सामुदायिक विद्यालयहरुको कक्षा ५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गरिएको छ । विद्यालय क्षेत्र सुधार योजना (२०६२-२०७२) मा कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षामा निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके यसले विद्यार्थीको ज्ञानात्मक पक्षको साथै भावनात्मक र मनोक्रियात्मक पक्षको पनि विकास गर्ने निश्चित छ तर प्राथमिक तहका शिक्षकहरुमा तालिमको माध्यमबाट उनीहरुको परम्परागत मूल्याङ्कन प्रतिको सोचमा परिवर्तन ल्याउन एकदमै जरुरी छ ।

अध्ययन क्षेत्रमा परेका विद्यालयका सरोकारवालाहरुसँग गरिएको अन्तरवार्ता, अवलोकन, लक्षित समूह छलफल आदिबाट प्राप्त सूचनाबाट यही निष्कर्ष पाइयो कि निरन्तर विद्यार्थी मूल्याङ्कन लागू भएको केही समय वितिसक्दा पनि यसको अवधारणा बारेमा नै शिक्षकहरु अनभिज्ञ रहेका छन् । कुनै पनि नयाँ नीति कार्यान्वयन गर्नु अगाडि सम्बन्धित विषयमा समग्र व्यक्तिहरु जानकार हुनुपर्ने हुन्छ तर उक्त कुरा जुन तहमा लागू गरिएको छ त्यही तहका शिक्षकहरु समेत यसको सामान्य अवधारणाबारे अनभिज्ञ रहेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा पाठ्यक्रमले तोकेका सबै मापदण्डहरु प्रयोग नगरेको पाइयो ।

कतिपय शिक्षकहरुलाई त परियोजना कार्य अन्तर्गत विद्यार्थीलाई के गर्न लगाउने भन्ने सम्बन्धमा नै जानकारी नभएको पाइयो । अझ कार्यसञ्चयीका निर्माण केही शिक्षकहरुले मात्र गरेको पाइयो । त्यसैगरी शिक्षक तालिम सबै शिक्षकहरुले नलिएको पाइयो । ६ जना शिक्षकहरुले मात्र निरन्तर मूल्याङ्कन सम्बन्धी तालिम लिएको बताएका थिए । अन्यले भने केही समय अगाडी नै दशमहिने तालिम प्याकेजमा भाग लिएको बताएका थिए । शैक्षिक व्यवस्थापनमा पनि भौतिक व्यवस्थापन दुबै विद्यालयमा सन्तोषजनक थिएन तर मनोबैज्ञानिक व्यवस्थापन पक्ष भने कमजोर पाइएको थियो । विद्यालयको सरसफाई, कक्षाकोठाको आकार कक्षाकोठाको सरसफाई सन्तोषजनक पाइयो । विद्यार्थीको बसाई र कालोपाटीको रखाइ भने परम्परागत रुपकै नै पाइयो । विद्यार्थी २ लहरमा राखेको पाइयो । परम्परागत रुपको विद्यार्थीको बसाइले शिक्षक पढाउने क्रममा सबै विद्यार्थीको नजिक पुग्न नसकेको देखियो भने अगाडीको भित्ताको बीचमा कालोपाटी राख्दा पछाडीका विद्यार्थीले टल्किएर देख्नमा समस्या आएको कक्षा अवलोकनबाट देखिन आएको थियो । मनोवैज्ञानिक व्यवस्थापन अन्तर्गत पर्ने विद्यार्थीको रुचि, इच्छा, संवेगलाई शिक्षकले बेवास्ता गर्ने गरेको पाइयो । विद्यालय राजमार्गबाट टाढा रहेकोले बाह्य वाधाबाट भने मुक्त रहेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्न आएका समस्याहरुमा शिक्षकहरु तालिम अप्राप्त हुनु, आवश्यक स्रोतसाधनको कमी, सम्बन्धित क्षेत्रबाट अनुगमन निरीक्षण नहुनु, विद्यार्थी संख्या बढी हुनु रहेको पाइयो । प्राथमिक तहका शिक्षकहरुले पनि यो नीतिलाई सैद्धान्तिक रुपमा राम्रो मानेपनि व्यवहारिक रुपमा झञ्झटिलो रुपमा लिएको पाइयो । यो नीतिलाई कसरी सहज र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ भनेर खोज गर्दा अध्ययन क्षेत्रका सरोकारवालाहरुको विचारमा प्राथमिक तहका शिक्षकहरुलाई शैक्षिक सत्र सुरु हुनुभन्दा अगाडि तालिम दिनुपर्ने, शिक्षकहरुबीच समन्वय हुनुपर्ने, स्रोत साधन सम्पन्न हुनुपर्ने, स्रोत व्यक्तिबाट समय-समयमा निरीक्षण अनुगमन हुनुपर्ने, शिक्षक दरवन्दी थप गर्नुपर्ने, प्र.अ.ले शिक्षकका कार्यमा चासो दिनुपर्ने, स्थानीय शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनसके यो नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकिने बताएका थिए ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्थाा शीर्षकमा आधारित रहेर खोज गर्दा शिक्षा क्षेत्रका सबै समस्याहरु समाधान गर्न निरन्तर मूल्याङ्कन प्रणाली मात्र होइन तर शिक्षक, विद्यार्थी, पाठ्यक्रम र अभिभावकबीच निरन्तर सम्बन्ध बढाउने एउटा माध्यमका रुपमा पाइयो । विद्यालयीय शिक्षाको जगको रुपमा रहेको आधारभूत शिक्षालाई समय सापेक्ष बनाउनु यसको उद्देश्य हो । त्यसैले निरन्तर मूल्याङ्कन प्रक्रियाले विद्यार्थीहरुको मनोविज्ञानलाई असर नपर्ने गरी पठनपाठनलाई कक्षामा सिकाइकोवातावरण सिर्जना गरी प्रत्येक विद्यार्थीहरुको सिकाई उपलब्धिको निरन्तर रुपमा पाठ अनुसार नै मूल्याङ्कन गरी कमजोर पक्षलाई सहयोगी शिक्षणका रुपमा अगाडि बढाउने र विद्यार्थीहरुमा भएको प्रतिभा प्रस्फुटन हुने अवसर सृजना गर्ने अपेक्षाका साथ अगाडी बढाइएको भएता पनि भौगोलिक विविधता, स्रोत साधनको कमी, दक्ष जनशक्तिको अभाव तथा

परम्परागत सोंचले गर्दा हाल भइरहेको अवस्थाबाट त्यति सन्तोष लिन सक्ने स्थिति पाइएन । अतः यीसबै कुराहरुलाई मनन् गरी संचार व्यवस्था र अनुगमन प्रणालीलाई बढी क्रियाशील बनाई यसले अपेक्षा गरेको लक्ष्य हासिल गराउन सरोकारवाला सबैले आ-आफ्नोस्थानबाट सहयोग हुनुपर्ने देखिन्छ।

पोर्टफोलियो व्यवस्थापन विद्यार्थी मूल्याङ्कनको एउटा भरपर्दो साधन भएकोले यसलाई वैज्ञानिक र व्यवस्थित तरिकाले व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।निरन्तर मूल्याङ्कन गर्दा विद्यार्थीबाट भएका सबै सिकाई उपलब्धि र निर्देशिकामा उल्लेख गरिएका कुरालाई नसमेटी अभिलेख राखेको कारणले यसलाई निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन निर्देशिका पुस्तिका अनुसार राख्नुपर्ने देखिन्छ । यस अध्ययनमा पोर्टफोलियो व्यवस्थापन र प्रयोग सम्बन्धी अधिकांश शिक्षकमा ज्ञानको कमी पनि भएको पाइयो तर यस सम्बन्धमा माथिल्लो निकायले कुनै चासो नदिएको पाइयो ।

## ५.३ सुझाव

अध्ययनबाट प्राप्त सूचनाहरु र निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनको अवस्था र यसमा देखिएका समस्याहरु समेत ध्यानमा राखी सम्बन्धित निकायलाई निम्नानुसार सुझावहरु दिइएको छ ।

- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी उपलब्ध गराउनुपर्ने ।
- सैद्धान्तिक ज्ञानको लागि शिक्षकहरुलाई तालिमको व्यवस्था गरिनुपर्ने ।
- देशको भौगोलिक विकटता स्रोत साधनको कठिनाइलाई पनि ख्याल गरी सूचना तथा संचारको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्ने ।
- विद्यालयमा प्रयाप्त शैक्षिक सामग्री उपलब्ध गराउनेतर्फ सम्बन्धित निकायले ध्यान दिने।
- शिक्षकलाई धेरैभन्दा धेरै स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोग गरी शिक्षण गर्न प्रोत्साहित गर्ने ।
- परिवर्तनप्रति तत्परता जगाउन निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्वबारे बोध गराउनका लागि शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनका लागि शिक्षा ऐन तथा नियमावलीमा स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्दछ ।
- विद्यार्थीको मूल्याङ्कन नियमित रुपमा अध्ययन अध्यापन कार्यसँगै संचालन गर्ने र प्राप्त नतिजाबाट पृष्ठपोषण लिनेदिने गरी सुधारात्मक शिक्षणसमेत गर्ने ।
- यस मूल्याङ्कन प्रणालीबाट विविध क्षेत्रका विद्यार्थीहरुको अन्तरनिहित क्षमताको पहिचान र अभिलेखिकरण गरी त्यस्ता क्षमता हासिल गर्न सहयोग हुने गरी उपयोगमा ल्याउने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

- जिल्लाभित्रका विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनमा सहयोग पुग्ने गरी शिक्षक दरबन्दी मिलान गर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी रुपमा कार्यान्वयन गर्ने विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई पुरस्कृत गर्ने परम्पराको शुरुवात गर्ने वा पुरस्कारका लागि सिफारिस गर्ने ।
- स्रोत केन्द्रमार्फत् शिक्षण सिकाई र निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग अवस्था सम्बन्धी सुपरिवेक्षण गरी शिक्षक र विद्यालयहरुलाई आवश्यक सहयोग गराउने ।
- उत्तीर्ण, अनुत्तिर्ण नहुने र सबैको कक्षोन्नति हुने हुँदा किन पढ्ने र किन पढाउने भन्ने सोंचको विकास भइ समय बरवाद भई विद्यार्थीको आधार कमजोर हुनसक्छ यस्तो वातावरण सिर्जना हुन नदिने ।
- विद्यालयको भौतिक स्थिति सुधार ल्याउने ।
- अभिभावकहरुले आफ्नो बच्चाको सिकाइप्रति ख्याल गर्न नसक्ने अथवा निरक्षर भएको खण्डमा विद्यालयले राम्रो ख्याल गर्ने ।
- विद्यार्थी अनुपस्थितिका कारणहरु पहिल्याइ विद्यार्थी अनुपस्थितिलाई निरुत्साहित गर्ने र त्यसको बारेमा अभिभावकलाई जानकारी प्रदान गर्ने ।
- एक वर्षमा औसत बढी दिन उपस्थित हुने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिनुपर्ने ।
- सबैभन्दा बढी अनुशासित विद्यार्थीलाई पुरस्कृत गर्ने ।

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०६८), **शिक्षा सेवा प्राविधिक सहायक**, बागबजार, काठमाडौं : आशिष बुक्स हाउस, काठमाडौं ।

खनाल, श्रीप्रसाद (२०६५), **कार्यक्रम मूल्याङ्कन**, काठमाडौं : जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

खनाल, पेशल (२०६७), **शैक्षिक अनुसन्धान पद्धति**, कीर्तिपुर, काठमाडौं : सनलाईट पब्लिकेशन

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६४), **शिक्षाका आधारहरु**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

पा.वि.के. (२०६८), **निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका**, सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पा.वि.के. (२०६३), **राष्ट्रिय पाठ्यक्रम प्रारुप**, सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पा.वि.के. (२०५७)**, प्राथमिक पाठ्यक्रम दिग्दर्शन**, सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पा.वि.के. (२०६७), **शिक्षा पत्रिका**, सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

भट्ट, टिकेन्द्र (२०६५), **प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नती व्यवस्थाको कार्यान्वयनको स्थिति**, अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

शर्मा, गोपीनाथ (२०६६), **नेपालमा शिक्षा आयोगका प्रतिवेदन**, डिल्लीबजार, काठमाडौं : मकालु प्रकाशन गृह ।

शै.ज.बि.के. (२०६७), **शिक्षक शिक्षा**, सानोठिमी भक्तपुर : शै.ज.वि.के. ।

शिक्षा विभाग (२०६४), **शैक्षिक स्मारिका**, सानोठिमी, भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग (२०६७), **शैक्षिक सूचना संगालो**, सानोठिमी, भक्तपुर : शिक्षा विभाग ।

CDC. (2056). **Continuous Assessment System**. Teacher guide. Sanothimi. Bhaktapur.

Patel, Rambhai N. (1993), **Educatioal Evaluation,** Mumbai : Himalayan Printing House.

**निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था**

## अनुसूची १

### प्र.अ. का लागि असंरचित अर्न्तवार्ता

### अर्न्तवार्ता कार्यक्रम विवरण

विद्यालयको नाम : शिक्षण गराउने विषय (यदि भएमा)

प्रधानाध्यापकको नाम : शिक्षण गराउने कक्षामा वि.सं. (यदि भएमा)

शैक्षिक योग्यता : अर्न्तवार्ता मिति :

तालिम :

### प्रधानाध्यापकका लागि अर्न्तवार्तामा सोधिने प्रश्नहरु

१. निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको के हो ?

२. निरन्तर विद्यार्थी मूल्याङ्कन अन्तर्गत विद्यार्थीको मूल्याङ्कन कसरी गरिन्छ ?

३. प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया किन आएको पाइन्छ ?

४. निरन्तर विद्यार्थी मूल्याङ्कनका राम्रा पक्षहरु के छ ?

५. यदि यो मूल्याङ्कन प्रणाली राम्रो छ भने कसरी राम्रो भयो ?

६. यस मूल्याङ्कन प्रणालीलाई कसरी राम्रो गर्न सकिन्छ ?

७. यस मूल्याङ्कन प्रणालीको नराम्रा पक्षहरु के-के हुन् ?

८. यस मूल्याङ्कन प्रणाली नराम्रो भए कसरी नराम्रो भयो ?

९. यस मूल्याङ्कन प्रणालीलाई कसरी राम्रो गर्न सकिन्छ ?

१०. यस मूल्याङ्कन प्रणालीलाई कार्यन्वयन गराउँदा आइपरेका कठिनाइ/समस्याहरु के-कस्ता पाउनु भएको छ ?

११. उक्त कठिनाइ वा समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

१२. तपाईको विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु भएको कति भयो ?

१३. विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन गर्दा कुन कुन पक्षलाई आधार बनाएर कक्षा चढाउनु हुन्छ ?

१४. कमजोर विद्यार्थीहरुलाई माथिल्लो कक्षा चढाउन के-कस्ता उपायहरु अपनाउनु भएको छ ?

१५. तपाइले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम लिनुभएको छ। यदि छ भने कति अवधिको लिनु भएको छ ?

१६. आफूले लिएको तालिमलाई निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियामा कसरी प्रयोग गर्नुभएको छ ?

१७. तपाईको विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी कति जना शिक्षकले तालिम प्राप्त गरेका छन् ?

१८. पाठ्यक्रमले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी के कस्ता नीति नियम र विधिहरुको बारेमा उल्लेख गरेको पाउनु भएको छ ?

१९. के यी नीति, नियम र विधिहरु प्रयाप्त र उपयुक्त छन् ?

२०. यस्ता नीति, नियम र विधिहरु प्रयाप्त र उपयुक्त छन् ?

२१. तपाईको विद्यालयमा कमजोर विद्यार्थीहरुको सिकाइस्तर अभिवृद्धि गर्न के कस्ता उपायहरु उल्लेख गरेको छ ?

२२. निरन्तर विद्यार्थी मूल्याङ्कन अन्तर्गत विद्यार्थीको मूल्याङ्कन कसरी गरिन्छ ?

२३. निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न के कस्ता मूल्याङ्कन विधिहरु प्रयोग गरिएको छ ?

२४. निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी विद्यालयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु भएको छ कि छैन ?

२५. निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यन्वयन गराउँदा तपाईको अनुभव र आइपरेका कठिनाइहरु के कस्ता पाउनु भएको छ ?

२६. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन कस-कसलाई के-कस्तो सुझाव दिन चाहानुहुन्छ ?

## निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

## अनुसूची २

### शिक्षकका लागि असंरचित अर्न्तवार्ता

शिक्षकको नाम : विद्यालयको नाम :

शैक्षिक योग्यता : शिक्षण अनुभव वर्ष :

१. विद्यार्थी सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नका लागि मूल्याङ्कनका कुन-कुन साधनको प्रयोग गर्नु भएको छ ?

२. पाठ्यक्रमले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि के कस्त नीति नियमहरु उल्लेख गरेको छ ?

३. निरन्तर मूल्याङ्कन सम्बन्धि तालिम लिनु भएको छ ?

४. विद्यार्थीको कार्य सञ्चयिका वा प्रगति विवरण निर्माण गरी यसको प्रयोग वा मूल्याङ्कन गर्नुभएको छ ? छ भने यसमा विद्यार्थीका कस्ता कस्ता क्रियाकलापहरु समावेश गर्नुभएको छ ?

५. कार्यसञ्चयिका निर्माण गर्न र यसको प्रयोग गर्दा के कस्ता कठिनाइहरु तपाइले महसुस गर्नु भएको छ ?

६. तपाईले शिक्षण गर्दा कुन कुन विधि अपनाउनु हुन्छ ?

७. विद्यार्थीहरुलाई सिकाइमा सक्रियता ल्याउनका लागि के कस्ता क्रियाकलाप गर्नुहुन्छ ?

८. शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोग हुनुहुन्छ ?

९. यदि गर्नुहुन्छ भने कस्ता सामग्रीको प्रयोग गर्नुहुन्छ ?

१०. शिक्षणका क्रममा विद्यार्थीको मूल्याङ्कन गर्नुहुन्छ ?

११. यदि गर्नुहुन्छ भने कसरी गर्नुहुन्छ ?

१२. शिक्षण गर्दा विद्यार्थीहरुलाई पृष्ठपोषण दिने गर्नुभएको छ ? यदि छ भने कसरी ?

१३. विद्यार्थीहरुलाई माथिल्लो कक्षा चढाउदा कुन-कुन आधार अपनाउनु हुन्छ ?

१४. कमजोर विद्यार्थीको सिकाइ बृद्धि गर्न के कस्ता प्रयासहरु गर्नु भएको छ ?

१५. तपाईले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम लिनु भएको छ ?

१६. यदि छ भने कति अवधिको लिनु भएको छ ?

१७. पाठ्यक्रमले निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि के कस्ता नीति नियम र विधिहरुको बारेमा उल्लेख गरेको पाउनु भएको छ ?

१८. पाठ्यक्रमले निर्धारण गरेका नीति, नियम र विधिहरुलाई विद्यालयमा लागू गर्नु भएको छ ?

१९. निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यन्वयन गराउँदा के कस्ता समस्याहरु भोग्नु भएको छ ?

२०. समस्याहरु समाधान गर्न सम्बन्धित निकायबाट के कस्तो पहल गरिएको छ ?

२१. निरन्तर विद्यार्थी मूल्याङ्कन नीतिलाई अझ प्रभावकारी रुपले कसरी कार्यन्वयन गर्न सकिन्छ ?

**निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था**

## अनुसूची ३

## अभिभावकका लागि लक्षित समूह छलफल निर्देशिका

विद्यालयको नाम :

विद्यालय रहेको स्थान :

| क्र.सं. | अभिभावकको नाम | उमेर | पेशा | शैक्षिक योग्यता | ठेगाना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

१. तपाईको छोराछोरीलाई नियमित विद्यालय पठाउनुहुन्छ ?

२. विद्यालय पठाउनुहुन्छ भने पढाइ लेखाइका लागि चाहिने आवश्यक सामग्रीहरु जुटाइदिनुहुन्छ कि हुँदैन ?

३. तपाईको छोराछोरी विद्यालयबाट कुनै गृहकार्य दिएको हुन्छ कि हुँदैन ?

४. तपाईको छोराछोरीले विद्यालयबाट दिएको गृहकार्य सबै गर्छ कि गर्दैन ?

५. तपाईको छोराछोरीको प्रगति विववरण कति-कति महिनामा हेर्न पाउनुहुन्छ ?

६. तपाईको छोराछोरीहरुको सिकाइ उपलब्धि स्तर बारेमा विद्यालयमा गएर जानकारी लिने गर्नुभएको छ कि छैन ?

७. तपाईको बच्चाको मूल्याङ्कन के कसरी हुन्छ थाहा छ कि छैन ?

८. परीक्षाको परिणाम नतिजा विद्यालयले जानकारी गराउछ कि गराउँदैन ?

९. विद्यार्थीहरुको गृहकार्य, नियमितता, अनुशासन, सरसफाइ, अतिरिक्त क्रियाकलाप सम्बन्धी जानकारी लिन्छन् वा लिदैनन् ?

१०. बच्चाको निरन्तर मूल्याङ्कनको माध्यमबाट कक्षा चढाउने व्यवस्था तपाईलाई कस्तो लाग्छ ?

११. तपाईको छोराछोरी कति कक्षा पढ्छन् ?

१२. तपाईको बच्चाले जान्नुपर्ने कुराहरु जाने जस्तो लाग्छ ?

१३. निरन्तर मूल्याङ्कन प्रणालीको माध्यमबाट फेल नगरी सबैलाई माथिल्लो कक्षामा लैजानु ठीक होला कि नहोला ?

१४. नेपाल सरकारले ल्याएको निरन्तर विद्यार्थी मूल्याङ्कनको नीतिलाई विद्यालयमा कसरी कार्यन्वयन गरिएको छ ?

१५. तपाईको विचारमा सबैलाई फेल नगरी माथिल्लो कक्षामा लैजादा के कस्ता समस्याहरु देखा पर्दछन् त ?

१६. यो नीतिले तपाईहरुलाई सन्तुष्ट बनायो त ?

१७. यो नीतिले तपाईहरुलाई गजव त बनायो नै बालबालिकाहरु नाम लेख्न नजाने पनि माथिल्लो कक्षामा जाने भए छैन ?

१८. तपाईको विचारमा परीक्षा लिएर पास हुने नीति ठिक छ कि निरन्तर मूल्याङ्कन नीति ठिक छ ? किन ?

१९. निरन्तर विद्यार्थी मूल्याङ्कन बारेमा तपाईको कुनै सल्लाह सुझाव भएमा ..............

## निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

## अनुसूची ४

## विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

विद्यालयको नाम :                                                            मिति :

विद्यालय रहेको स्थान :

| क्र.सं. | विद्यार्थीहरुको नाम | कक्षा | उमेर | ठेगाना |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

१. तिमि कति कक्षामा पढ्छौं ?

२. तिमी सधै विद्यालयमा आउछौं कि कहिलेकाही आउछौं ?

३. तिमी गृहकार्य सधैं गर्छौ वा कहिले काहि मात्र ?

४. तिमीले गृहकार्य आफै गर्छौ वा अरुको सहयोग गर्नुपर्दछ ?

५. तिमीलाई विद्यालय जान मनपर्छ कि घरमानै बस्न मनपर्छ ?

६. तिमीहरुलाई सरहरुले गीत गाउन, नाच्न, कविता भन्न लगाउनु हुन्छ ?

७. परीक्षा दिएर पास भएर माथिल्लो कक्षामा गएको राम्रो कि परीक्षा नदिएर माथिल्लो कक्षामा गएको राम्रो लाग्छ ?

८. तिमील परीक्षा दिएको छ कि छैन ?

९. तिमीहरुलाई शिक्षकले कक्षाकोठामा कक्षा कार्य दिनुहुन्छ कि हुँदैन ?

१०. तिमीहरुले नजानेको कक्षाकार्यलाई शिक्षकले तत्कालै सिकाउनु हुन्छ कि हुदैन ?

११. तिमीहरुलाई शिक्षकले नजानेको कुराहरु सिकाउने र जानेका कुराहरुमा स्यावासी दिनुहुन्छ कि हुदैन ?

१२. तिमीहरुले प्रगति विवरण घरमा लगेर देखाउन भन्नुहुन्छ ?

## १३. निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

### अनुसूची ५

### विद्यार्थीको प्रगति विवरण

शैक्षिक सत्र ............
विद्यालयको नाम...................कक्षा..................रोल नं........................
कक्षाशिक्षकः.................रुजुगर्नेः...............प्र.अ.को दस्तखतः...................

| विषय | निरन्तर विद्यार्थी मूल्याङ्कन | | | आवधिकमूल्याङ्कन | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | वार्षिक | प्रथम त्रैमासिकमूल्याङ्कन | | दोस्रो त्रैमासिकमूल्याङ्कन | | वर्षिक मूल्याङ्कन | | |
| | | | | पूर्णाङ्क १०% | प्राप्ताङ्क | पूर्णाङ्क ३०% | प्राप्ताङ्क | पूर्णाङ्क ६०% | प्राप्ताङ्क | |
| नेपाली | | | | | | | | | | |
| अङग्रेजी | | | | | | | | | | |
| गणित | | | | | | | | | | |
| सामाजीकअध्ययन | | | | | | | | | | |
| सिर्जनात्मककला | | | | | | | | | | |
| विज्ञान तथावातावरण | | | | | | | | | | |
| स्वास्थ्यतथाशारीरिक शिक्षा | | | | | | | | | | |
| स्थानिय विषय/मातृभाषा | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

कक्षाशिक्षकः.......................... रुजु गर्नेः................. प्र.अ.को दस्तखत...........................................

## निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

## अनुसूची ६

### कक्षा अवलोकन फारम

विद्यालयको नाम :...................................... मिति :...................................
कक्षा :.................................................... समय :...................................
विषय :..................................... जम्माविद्यार्थी संख्या :..............................
पाठशीर्षक :........................................................................................

| क्र.सं. | विवरण | अवस्था |
|---|---|---|
| १. | कक्षाकोठा व्यवस्थापन<br>- कक्षाकोठाको आकार<br>- कक्षाकोठाको सरसफाइ<br>- फर्निचरको व्यवस्था<br>- बसाइँव्यवस्था<br>- प्रकाशको व्यवस्था<br>- कक्षाकोठाको सजावट | |
| २. | विद्यार्थीको पूर्वज्ञान | |
| ३. | पाठयोजनाको निर्माण | |
| ४. | पाठको सुरुवात<br>- पाठ्यक्रममाआधारित उद्देश्य<br>- विषयवस्तुमाप्रवेश<br>- उत्प्रेरणा सिर्जना<br>- पूर्व पाठ र नयाँ पाठको सम्बन्ध<br>- पूर्व पाठको स्मरण | |
| ५. | शिक्षण सिकाइक्रियाकलाप<br>- शिक्षण विधि<br>- शिक्षण सामग्री<br>- विद्यार्थीहरुलाई सक्रिय सहभागीतागर्ने सीप<br>- पृष्ठपोषण तथाप्रोत्साहन | |
| ६. | पाठको अन्त्य | |
| ७. | मूल्याङ्कन | |
| ८. | गृहकार्य | |

## अनुसूची ७

### अध्ययनका लागी छनोट गरिएका विद्यालयहरुको नामावली

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री चूरे उच्च.मा. वि. बगनाह | बगनाह - ९ |
| २. | श्री सरस्वती प्रा. वि. वनविर | बगनाह - ९ |

## निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

## अनुसूची ८

### अध्ययनका लागी छनोट गरिएका विद्यालयका श्रोत व्यक्ति, प्र. अ. तथा शिक्षकहरुको नामावली

श्री चूरे उच्च.मा. वि. का शिक्षकहरुको नामावली

| क.सं. | नामावली | पद | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | मदन ज्ञवाली | श्रोत व्यति | एम.ए,वि.एड |
| २. | नन्द राम अधिकारी | प्र.अ. | वि.एसि/एम.एड |
| ३. | मक्कु रामचौधरी | शि. | आइ.ए |
| ४. | पिताम्वर पन्थी | शि | आइ.ए |
| ५. | पुण्पराज देवकोटा | शि. | एम.विय |
| ६. | दुर्गा शाही | शि. | आइ.ए |
| ७. | वेद राज अधिकारी | शि. | आइ.ए |
| ८. | रमा आचार्य | शि. | वि.एड |
| ९. | खगेन्द्र प्रसाद खनाल | शि. | वि.ए |

श्री सरस्वती प्राथमिक विद्यालयका शिक्षकहरुको नामावली

| क.सं | नामावली | पद | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | दया रानि थारु | प्र.अ. | वि.एड |
| २. | दुर्गा बड्वाल | शि. | वि.एड |
| ३. | बुद्धि राम थारु | शि. | एस.एल.सि |
| ४. | राम प्रसाद थारु | शि. | एस.एल.सि |
| ५. | लक्ष्मी शर्मा | शि. | आइ.एड |

## निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

## अनुसूची ९

**लक्षित समुह छलफलका लागि छनौट गरिएका विद्यार्थीहरुको नामावली**

| क्र.सं. | विद्यार्थीहरुको नाम | विद्यालयको नाम | कक्षा |
|---|---|---|---|
| १. | दिनेश खनाल | श्री चूरे उच्च मा. वि. वगनाह | ४ |
| २. | उद्धव न्यौपाने | श्री चूरे उच्च मा. वि. वगनाह | ४ |
| ३. | अनुपमा दाहाल | श्री चूरे उच्च मा. वि. वगनाह | ४ |
| ४. | सुन्दर खड्का | श्री चूरे उच्च मा. वि. वगनाह | ४ |
| ५. | नितिन सिग्देल | श्री चूरे उच्च मा. वि. वगनाह | ४ |
| ६. | राजेश चौधरी | श्री सरस्वती प्रा. वि. वनवीर | ४ |
| ७. | गोबिन्द चौधरी | श्री सरस्वती प्रा. वि. वनवीर | ४ |
| ८. | सरस्वती नेपाली | श्री सरस्वतीप्रा. वि. वनवीर | ४ |
| ९. | सुविताचौधरी | श्री सरस्वती प्रा. वि. वनवीर | ४ |
| १०. | सुमित्राचौधरी | श्री सरस्वती प्रा. वि. वनवीर | ४ |

## निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

## अनुसूची १०

### शिक्षण सिकाई क्रियाकलापको विवरण

| क्र.सं. | पाठ्यक्रमले निर्धारण गरे अनुसार | विद्यालयले गरेका कार्यहरु विवरणहरु | |
|---|---|---|---|
| | | कक्षा अवलोकन | शिक्षक अन्तरवार्ता |
| १ | विद्यार्थीहरुको पूर्वज्ञान थाहा पाउने<br>- सोधेर<br>- कुराकानी गरेर<br>- प्रश्नोत्तर गरेर<br>- पूर्व अभिलेख अध्ययन गरेर | जनकारी नलिएको | जनकारी नलिएको |
| २ | पाठयोजना प्रयोग<br>- विद्यार्थीको स्तरअनुसार उनीहरुलाई आकर्षित गर्ने खालका क्रियाकलाप समावेश गरेर | नबनाएको | नबनाएको |
| ३ | कक्षाको प्रारम्भ<br>- पूर्व पाठको स्मरण गराएर रुचि र आवश्यकता अनुसार विषयवस्तुमा प्रवेश | पूर्वपाठको स्मरण गराएर विषयवस्तु मा प्रवेश गरेको | पूर्वपाठको स्मरण गराएर विषयवस्तु मा प्रवेश गरेको |
| ४ | शिक्षण विधि<br>- शिक्षक सहजकर्ता, विद्यार्थी सक्रिय समूहकार्य, परियोजनाकार्य, प्रश्नोत्तर, छलफल | प्रश्नोत्तर, छलफल, समस्या समाधान, गृहकार्य गर्ने गरेको | समूह कार्य, समस्या समाधान र प्रश्नोत्तर गर्ने गरेको |
| ५ | शैक्षिक सामग्री<br>- विषयवस्तुसँग सम्बन्धित सामग्री | प्रयोग नगरेको | विद्यालयमा उपलब्ध भएका सामग्रीहरुको प्रयोग गरेको |
| ६ | सिकाइमा सक्रियता<br>- रुचि र क्षमताका आधारमा फरक फरक तरिकाबाट शिक्षण<br>- कमजोर विद्यार्थीलाई थप अभ्यास तथा क्रियाकलाप<br>- तीक्ष्ण विद्यार्थीलाई थप सिकाइ अवसर | स्तरअनुसार अतिरिक्त क्रियाकलापको माध्यमबाट शिक्षण गर्ने र कमजोर विद्यार्थीलाई बढी ध्यान दिने गरेको | " |
| ७ | मूल्याङ्कन<br>- निरन्तर मूल्याङ्कन गर्ने, अवलोकन, कक्षाकार्य, गृहकार्य, सहपाठी मूल्याङ्कन, अभिभावक सम्पर्क र कार्यसंचयिकाबाट गर्ने | प्रश्नोत्तर, लिखित, मौखिक प्रश्न गरेर मूल्याङ्कन गर्ने गरेको | प्रश्नोत्तर, कक्षाकार्य, गृहकार्य, छलफल बाट मूल्याङ्कन गर्ने गरेको |
| ८ | पाठको समाप्ति सारांश बताएर | सारांश बताएर | " |
| ९ | गृहकार्य<br>- लेखाइ सीप विकास गर्ने ज्ञान सीप र धारणाको मूल्याङ्कन गर्ने खालका | पाठ्यपुस्तकका अभ्यास तथा क्रियाकलापमा दिने र हेर्ने गरेको | " |

## निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

## अनुसूची ११

### निरन्तर विद्यार्थी मूल्याङ्कनमा अपनाउने गरिएको निरन्तर मूल्याङ्कन विधि

| क्र. | निर्देशिकामा उल्लेख भएका विधि | | विद्यालयले प्रयोग गरेको विधि र पक्ष | |
|---|---|---|---|---|
| सं. | विधि | पक्ष | विधि | पक्ष |
| १ | अवलोकन | ज्ञान, सीप, धारणा, आचरण, सरसफाई, रुचि, आत्मविश्वास, नेतृत्व सहयोग, व्यवहार | अवलोकन | कक्षामा गरिने क्रियाकलापमा विद्यार्थीले देखाउने रुचि, अनुशासन, सरसफाई, सक्रियता, इमान्दारिता हेर्ने गरेको गरिएको छ । |
| २ | कक्षाकार्य र गृहकार्य | प्रश्नोत्तर, छलफल, समुहकार्य, घरमा गर्न दिएका कार्यहरु नियमित रुपमा गर्ने गरेको वा नगरेको | कक्षाकार्य र गृहकार्य | पाठ्यपुस्तकमा दिइएका अभ्यास तथा क्रियाकलाप गर्न लगाउने गरेको, गर्न दिएको कार्य सही भएको वा गलत भएको भनी ध्यानपूर्वक हेरेर आवश्यकता अनुसार पृष्ठपोषण समेत दिने गरेको |
| ३ | परियोजना कार्य | विद्यार्थीहरुको ज्ञान, सीप विकास गर्नका लागि सन्दर्भ मिल्ने गरी दिने विद्यार्थीहरुको क्षमता मापन | परियोजना कार्य | दिने नगरेको पाइयो । |
| ४ | व्यवहार परिवर्तन | विद्यार्थीले सिकेका कुराहरुको धारणा स्थायी रुपमा रहेर आवश्यकता अनुसार भन्न, लेख्न, उपयोग गर्न सक्नु । उनीहरुको क्रियाकलापमा अपेक्षा गरिए अनुसार परिवर्तन आएको वा नआएको | व्यवहार परिवर्तन | हप्तामा २ पटक प्रत्येक व्यक्तिको सरसफाई हेर्ने गरेको, आफ्नो सामान हिफाजत गर्ने गरे नगरेको हेर्ने, अनुशासन हेर्ने गरेएको छ । |
| ५ | सृजनात्मक कार्य | प्रत्यक्ष विद्यार्थीहरुमा कुनै न कुनै क्षमता हुन्छ त्यो क्षमतालाई उपयोग गर्ने अवसर प्रदान गर्नु पर्छ । गायन, वाद्यवादन, नृत्य, | सृजनात्मक कार्य | गायन, नृत्य, कथा, खेलौना, चित्र बनाउन लगाउने गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | गणितीय सीप, कविता, कथा, टुक्का, खेलौना निर्माण कार्य चित्र बनाउने आदि | | |
| ६ | हाजिरी | उपस्थितिका आधारमा दैनिक टिपोट गरेर | हाजिरी | दैनिक टिपोट गर्ने गरिएको छ । |
| ७ | आत्म मूल्याङ्कन | विद्यार्थी स्वयंले मूल्याङ्कन गर्न सक्ने पक्ष | आत्म मूल्याङ्कन | गरिएको छैन । |
| ८ | सहपाठी मूल्याङ्कन | सहपाठी मूल्याङ्कन ढाँचा का आधारमा विद्यार्थी हरुका सिकाइका पक्षमा | सहपाठी मूल्याङ्कन | विद्यार्थीहरुको सहपाठी मूल्याङ्कन गर्ने र सहयोगात्मक सिकाइ गर्ने गरिएको छ । |
| ९ | अभिभावक सम्पर्क | आज्ञाकारिता,सामाजिक सक्रियता, सामाजिक सम्बन्ध | अभिभावक सम्पर्क | पठनपाठन बारेमा सम्पर्क भएको छ । |

## निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

## अनुसूची १२

### निरन्तर विद्यार्थी मूल्याङ्कन नीति कार्यान्वयन गराउदा आइपरेका समस्याहरु

| क.सं. | शैक्षिक स्मारिकामा उल्लेख गरिएका समस्याहरु | सरोकावालाहरुले भोगेका समस्याहरु |
|---|---|---|
| १ | प्राविधिक कमजोरी | |
| | • निरन्तर विद्यार्थी मूल्याङ्कनबारे धारणागत अस्पष्टता<br>• विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने दक्षताको कमी । | • यो मूल्याङ्कनबारे प्रष्ट हुन नसक्नु |
| २ | व्यवस्थापकीय कमिकमजोरी | |
| | • विद्यार्थी अनुपातमा शिक्षक संख्या अपुग<br>• शिक्षकको बढी कार्यबोझ<br>• विद्यार्थीको न्यून उपस्थिति<br>• शिक्षक र अभिभावकबीच सम्पर्क नहुनु<br>• अभिभावकमा चेतनाको कमी | • विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी कम<br>• भौतिक व्यवस्थापन पक्ष कमजोर रहनु<br>• सबै शिक्षकहरुलाई मूल्याङ्कन सीप विकास तालिमको कमी छ ।<br>• अधिकांश शिक्षक तालिम अप्राप्त<br>• शिक्षकहरुमा विषयगत दक्षताको अभाव छ ।<br>• विद्यालयमा स्रोत र साधनको अभाव<br>• विद्यार्थी उपस्थिति न्यून हुनु<br>• एउटै कक्षामा विद्यार्थीका कमी कमजोरी पत्ता लगाएर पृष्ठपोषण दिन अप्ठ्यारो हुनु । |
| ३ | कार्यान्वयनमा प्रभावकारी अनुगमन नहुनु | • शिक्षक स्वयंले शिक्षणमा लापरवाही गर्नु<br>• शिक्षकले परम्परागत शिक्षण विधि परिवर्तन गर्न नचाहनु<br>• अभिभावकहरुले परीक्षाबाट मात्र मूल्याङ्कन भएको राम्रो मान्नु |
| ४ | कार्यान्वयनको प्रतिवद्धता र कार्यक्रममा कमी | • वि.नि. र प्र.अ.ले कक्षाको अनुगमन र मूल्याङ्कन नगर्नु<br>• शिक्षकका समस्या समाधानमा पहल नगर्नु |

## निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

## अनुसूची १३

## समस्या समाधानका उपायहरु

| क्र.सं. | शैक्षिक स्मारिकामा उल्लेख गरिएका समाधानका उपायहरु | सरोकारवालाहरुले दिएका समाधानका उपायहरु |
|---|---|---|
| १ | सशक्त तालिम कार्यक्रम सञ्चालन | |
| | • निरन्तर विद्यार्थी मूल्याङ्कनको सैद्धान्तिक ज्ञान<br>• विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने व्यवहारिक सीप<br>• प्रगति अभिलेख राख्ने सीप<br>• धेरै विद्यार्थी भएको बेला कक्षा व्यवस्थापन गर्ने सीप<br>• अभिभावक सम्पर्क र सम्बन्ध बढाउने सीप | • शैक्षिक सत्रको सुरुमै विद्यालयमा कार्यरत आधारभूत तथा माध्यमिक तहका सम्पूर्ण प्र.अ.हरु, शिक्षकहरुलाई निरन्तर मूल्याङ्कन सम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने<br>• निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी विद्यालयमा अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने<br>• शिक्षकलाई बालकेन्द्रित शिक्षण विधि अपनाउन प्रोत्साहन दिनुपर्ने<br>• स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग गर्नुपर्ने<br>• अभिभावकमा चेतना जगाउनुपर्ने<br>• तल्लो कक्षाबाट आएका विद्यार्थीहरुको कार्यसंचयिका अध्ययन गरी कमजोर विद्यार्थीहरुका लागि सुधारात्मक शिक्षण गर्नुपर्ने<br>• शिक्षकमा दायित्वबोध हुनुपर्ने |
| २ | स्रोत साधनको उपलब्धतामा सुनिश्चितता | • विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी थप हुनुपर्ने<br>• भौतिक व्यवस्थापन पक्ष बलियो बनाउनुपर्ने<br>• शिक्षा विभागले प्रत्येक विद्यालयका लागि प्रयाप्त बजेटको प्रवन्ध गर्नुपर्ने । |
| ३ | सचेतना कार्यक्रम संचालन | • निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्व बारे |

| | | |
|---|---|---|
| | | बोध गराउनका लागि शिक्षक अभिभावक संघका पदाधिकारीहरुका लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने |
| ४ | प्रोत्साहन कार्यक्रम | ● प्रत्येक स्रोतकेन्द्रमा निरन्तर विद्यार्थी मूल्याङ्कन राम्रोसँग गर्ने विद्यालयलाई उत्कृष्ट विद्यालय घोषणा गरिनुपर्ने ।<br>● प्रत्येक उत्कृष्ट विद्यालयहरुबीच प्रतिस्पर्धा गराई जिल्लास्तरको उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कृत गर्नुपर्ने<br>● निरन्तर विद्यार्थी मूल्याङ्कनका प्रक्रियालाई कार्यान्वयन गर्नका लागि शिक्षकहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने । |
| ५ | शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीमा समावेश | ● शिक्षा विभागबाट प्रकाशित गरिने शैक्षिक सूचनामा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गरिएका कक्षा र विद्यार्थी संख्याको पनि सूचना संकलन गर्ने परिपाटी बसाल्नुपर्ने । |
| ६ | ऐन नियम व्यवस्था | ● निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको लागि शिक्षा ऐन तथा नियमावलिमा स्पष्ट रुपमा उल्लेख गरिनुपर्ने । |
| ७ | प्रभावकारी अनुगमन र निरीक्षण | ● नियमित रुपमा विद्यालयको अनुगमन र सुपरिवेक्षण गरिनुपर्ने ।<br>● निरन्तर विद्यार्थी मूल्याङ्कनका बारेमा अनुगमन तथा निरीक्षण व्यवस्थालाई कडाइका साथ लागू गरेर पुरस्कार र दण्डको व्यवस्था गरिनुपर्ने । |
| ८ | नीति निर्माण र कार्यक्रम कार्यान्वयन गराउने पक्ष बीच सहकार्य | |